# यस पुस्तकको संकलन–सम्पादनको प्रेरणा कहिले किन र कसरी ?

पाश्चात्य शिक्षा-दीक्षाको फलस्वरुप जति विजातीय चीजहरु हाम्रो देशभित्र पसेका छन् तिनमध्य नास्तिकता पनि एक हो । अचेलका शिक्षित भनिने व्यक्तिहरुमा हामी यसको बढी प्रभाव परेको पाउँदछौं । ज्यादाजसो मानिसहरु यसै भ्रममा परेर ईश्वर, आत्मा, धर्म कर्मवाद, पुनर्जन्म, देवी-देवता, स्वर्ग-नरकादिका कुराहरुलाई केवल ढोंग र भ्रमोत्पादक देख्दछन् । यस प्रकारको धार्मिक उपेक्षाको छाप यति बढ्दै गइरहेको छ कि धेरैजसो मानिसहरु प्राचीन धर्मग्रन्थहरुको पाठ गर्नु, विद्धानहरुका कुराहरु सुन्नु अथवा उनीहरुसंग यस विषयमा केही सोध्नु त परै रहोस्, आफै पनि यी कुराहरुबारे विचारसम्म पनि गर्न चाहँदैनन् । उनीहरु आफ्नो स्थूल दृष्टिले संसारको जुन स्थूलरुप देख्दछन् केवल त्यसैलाई सत्य मानेर आफ्नो दृढ सिद्धान्त बनाउँदछन् । अझ यसभन्दा पनि डरलाग्दो कुरा त यो छ – उनीहरु येन–केन प्रकारेण आफ्ना धर्मविरोधी अधूरा सिद्धान्तहरुको प्रचार-प्रसारसमेत गर्ने कुचेष्टा गर्दछन्, फलस्वरुप आज यसप्रकारका अनेकौं लेख तथा पुस्तकहरु पाइन्छन् जुनद्धारा साधारण जन-समुदायमा पर्याप्त भ्रम फैलिरहेको छ । मानिसहरु आफ्नो धार्मिक विश्वास गुमाएर साधारण जन-समुदायमा पर्याप्त भ्रम फैलिरहेको छ । मानिसहरु आफ्नो धार्मिक विश्वास गुमाएर दिन-प्रतिदिन बढी अशान्त भइरहेका छन् । यही हो आजको तथाकथित वैचारिक स्वतन्त्रताको स्वरुप तथा परिणाम । यी व्यक्तिहरुलाई ऋषि-मुनिहरुको अनुभव तथा शास्त्रवचनहरुमाथि विश्वास छैन; त्यसै कारण यस संकलनात्मक ग्रन्थमा शास्त्रीय प्रमाणहरु ज्यादा नदिईकन केवल पदार्थविज्ञान तथा मनोविज्ञान शास्त्रसम्मत बुद्धिगम्य युक्तिहरु र ऐतिहासिक प्रमाणहरु तथा जन-साधारणका अनुभवहरुको आधारको नै विचार-प्रणाली अंगालिएको छ । म जनसाधारणसंग यही प्रार्थना गर्दछु उनीहरु पक्षपात तथा दुराग्रह छाडेर सारासारको विचार गरुन् र सत्यलाई ग्रहण गरुन् ।

वर्तमान युवावर्गहरुमध्ये अधिकांश युवक-युवतीहरुका आचरण एवं कर्महरु देखेर दुःखी भएका कैयौं सज्जनहरु आफ्ना शिक्षित सन्तानहरुको जीवन आलस्यपूर्ण, खर्चिलो, अकर्मण्य तथा धर्मशून्य देखेर मर्माहत भई अनेक प्रश्नहरु गर्दछन् । आजभन्दा करीब १८ वर्षअघि हरिद्वारको कुम्भमेलामा मेरा एक निकटतम भक्त-परिवारका सदस्यहरुले आफ्ना उच्च-शिक्षारत पुत्रपुत्रीको सम्बन्धमा बडो दुःखी मनले कैयौं कुराहरु भनेका थिए । त्यसै समयदेखि मेरो मनमा प्रस्तुत संकलनात्मक ग्रन्थ लेख्ने इच्छा बारम्बार जाग्रत् हुन लाग्यो । मैले उक्त भक्त परिवारका सन्तानहरुसंग प्रेमपूर्वक प्रश्न गर्दा उनीहरुले आत्मग्लानिको अनुभव गर्दै मसँग भने–" महाराज ! तपाई नै भन्नुहोस्, हामी के गरौं ? आफ्ना माता-पिताप्रति हाम्रो यथेष्ट श्रद्धा एवं भक्ति हुँदाहुँदै पनि उहाँहरु हामीसँग असन्तुष्ट झैं हुनुहन्छ । हामीले आफ्नो अध्ययनको शुरुआतदेखि नै यसै शिक्षाको अध्ययन गऱ्यौं । हाम्रो मन एवं बुद्धिको स्वरुप त्यसै शिक्षाअनुरुप बन्यो । धार्मिक शिक्षाको विषयमा हामीलाई आफ्ना शिक्षालयहरुमा न केही पढाइयो, न त हामीले नै केही पढ्न सक्यौं । हाम्रा माता-पिता हामीबाट हामीले नपढेका नसिकेका ज्ञानको अपेक्षा गर्दछन्, जसले गर्दा हामी भित्रभित्रै बडो असामञ्जस्यमा पर्दछौं । हामीले अध्ययन गरेको विषयमा कसैले हामीसँग कुनै पनि प्रश्न गर्दछ भने हामी चित्तबुझ्दो गरी त्यस प्रश्नको उत्तर दिन सक्षम छौं, यस कुरामा हामीलाई पूर्ण आत्मविश्वास छ । वास्तवमा हामी धर्मको विषयमा जान्न चाहन्छौं र हामीले केही प्रयत्न पनि गऱ्यौं, तर धर्मका सबै मौलिक ग्रन्थहरु संस्कृतमा छन् जुन हामीलाई पढाइएन । तपाई हाम्रा पूज्य माता–पिताका लागि परम श्रद्धेय भएको नाताले हाम्रो लागि पनि श्रद्धेय हुनुहुन्छ । अब तपाई नै हामीलाई उचित उपदेश दिनुहोस्– हामी के गरौं ! जीवनमा आज पहिलोपल्ट हामीले आफ्नो हृदय तपाईको सम्मुख उदाङ्गो पारेका छौं । अस्तु, त्यसै समयदेखि मेरो मनमा एउटा यस्तो सङ्कलनका लागि प्रेरणा उत्पन्न भयो, जसले संस्कृतका अनभिज्ञ तर धर्मप्रति श्रद्धा एवं जिज्ञासा राख्ने युवावर्गलाई केही प्रकाश मिल्न सकोस् ।

वर्तमान शिक्षासम्बन्धी रोग त हाल यति व्यापक भइसकेको छ कि त्यो निको हुन असम्भव जस्तै देखिन्छ । हुन त गुण र दोष सबै कुरामा हुन्छन्, यस दृष्टिकोणले वर्तमान शिक्षामा केही गुणहरु पनि छन् र तिनबाट

लाभ पनि भइरहेको छ, तर सूक्ष्म दृष्टिले विचार गर्ने हो भने लाभ भन्दा हानिकै मात्रा बढी देखिन्छ । शुरु-शुरुमा त मोहवश, मिथ्या सम्मानको कारणले सोचिएन, परिणामबारे विचार गरिएन र अहिले जब चारैतर्फ यसै शिक्षाद्वारा उत्पादित जनहरुको संख्या बढिसक्यो र शिक्षाको प्रगतिको नाममा यसलाई विस्तार गर्ने विद्यालय-महाविद्यालयहरु पनि बढिसके, दृष्टिकोणको परिवर्तनले लाखौं युवक-युवतीहरु यसै शिक्षालाई परमलाभकारी मानेर सम्मानको दृष्टिले हेर्न लागिसकेपछि अब आएर बल्ल ध्यान दिनाले र विचार गर्नाले केही विशेष लाभ होला भन्ने आशा गर्न सकिंदैन । अब त यस रोगका जराहरु ज्यादै भित्र-भित्रसम्म पुगिसकेका छन् र जबसम्म यसका विषमय कुफलहरुद्वारा हाम्रो समाज जर्जरित भएर निरुपाय भई ईश्वरको शरणमा जाँदैन, तबसम्म यसबाट मुक्त हुनु ज्यादै गा¬ हो छ । विश्व विद्यालयहरुका दीक्षान्त-भाषणहरुमा यस वर्तमान शिक्षा-पद्धतिलाई बेकारी बढाउने, ईश्वर र धर्ममाथि अविश्वास जगाउने, आमा-बाबु तथा गुरुजनप्रति अश्रद्धा उब्जाउने, प्राचीनताप्रति द्वेष बढाउने तथा घरेलु कला-कौशलका कार्यहरु गर्नमा लज्जा एवं सरलताको अभाव इत्यादि दोषहरु उत्पन्न गर्ने भनेर भन्न त भनिन्छ, तर लाभ केही पनि हुँदैन । यसको कारण पनि प्रत्यक्ष छ– परिणाम अनुसार उनीहरु यसका दोषहरु बयान त गर्दछन्, तथापि देष्टिकोण अपरिवर्तित रहेको हुनाले जति विचार गरे पनि तिनलाई यसमा लाभ नै देखा पर्दछ तथा अनेकौं कारणहरुले गर्दा यसको आवश्यकता पनि अनुभव हुन्छ, अतः कुनै क्रियात्मक सुधार हुन पाउँदैन । जसले आफ्नो दृष्टिकोणमा यस अवस्थालाई परमलाभकारी भन्दछ, उसलाई पनि दोष दिन सकिन्न, किनकि उसको दृष्टिले त्यस्तै देख्दछ ।

जुन धर्म तथा ईश्वरलाई हामीले आफ्नो समाजरुपी शरीरको मेरुदण्ड सम्झेका थियौं आज त्यसै धर्मैको आवश्यकता एवम् ईश्वरको अस्तित्वलाई आफ्नो शिक्षित समुदायसामु स्वीकार गर्नमा हाम्रा शिक्षित युवावर्गलाई संकोच एवं लाजको अनुभव हुन्छ, मानौं उनी कुनै मूर्खतापूर्ण कुसंस्कारको समर्थन गरेर आफ्नो विद्वतामाथि कलंक लगाइरहेका छन् अथवा कुनै जघन्य अपराध गरिरहेका छन् । कामोपभोग नै आज हाम्रो जीवनको चरम लक्ष्य बनेको छ । कामपरायण भएर आज हामी अदूरदर्शी शिक्षाभिमानी भई आपातरमणीय इन्द्रियसुखलाई नै परम सुख मानेर अग्निशिखामा भस्म हुनको लागि अनजान भएर उड्न लागेका छौं । यसमा समयको प्रभाव त निश्चय नै एक कारण हो, तर यसको जगमा रहेको एउटा ठूलो अभिशाप हो हाम्रो यो धर्महीन वर्तमान शिक्षापद्धति । यस शिक्षालाई एक यस्तो संस्कृतिको प्रेरणा प्राप्त छ जसले हाम्रा आँखालाई तिरमिराइदिएको छ, त्यसैले हामी यस माया-मरीतिकामा फसेर त्यसलाई अँगाल्नका लागि जोडले दौडिरहेका छौं तथा यसैबाट आज हामी आफ्ना सरल-हृदय बालबालिकाहरुको हृदयमा कामोपभोगमय सम्भयताको भीषण विषपान गराएर तिनलाई ध्वंसको मार्गतर्फ धकेलिरहेका छौं र यसैमा तिनको र आफ्नो कल्याण मानिरहेका छौं । जुन देशहरुको यो सभ्यता छ, उनीहरु आज वाक्क भएर यसबाट मुक्त हुने बाटो खोजिरहेका छन् तथा हाम्रो संस्कतितर्फ आशामय दृष्टिले हेरिरहेका छन् । तर हामी अभागीहरु त्यसैलाई अँगाल्नका लागि आँखा चिम्लेर दौडिरहेका छौं । ईश्वरले हाम्रो बुद्धिमाथि रहेको विभ्रमको यो पर्दा कहिले पन्छाउलान् ?

यस लेखमा मेरो अभिप्राय यो कदापि होइन कि म पाश्चात्यशिक्षा प्राप्त पुरुष तथा स्त्रीलाई मात्र उपर्युक्त दोषले युक्त ठान्दछु । मलाई यस्ता कैयौं पुरुषरत्न एवं सम्माननीय नर-नारीहरुसँग परिचय गर्ने सौभाग्य मिलेको छ जो यस शिक्षामा धेरै माथि पुगेका भए तापनि सबै दृष्टिकोणले आदर्श छन् र महत्वपूर्ण जिम्मेवारीहरु पूरा गर्दै तपस्वी जीवन बिताइरहेका छन् । यस्ता कैयौं आमा तथा दिदी-बहिनीहरुलाई म चिन्दछु जो पाश्चात्य शिक्षा प्राप्त गरेर पनि परम् सती-साध्वी छन् र ईश्वर, धर्म तथा सदाचारप्रति परम श्रद्धा राख्दछन् । परिचय त वास्तवमा थोरैसँग मात्र हुन्छ । मैले नचिनेका पाश्चात्य शिक्षा प्राप्त पुरुषहरुमध्ये अनेकौं यस्ता शुद्ध संस्कारी महानुभावहरु तथा अनेकौं पवित्रहृदया दिदी-बहिनीहरु होलान्, जसको समुचित आदर मैले गर्नुपर्दछ; तर मेरो विचारमा तीमध्ये अधिकांश उनै छन् जो ज्यादा उमेर पुगेका छन् अथवा जो सौभाग्यवश घरको वा सत्सङ्गको शुद्ध वातावरणमा रहन्छन् र आफ्ना मातापिताको शुद्ध आदर्शलाई केटाकेटीदेखि नै देखिआएका छन् । तरुण एवं वयस्क आजका छात्र-छात्राहरुमा त यस्ता पुरुष तथा नारीको संख्या क्रमशः घट्दै नै गइरहेको छ । यो कुरा त सबैले स्वीकार गर्नै पर्दछ तथा प्रत्यक्ष प्रमाणहरु पनि यही कुरा देखाइरहेका छन् ।

धार्मिक भावको उपेक्षा नै हाम्रो अनुशासनहीनता तथा नैतिकस्तरको ह्रासको प्रमुख कारण हो । आज चाहे जे-जस्तो अवस्था होस्, तर अनादिकालदेखि नै हिन्दू राष्ट्र सधैं धर्ममूलक राज्य रही आएको छ । आज समयको प्रभावले गर्दा वा पाश्चात्य सभ्यताको विषालु संसर्गले गर्दा मानिसहरु चाहे धर्मलाई केवल व्यक्तिगत विचार सम्झून् अथवा केवल मन्दिर, मस्जिद र गिर्जाघरको सीमित क्षेत्रको कुरा सम्झून्, तर हाम्रो राष्ट्र मा त अतिप्राचीन कालदेखि नै धर्मको विषय जीवनका सम्पूर्ण क्षेत्रहरुमा यति व्यापक रुपमा फैलिएर रहेको छ जसरी शरीरमा रगत । जसरी रक्तहीन शरीरको कल्पना पनि गर्न सकिन्न, त्यसरी नै धर्मनिरपेष राष्ट्र को पनि कल्पना गर्न सकिदैन । अनुवादको अधूरो प्रणालीले गदौ आज यस शब्दले युवावर्गमा आफ्नो विष बडो भद्दा किसिमले फिंजाइदिएको छ, जसले अुनशासनहीनता तथा अनैतिकतालाई प्रोत्साहन दियो र दिइरहेको छ । अंग्रेजी अनुवादले हाम्रो भाषाका शब्दहरुका भावलाई पूर्णरुपले अभिव्यक्त गर्न सक्तैन र कहिलेकाहीँ त यसले एकदमै भिन्न प्रकारको भाव पनि अभिव्यक्त गरिदिन्छ, जो अनर्थको कारण बन्न सक्तछ । धर्म-निरपेक्ष यस्तै एक शब्द हो । यसले वास्तविक अर्थ हो–' सबै धर्महरुलाई समान आदर र आफ्नो धर्मप्रति दृढ आस्था एवम् अगाध-श्रद्धा' तथा भ्रामक अर्थ छ–' कुनै पनि धर्मलाई नमान्नु' । दुर्भाग्यवश आजका युवापिंढी ज्यादाजसो यसै भ्रामक अर्थको अनुयायी बन्दै गइरहेको छ जसको फलस्वरुप अनुशासनहीनता र अनैतिकतापूर्ण वातावरणको सृजना हुँदै गइरहेको छ ।

प्राचीनकालमा जीवनका सम्पूर्ण क्षेत्रहरु चाहे त्यो सामाजिक होस् वा राजनीतिक, व्यक्तिक होस् वा सामूहिक, अक्षुण्ण धर्म-भावनाले ओतप्रोत हुने गर्दथे । एक सामान्य नागरिकदेखि सम्राटसम्मको सम्पूर्ण कार्य तथा क्रियाकलापमा धर्मको नियन्त्रण थियो र उनीहरुले जेसुकै गरे पनि त्यसको गणना पाप र पुण्य यिनै दुई श्रेणीमा हुन्थ्यो । वास्तविक कुरा त यो हो– हिन्दु-धर्मको प्राचीन इतिहासमा हामी सम्पूर्ण कुराहरुको केवल एक मात्र क्षेत्र पाउँदछौं, त्यो हो धर्मको क्षेत्र । राजनीति, समाजवाद, व्यापार-व्यवसाय, युद्धविद्या, संगीत, नृत्य, चित्रकलादि, शिक्षा, सदाचार, परम्परा आदि सम्पूर्ण विद्याहरु तथा मानवोचित गुण त्यसै धर्मलाई पुष्ट पार्ने उद्देश्यले विकसित भएका थिए । एक साधारण कुरा नै लिऊँ– राष्ट्र को योग्य नागरिक बन्नका लागि जेजे गुणहरुको आवश्यकता हुन्थ्यो, वेदादिशास्त्रहरुमा ती सबै धर्मका अनिवार्य, अंग घोषित गरिएका छन् । सत्य भाषण, आवश्यकतानुसार अरुलाई मद्दत गर्नु, मातृमूमिप्रति प्रेम, सद्व्यवहार, सदाचार पालन आदि सबै गुणहरु, जसका लागि आज कानूनी व्यवस्था, गर्नु परिरहेको छ कुनै बेला धर्मका अंग थिए र मानिसहरु तिनलाई यसै विश्वाससाथ पालन गर्दथे कि उनीहरु धर्मार्जनद्वारा पुण्यभागी बनिरहेका छन् ।

धार्मिक भावको उपेक्षा हुनाले धर्ममा आश्रित नैतिक स्तर मात्र तल झरेन, अपितु शासन-तन्त्रका लागिसमेत राजनीतिक शिरोवेदना (Political Headache) उत्पन्न भएको छ । जनतामा धर्मनिरपेक्ष रुचिको वृद्धिले धर्म-अधर्म, पाप, पुण्यको प्रति विकृत एवं ढोंगी बुद्धि उत्पन्न हुनाले चोरी, ठगी, व्यभिचार, हत्या आदि अपराधहरुमा अवाञ्छित वृद्धि भइरहेको छ । बितेका केही वर्षको तथ्याङ्कबाट स्पष्टसँग यही परिणाम देखिन्छ– अनेकौं प्रकारका वादहरुका चक्करमा फसेर हामीले (संसारले) केही पनि ठोस उपलब्धि हासिल गर्न सकेनौं, तर धेरै कुराहरु भने निश्चय नै गुमायौं । अघिअघि कुनै पनि काम गर्दा मानिसको हृदयमा यो भावना उब्जन्थ्यो– ' आहो ! यो त पाप हो ।' तर आज यो भावना सर्वथा लुप्त हुँदै गइरहेको छ । धर्म अधर्मलाई त देखावटीपना बनाइदिए, डोंग बनाइदिए, अब मनुष्यलाई खराबीबाट जोगाउने को ? कानून ? त्यही लचकदार कानून, जो वकील महानुभावहरुको वाक्पटुतामा फसेर केही समयसम्म छटपटाएर शान्त हुन्छ ? के कानून भन्ने कुरा हरबखत अपराधी सँगसँगै हिड्दछ ? आज प्रायः जहाँतहीं बजारमा मिसावटयुक्त खाद्य सामग्रीहरुको बिक्री भइरहेको छ । प्रत्येक वस्तु, खाद्य सामग्री मात्र हैन औषधिहरुसम्म पनि मिसावटयुक्त नै पाइन्छन् । किन यस कानूनले ती नरपिशाचहरुको हात समातेर भन्न सक्तैन–' खबरदार ! तिम्रो यो अशुद्ध र सत्वहीन वस्तुहरु खुवाई-खुवाई हाम्रा नागिरकहरुको आयु र स्वास्थ्य बरवाद पारिरहेका छौं । तर केवल कानूनमात्रमा यो शक्ति छैन । आजको यस कानूनको त विचित्र चाला छ जो सोझो-सोझा र निमुखा मानिस त्यसको हातमा पर्दछ ऊ त अकालैमा मर्दछ, तर जो चलाक हुन्छ, समर्थ र सम्पन्न हुन्छ तथा कानूनरुपी अस्त्रलाई चाँदीको झन् चम्किलो अस्त्रले परास्त गर्ने क्षमता राख्दछ, उसलाई कानूनसँग केको डर र केको त्रास ?'

यी दुष्प्रवृत्तिहरुलाई रोक्न सक्ने शक्ति धर्ममा नै थियो, जसमा आज हामी निरपेक्ष हुँदै गइरहेका छौं । त्यस धर्ममा नै एकान्त तथा शून्यमा सबैको आँखा छलेर कुभलो गर्न खोज्ने मानिसको हात समातेर यो भन्न सक्ने शक्ति थियो– ' ए मूर्ख ! किन यसरी लुकेर पापी प्रवृत्तिमा लाग्दै छस् ? यो कुरा नबिर्सौ कि धर्मराजको दरबारमा एक दिन तैँले यस कुराको उत्तर दिनु पर्नेछ । यो नसोच् कि तँलाई कसैले देखेको छैन ।' सदा स्मरण राख् कि–

**द्यौर्भूमिरापो हृदयं चन्द्रार्काग्निर्यमानिला ।**
**रात्रिः सन्ध्येच धर्मश्च वृत्तज्ञाः सर्वदेहिनाम् ॥**

अर्थात् द्युलोक, पृथ्वी, जल, अग्नि हृदयमा बसिरहेको भगवान्को प्रतिनिधि आत्मा, सूर्य, चन्द्र, यम, वायु, रात्रि तथा दुबै सन्ध्याहरुको दैवी शक्तिहरु पनि मानिसहरुले लुकी-लुकी गरेका सम्पूर्ण कार्यहरु अवश्य देख्दछन् । यस प्रकारको भावनाको उदयबाट मानिस ज्यादाजसो पापमार्गबाट पर हुन्थ्यो । प्रत्येक धर्ममा यस्ता अनेकौं घटनाहरुको उल्लेख भएको पाइन्छ कि यस भावनाले मानिसहरुलाई सन्मार्गमा लगायो । कानून यस भावनाको एक उत्तम साधन अवश्य हुन सक्तछ । आफ्नो छल, बल एवं कौशलले यहाँको अदालतलाई छलेर उम्के पनि सर्वव्यापी ईश्वरको त्यस बृहत् अदालतबाट कसरी उम्कलान् ? यही अटल एवं मानिसको हृदयमा बलियो जरा गाडेको धारणाले नै आजसम्म मनुष्यलाई कुपथमा लाग्नबाट जोगाई आएको छ । हिन्दु राजाहरुमध्ये सूर्यवंशी तथा चन्द्रवंशी राजाहरु ज्यादै प्रसिद्ध भएका छन् । आज संसारका सबै राष्ट्र हरुमा चोरी, झूठ, व्यभिचार, हत्या, छलकपट आदिको बोलवाला छ, र सरकार जति-जति नयाँ कानूनहरु बनाएर यी खराबीहरुमाथि रोक लगाउन खोज्दछ यी खराबीहरु त्यति त्यति नै बढ्दै गइरहेका छन् । संसारको इतिहासमा यस्ता शासकहरुको उदाहरण बिरलै पाइन्छ जसले यी लोकविघाटक दुष्प्रवृत्तिहरुलाई नै जरैदेखि उखेलेर फ्याँकेका छन् । महाराज अश्वपति यस्तै विरलै राजाहरुमध्ये एक थिए । छान्दोग्योपनिषद्मा ती न्याय-परायण तथा प्रजापालक राजाको यो सात्विक गर्वोक्ति पाइन्छ–

**न मेस्तेनी जनपदे न कदर्यो न मद्यपः ।**
**नाऽनाहिताग्निर्नाऽविद्वान् न स्वैरी स्वैरिणी कुतः ॥**

अर्थात्, मेरो राज्यमा न कोही चोर छ, न जुवाडे-जँड्याहा आदि छन् । यस्तो कुनै व्यक्ति छैन जो प्रातः साँझ यज्ञ गर्दैन । कोही अशिक्षित छैन, तथा जब कुनै पुरुष पनि व्यभिचारी छैन भने व्यभिचारिणी नारी कहाँ हुनु ? विश्वकै इतिहासमा खोज, विश्वासपूर्ण यति व्यापक कुरा भन्न सक्ने राजा हिन्दू-देशको अतिरिक्त अन्य कहाँ पाउनेछैनौ । के तिमीलाई आफ्नो पुर्खाको उज्जवल कीर्तिमा गर्व हुँदैन ? यदि हुन्छ भने अर्काको अन्धाधुन्ध अनुकरण गर्ने यो बानी किन ? आफै विचार गर ।

अब प्रश्न उठ्छ– धर्म र ईश्वरलाई किन मान्नुपर्दछ ? भोजन किन गर्नुपर्दछ ? पानी किन खानुपर्दछ ? सास फेर्न किन आवश्यक छ ? किन सुत्नुपर्दछस ? यी प्रश्नहरुका उत्तर यिनै हुने छन्– भोकको कष्टले भोजना गर्न विवश पार्दछ । प्यासले पानी पिउन विवश बनाउँदछ । जीवन सास फेर्न विवश गर्दछ । थकाइले सुत्न आवश्यक बनाउँदछ । त्यस्तै संसारमा कष्ट र दुःखको अनुभव एवं कष्ट र दुःखको उपस्थिति ईश्वर तथा धर्म–(व्यवस्था)-लाई स्वीकार गर्न तथा अंगीकार गर्न आवश्यक बनाउँदछ । यदि संसारमा दुःख नभएको भए अथवा संसारमा दुःखको निराकरण भएको भए यस प्रश्नको उपेक्षा निश्चय नै गरिन्थ्यो होला, तर आज कुनै दार्शनिक महात्मा वा वैज्ञानिकले हामीलाई यो बताउन सकेको छैन– संसारबाट कष्ट दूर गर्ने स्थायी उपाय के हो ?

यस कुरामा शङ्का छैन– विज्ञानले दुःख कष्ट कम गर्ने धेरै उपायहरु बतायो, त्यसको साथसाथै शुद्ध भावले निकै हदसम्म यस दुःखको निदान गर्ने प्रयत्न गर्‍यो जसका लागि हाम्रो हृदयमा असीम कृतज्ञता छ; तर अपशोच ! यति गरेर पनि संसारबाट दुःख घटेन । बाह्य उन्नतिबाट हार्दिक उन्नति प्राप्त हुन सकेन ।

विज्ञानले सुखका अनेकौं साधनहरु बनायो जसबाट मनुष्यलाई धेरै आराम मिल्यो, बाहिरी दुःख निश्चय नै कम भयो, तर यी कुराहरुबाट हार्दिक शान्ति किन प्राप्त हुन सकेन ? सकल-सुखसाधन-सम्पन्न व्यक्तिहरु पनि दुःखी नै छन् र उनीहरु प्रश्न गर्दछन्- शान्ति कहाँ छ ?

आफ्ना समयका नास्तिकताका प्रबल समर्थक श्री डेविड ह्युम (David Huime)– ले आफ्नो सुप्रसिद्ध पुस्तक Treaties of Human Nature मा राम्रोसित स्वीकार गरेका छन्–

The intenseview of these manifold contradictions and imperfections in human reason has so wrought upon me and heated my brain that I am ready to reject all belief and reasoning, and can look upon no opinion as more probable or likely than another. Where am I or what ? From what causes do I derive my existence, and to what condition shall I return ? Whose favour shall I covet ? And whose anger must I dread ? What beings surround me > And on whom have I any influence or who has any influence on me ? I am confounded with all these questions, and begin to fancy myself in the must deplorable condition imaginable environed with the deepest, darkness, and utterly deprived of the use of every member and faculty.

अर्थात् मनुष्यका युक्तिहरुको अपूर्णता तथा तिनमा विद्यमान अनेकौं विरोधी जटिलताहरु देखेर म यति प्रभावित भएको छु तथा मेरो मस्तिष्क यसले यति अस्त-व्यस्त गरिदिएको छ कि सबै प्रकारका विश्वास एवं युक्तिहरुलाई स्वीकार नगर्न म तयार छु र कुनै पनि विचारलाई अर्कोभन्दा ज्यादा सम्भव एवं समर्थनयोग्य मान्न सक्तिनँ । ' म कहाँ छु र के हुँ ? मेरो जीवन कुन स्रोतद्वारा प्रवाहित हुन्छ र यो कहाँ जान्छ ? म कसको कृपाप्रति लालयित छु र कसको रिससँग डराउँछु ? मेरो चारैतिर यो के छ ? मैले कसलाई प्रभावित पारेको छु र म केद्वारा प्रभावित छु' – मेरो चारैतर्फ यी प्रश्नहरु खडा हुन्छन् र म ज्यादै नैराश्यपूर्ण अवस्थामा ( विचारमा) पर्दछु । मेरो चारैतर्फ घोर अन्धकार व्याप्त छ, तथा मेरो मानसिक शक्ति एवं सम्पूर्ण अङ्ग अकर्मण्य हुन्छन् ।

अर्थात् मनुष्यका युक्तिहरुको अपूर्णता तथा तिनमा विद्यमान अनेकौं विरोधी जटिलताहरु देखेर म यति प्रभावित भएको छु तथा मेरो मस्तिष्क यसले यति अस्त-व्यस्त गरिदिएको छ कि सबै प्रकारका विश्वास एवं युक्तिहरुलाई स्वीकार नगर्न म तयार छु र कुनै पनि विचारलाई अर्को भन्दा ज्यादा सम्भव एवं समर्थनयोग्य मान्न सक्तिनँ । ' म कहाँ छु र मे हुँ ? मेरो जीवन कुन स्रोतद्वारा प्रवाहित हुन्छ र यो कहाँ जान्छ ? म कसको कृपाप्रति लालयित छु र केद्वारा प्रभावित छु' – मेरो चारैतर्फ यी प्रश्नहरु खडा हुन्छन् र म ज्यादै नैराश्यपूर्ण अवस्थामा (विचारमा) पर्दछु । मेरो चारैतर्फ घोर अन्धकार व्याप्त छ, तथा मेरो मानसिक शक्ति एवं सम्पूर्ण अङ्ग अकर्मण्य हुन्छन् ।

नास्तिकतामा निराशा एवम् अन्धकार बाहेक अरु मिल्दछ पनि के र ? तब मे तिमी यस नैराश्यपूर्ण अन्धकारमा प्रसन्न रहन सक्तछौं ? अहँ । के तिमी सुखको खोज र इच्छाहरुलाई छाड्न सक्तछौ ? अहँ, अब, संसारमा सुख छैन र सुखको खोजी छाड्न सकिन्न भने के गर्ने ? यसको उत्तर यही नै हुन आउँदछ– या त त्यो मृग जस्तो हुनुपर्‍यो जो प्यासले व्याकुल भई मरुभूमिमा माया मरीचिकाको पछि-पछि दौडन्छ, तर उसले त्यहाँ कहीं पानी पाउँदैन र छटपटाएर प्राण त्याग गर्दछ, अथवा कसैसँग सोधेर जलको खोली गर्नुपर्‍यो जलाशयको पत्ता लगाउनुपर्‍यो । त्यसैले ' सुख कसरी पाइन्छ ?' को उत्तर यही कुनै हुन आउँदछ– ईश्वरलाई चिन । ईश्वर नै हाम्रो त्यस आवश्यकताका पूर्ति हुन् ।

वस्तुतः ईश्वरको सत्ताले युक्तिहरुको अपेक्षा राख्दैन, अपितु युक्तिहरु नै आफ्नो अस्तित्वको लागि ईश्वरको अपेक्षा राख्दछन् । युक्तिहरु मानव-मस्तिष्कका उपज हुन् । मस्तिष्कको सम्बन्ध शरीरसँग छ । शरीर संसारसँग र संसार ईश्वरसँग सम्बद्ध छ । ईश्वर नभएका भए संसार पनि हुने थिएन, शरीर पनि हुने थिएन,

न त मस्तिष्क नै हुने थियो र मस्तिष्क नभई युक्तिको सृजना कहाँबाट हुने ? अतः ईश्वरको सत्ता युक्तिहरुको अधीनमा छैन, अपितु यी सब कुराहरु उसको सत्ताको अधीनमा छन् । उनी संसारका प्रत्येक परमाणुमा बसेर ' मर्छु, मर्छु' भनिरहेका छन्, तर हामी हामी ' नाम-रुप' हेर्दै उनलाई बिर्सन्छौं । यदि तिमी सिनेमाघरको पर्दामा चित्रहरु आओस् भन्ने चाहन्छौ भने सबै झ्यालढोकाहरु बन्द गर । जब बाहिरी प्रकाश रोकिन्छ, तब चित्र प्रष्ट देखिन्छ । त्यसै प्रकार जब इन्द्रियहरुले बाहिरी प्रकाश अर्थात् इच्छाहरुलाई मनमा उतार्न छाड्छन्, तब ईश्वरको सत्ताको प्रमाण पाइन्छ । त्यसलाई प्राप्त गर्ने प्रवल इच्छा हुनुपर्दछ ।

सर्वप्रथम हृदयलाई पवित्र पार । हृदयको पवित्रता के कुरा हो ? नम्रता (विनय), प्रेम, विश्वास, प्रार्थना, सहनशीलता, आत्मसमर्पण । यी कुराहरुलाई प्रथम नियमरुप स्वीकार गर्नाले, चाहे अन्धविश्वासपूर्वक नै किन नहोस्, हृदय शुद्ध हुन थाल्छ । यसपछि त्यो सत्ता स्वयं नै आफ नो प्रभाव एवम् आफूप्रतिको विश्वास बढाउन थाल्दछ–
अस्तित्वेवोपलब्धस्य तत्वभावः प्रसीदति । ' उनी छन्' – यसमा दृढ विश्वास राख ।

सम्पूर्ण देश तथा समयमा मनुष्यहरुले परमात्माको सत्तालाई स्वीकार गरेका छन् । ऋषिमुनि एवं साधु महात्माहरुले माथि-तल, बाहिर-भित्र सर्वत्र उनको सत्ताको दर्शन गरेका छन् । मानवबुद्धिको यथासम्भव उपयोग गर्ने दार्शनिक, तार्किक तथा वेदान्तज्ञाताहरुले उनको अस्तित्व प्रमाणित गरेका छन् । योगीहरुले त्यस अन्तर्ज्योतिको अनुभव गरेका छन् । जसको प्रकाशमा उनै प्रिय ईश्वरको अजर सौन्दर्य प्रकट हुन्छ । कविहरुले त्यस सौन्दर्यलाई राम्रा-राम्रा छन्दहरु एवं सुन्दर गद्यपदहरुमा वर्णन गरेका छन् । अज्ञेयवाद तथा नास्तिकहरुको व्यर्थका तर्कवितर्कभन्दा यी घटनाहरुको प्रमाण निकै बलवर्धक छन्, तर यी सब कुराहरु बाहेर हाम्रो आफ नै अन्तस्तल भागको जुन पुकार छ, ईश्वरको अस्तित्वको लागि त्यसभन्दा बलियो अरु के प्रमाण हुन सक्तछ ? हाम्रो बुद्धि-विवेकले नै हामीलाई यी कुरा भन्दछ- नियमबद्ध रुपले यस संसारलाई चलाउने नियमहरुको निर्माता कोही न कोही अवश्य छ; कुनै यस्तो चेतशील समष्टि मन छ जसले मनिसहरुको पाप तथा पुण्यका सबै काम-कारवाहीहरुलाई प्रष्ट जान्दछ तथा कर्मअनुसारको फल प्रत्येकलाई समय-समयमा प्रदान गर्दछ । प्रकृति जड र मनुष्य स्वार्थी छ, अतः यी दुवैभन्दा माथि कुनै प्रभु छन् जो न जड छन् स्वार्थी, अपितु उनी अनन्त शक्ति-ज्ञानका स्रोत र प्रेमका स्वरुप छन् हाम्रो हृदय हामीलाई तर्कशास्त्रको कुनै प्रकृतिको बलले नभ्याउने जोडले, हाम्रो मन्दबुद्धि तथा शङ्कालु विवेकपछाडि नै छाड्ने वेगले तथा गणितका विकट समस्याका समाधानहरु तथा बाटैमा अल्मलिरहने हाम्रा बुद्धिका उपायहरु जहाँको त्यहीँ नै रहने गरी प्रत्यक्ष रुपले यही नै सिद्ध गर्दछ- यदि तिम्रो कोई प्रियतम नभएको भए र यदि उसले तिमीलाई बोलाई नरहेको भए तिम्रो मनमा प्रेमको प्रकाश कहिल्यै प्रज्वलित हुन सक्ने थिएन । यस्तो प्रेमको भाव उत्पन्न भएपछि कवि टेनिसन (Tennyson) ले आफ नो (Two voices) नामक कवितामा प्रश्न गरेका छन्-

**Who forget that other influence,**
**The heat of inward evidence,**
**By which the doubts against the Sense ?**

अर्थात्- यो दोस्रो प्रभाव कसले उत्पन्न गऱ्यो ? अन्तःसाक्षीको यो ताप कहाँबाट आयो जसको कारणले गर्दा इन्द्रियहरुको साक्षीमाथि पनि विश्वास बाँकी रहेन ?

प्रत्येक मानिसभित्र एक सहज ज्ञानस्फूर्तिको शक्ति हुन्छ, जो अकस्मात् सूर्यको प्रकाशले जस्तै हाम्रो हृदयकाशलाई प्रकाशित पार्दछ तथा भगवान्को मुखमण्डलको सौन्दर्य र उनको प्रममधुर मुस्कानको मोहक छवि देखाउँदछ । आत्मज्ञानको कुराको लागि प्रमाणको के आवश्यकता छ ? यसको लागि प्रमाण हुनै के सक्तछ र ? चिनीकोस्वाद जिब्रोमात्रले अनुभव गर्न सक्तछ, के यसको कारण बताउनेका लागि पनि कुनै वैज्ञानिकको आवश्यकता पर्दछ ? अनि, वैज्ञानिक के वास्तविक कारण भन्न सक्तछ ? ऊ एक वैज्ञानिकको

हैसियतले त केवल यो भन्न सक्तछ- चिनीमा गुलियोपनाको कुनै तत्व छ र कुनै ज्ञानेन्द्रियको अग्र भागमा त्यसलाई ग्रहण गर्ने क्षमता छ, तर यति भन्न केवल शुष्क पाण्डित्य तथा घमण्डी ज्ञान दर्शाउनु मात्र हो । जुन व्यक्तिलाई ईश्वरको सत्ताप्रति विश्वास छैन, त्यही नै संसारको सबैभन्दा ठूलो अभागी हो, किनभने जीवनको जुन वास्तविक प्रयोजन उपभोग र महत्व छ उसले त्यसलाई नै गुमाएको छ । पशुहरुमा बुद्धि तथा सहजज्ञान-स्फूर्ति हुँदैन, त्यसैले ऊ ईश्वरलाई चिन्न सक्तैन, तर बुद्धि तथा सहजज्ञान-स्फूर्ति हुँदा हुँदै पनि जो मनिष्य ईश्वरीय विश्वासदेखि पर रहन्छ, ऊ वास्तवमा आफ्नो ठूलो हानि गर्दछ । श्रुतिमा भनिएको छ -

**इह चेदवेदीदथ सत्यमस्ति**
**न चेदिहावेदीन्महतो विनष्टिः ।**
**भूतेषु भूतेषु विचित्य धीरचः**
**प्रेत्यास्माल्लोकादमृता भवन्ति ॥**

अर्थात्- यसै जन्मा ब्रह्मलाई चिन्न सकिए त ठीक छ, तर उसलाई यस जन्ममा चिन्न सकिएन भने त ठूलो हानि छ । बुद्धिमान् मानिसहरु यसलाई समस्त प्राणिमात्रमा उपलब्ध गरी यस लोकबाट गएर असर हुन्छन् ।

विज्ञानले यस विश्वको अद्भुत रचनाक्रमको विवेचना गरेर वास्तवमा धर्मको ठूलो सेवा गऱ्यो । विज्ञानले यो कुरा सिद्ध गरेको छ- विश्व परमाणुहरुद्वारा बनेको छ, प्रत्येक परमाणु (Atom) धनात्मक (Positive) र ऋणात्मक (Negative) विद्युच्छशक्तिको मिश्रण हो र यो एक-एक सौर मण्डलको समान छ, जसमा अतिसूक्ष्म विद्युत्परमाणु (Electrons) आफ्ना अत्यन्त सूक्ष्म अन्तरङ्ग परमाणुहरु (Protons)– को चारैतिर अति वेगले घुमिरहेको छ । यसप्रकार यो जड संसार गतिमय छ र यो गति विद्युद्धिकिरण (Radiation) हो । बस, विज्ञानको विश्लेषण यहींसम्म पुगेर रोकिन्छ तथा विज्ञान यो बताउन असमर्थ छ- यो विद्युद्धिकिरण के हो ? गतिको यो गतिशीलता कहाँबाट आयो ? र संसारको जुन नियमबद्धता देखिन्छ त्यो कहाँबाट आयो ? यो विश्वका सबै अंशहरुको आश्रय कसरी सिद्ध भयो ? सर्वत्र सौन्दर्यको यो आश्यर्चजनक परिवर्तन कसरी भइरहेको छ ? तथा, यसभन्दा पनि ज्यादा आश्चर्यजनक कुरा, यो जीवन कसरी सुघटित भएको छ ? विज्ञान यी प्रश्नहरुको सामु मौन छ । यो विश्वको रहस्य त्यति नै आश्चर्यजनक छ, जति यसको सौन्दर्य छ । जीवनभन्दा पनि ज्यादा रहस्यमय एवम् आश्चर्यमय मन छ । यदि यस जड विश्वभित्र मन नभएको भए यसले आफूलाई कसरी व्यक्त गर्ने थियो ?

वाल्मीकि, व्यास तथा कालिदास या शेक्सपियर, मिल्टन र गेटे केवल विद्युच्छक्ति या केवल प्राणतत्वबाट नै कसरी उत्पन्न हुन सक्ने थिए । मनभन्दा पनि आश्यर्चजनक वस्तु हो - प्रेम । यो प्रेम कहाँबाट उर्लन्छ, जो प्रेमास्पदलाई सुखी, सुरक्षित एवं निर्मुक्त गर्नका लागि आत्मासर्ग गर्नमा दिव्य आनन्दको अनुभव गर्दछ । यसभन्दा पनि ज्यादा आश्चर्यजनक कुनै आदर्शको लागि प्रेमावेश हो, हृदयको त्यो उफ्राइ हो जो रत्नजडित राजमुकुटभन्दा काँडाको आसनलाई बढी मूल्यवान् ठान्दछन् र सबैभन्दा आश्चर्यजनक छ सनासन सौन्दर्य तथा प्रेममाथि प्रेमयोगीको आत्मोसर्ग । यो संसार यिनको दृष्टिमा- प्रेममय, प्रेमी र प्रेमास्पद छ । के यी सबै कुराहरुबाट यो स्पष्ट हुँदैन कि अनन्त-असीम नै यस सान्त-ससीममा मिलेको छ । यद्यपि हामी त्यसलाई तबसम्म देख्न सक्तैनौं, जबसम्म हामी यस जन्म-मरणको चक्रमा बाँधिएका हुन्छौं । हाम्रो चारैतिरका वायुमण्डलमा सङ्गीत गुञ्जायमान भइरहेको छ, यसलाई रेडियोले नै उत्पन्न गरेको होइन । हो, यो सुन्न र बुझ्नका लागि आवश्यकता छ सूक्ष्म चेतनाको, तर यो चेतना पनि उनैको कृपाले प्राप्त हुन्छ । भगवान्ले पनि गीतामा भन्नुभएको छ- दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम् ।

मेरो यो विश्वास छ- जसरी भगवान् बुद्धि एवं वाणीद्वारा पर रहेर पनि विशुद्ध बुद्धि एवं वाणीमा आउन सक्तछन्, त्यसैगरी उनी चक्षु, श्रवण तथा स्पर्शको क्षेत्रमा पनि आउन सक्तछन् । उनी सबैमा सबै थोक हुन्, त्यसैले हामी न केवल उनको चिन्तन र कथन मात्र गर्न सक्तछौं, अपितु उनलाई देख्न पनि सक्तछौं र उनको वाणी सुन्न समेत सक्तछौं । उनको रुप अनेक र स्वर अनन्त छ । उनको कुनै एक रुप वा वाणीलाई सर्वोत्तम मान्नु मनुष्यको मिथ्याभिमान हो । तैपनि यो कुरा सत्य हो - संसारका दिव्य अपौरुषेय ग्रन्थहरु नै

उनको वाणीका पहिचान हुन् । यदि यस्तो नभएको भए जोसुकै धोकेवाज एवं पाखण्डी व्यक्ति आफूलाई सिद्ध बताउँदै अज्ञान तथा अन्धविश्वास फैलाउन सक्तथ्यो । हाम्रो कर्तव्य त यति मात्र हो - आफ्नो शाफ मन तथा इन्द्रियहरुलाई शुघ पारौं, किनभने यी भगवान्का मन्दिरका द्वार एवं प्राङ्गण हुन् । अनि हृदयको गर्भस्थित मन्दिरमा भगवान् प्रकट हुनु उनको आफ्नै इच्छामा निर्भर छ- यमेवैष वृणुते तेन लभ्यस्तस्यैष आत्मा विलृणुले तनं स्वाम् (कठोप.) । चित्तशुद्धिका लागि हामीले ईश्वरसँग प्रार्थना गर्नुपर्दछ- जीवनको ऐहिक सुखका लागि होइन अपितु मनको अचञ्चलता, प्रसन्नता एवं दृढताको प्राप्तिका लागि भगवान्को पवित्र नामको हामीले निरन्तर जप गर्नुपर्दछ तथा भगवान्को लक्षण, गुण एवम् उनका करुणामय लीलाकर्महरुको चिन्तन गर्नुपर्दछ- अप्यनैव तु संसिद्धयेद् ब्राह्मणो नास्त्र संशयः ॥

हामीले अपौरुषेय ग्रन्थहरु तथा धर्मशास्त्रको अध्ययन गर्नुपर्दछ । स्वाध्याययोगसम्पत्या परमात्मा प्रकाशते । अस्तु ।

व्यक्तिगत अनुभवका विषय यति गुह्य एवं गोपनीय हुन्छन् कि तिनको सम्बन्धमा सामान्यतया कसैसँग आलोचना गर्ने प्रवृत्ति नै हुँदैन । मेरो व्यक्तिगत प्रकृति एकातिर जसरी विश्वासशील छ, अर्कोतर्फ त्यसैगरी संशयप्रवण छ । अतएव मेरो आफ्नो जीवनमा जे-जति उपलब्ध गरेको छु र गरिरहेको छु तिनलाई ज्यादै कठोरताका साथ सबै प्रकारका प्रमाणका कसीहरुमा नजाँचीकन मैले स्वयं कहिले पनि सत्य रुपमा ग्रहण गरेको छैन या गर्दिनँ । मेरो विचारमा जे सत्य छ त्यो सदैव सत्य नै रहन्छ । अतः परीक्षा गर्नाले त्यसपकिो चमक बढ्ने नै छ, घट्ने छैन ।

युक्ति तथा विचारको प्रमुख काम हो- असम्भावनालाई पर सार्नु । अर्थात् हृदय प्रिय वचन सुनेर स्वभावतः जुन विषयमा श्रद्धाशील हुन्छ, त्यो अयौक्तिक होइन । अपितु सम्भावनीय हो, यति कुरा देखाउँदैमा युक्तिविचारको कार्य समाप्त हुन्छ । यसपछि साधन-प्रणालीद्वारा त्यसै श्रद्धालाई विषयीभूत, महापुरुषहरुका उपदेशहरु एवं युक्तिद्वारा समर्थित सत्यको रुपमा प्रत्यक्ष पार्नु आवश्यक छ । यस साधान-प्रणालीमा मूलतः योग नै सर्वप्रधान छ । कर्म, ज्ञान, भक्ति आदि यसकै सहायक साधनहरु हुन् । योगको अवलम्बनद्वारा जब साध्य तत्वलाई सम्पूर्ण रुपले प्रत्यक्ष गरिन्छ, तब सकै शङ्काहरु स्वतः दूर हुन्छन् । ज्ञाता र ज्ञेयबीचको भ्रामक भेद हटेपछि विशुद्ध ज्ञानको आकाशमा विशुद्ध चैतन्य-ज्योति स्व्यमेव प्रतिष्ठित भएर अखण्ड स्वप्रकाश सत्ताको रुपमा स्थित हुन्छ । यसैले तर्क-विर्तक तथा शङ्का-उपशङ्काको जालबाट मुक्त भएर चाँडै नै कुनै एक साधनमा लीन भइहाल । यसैमा कल्याण छ । इति ।

मेरो परिचित धेरैजसो भावुक युवक भक्तजन यस्ता छन्, जो हिन्दू-धर्मको मौलिक संस्कृत ग्रन्थहरुसँग अनभिज्ञ हुँदा-हुँदै पनि आधुनिक भौतिक एवं व्यावहारिक विद्याहरुमा उच्च शिक्षा प्राप्त गरेका छन् र संस्कृतका मौलिक धार्मिक साहित्यहरुको अध्ययन-अध्यापनको व्यवस्था स्कूल-कलेजहरुमा नभएको हुनाले गर्न पाएनन् । अब उनीहरु व्यवहार तथा गृहस्थी जीवनको जिम्मेवारीमा व्यस्त भएको हुँदा मौलिक ग्रन्थहरुको अध्ययन गर्ने समय निकाल्न असमर्थ छन् । यति हुँदा-हुँदै पनि धर्मको स्वरुप तथा आध्यात्मिक साधनाको लागि हृदयदेखि नै लालयित रहन्छन्, त्यस्तै जिज्ञासु पाठकहरुका लागि नै यो धर्म-विज्ञान नामक ग्रन्थको सङ्कलन गरिएको छ । दुःखको कुरा छ- ती महापुरुषहरुमध्ये धेरैजसो आज यस संसारमा छैनन् । म ती सबैप्रति अत्यन्त आभारी छु तथा तिनको दिवङ्गत आत्माको अनन्त शान्तिका लागि कृतज्ञतापूर्वक भगवान्सँग प्रार्थना गर्दछु ।

यस सङ्कलनमा यथासम्भव धर्मको मौलिकताको संरक्षण गर्दै उदार नीति अपनाइएको छ । समयको माग एवं उदारताको नाममा धर्मको मौलिकताको परित्याग मेरो विचारमा वाञ्छनीय हुँदैन । बीचको बाटो नै ठीक हुन्छ । यति सङ्कीर्ण नबन कि अरु मानिस तिम्रो नजीक नै नआऊन् र यति उदार पनि नबन कि अरुले तिम्रो अत्यधिक उदारताको अनुचित लाभ उठाएर तिम्रै लागि अनेक समस्या उत्पन्न गरिदिऊन् । सबै धर्मप्रति आदर र आफ्नो धर्ममा दृढ आस्था एवं विश्वास राख्नु- यही नै मध्यम मार्ग हो ।

संस्कृतका प्रौढ विद्वान्हरुका लागि सम्भवतः यो ग्रन्थ ज्यादा आकर्षक-विन्दु नबन्ला, किनकि उनीहरुको मौलिक ग्रन्थहरुको अध्ययन मनन गरिसकेका हुन्छन् । यस ग्रन्थको ज्यादाजसो उपयोग भौतिक तथा व्यावहारिक शिक्षा पाएका ती विद्वात्वर्गका लागि हुनेछ, जो वास्तवमा आफ्नो धर्म एवं संस्कृतिबारे आधुनिक भाषामै जानकारी चाहन्छन् । यस प्रकारका पाठकहरुको ऋषिमुनिहरु तथा शास्त्र-वचनहरुमाथि विश्वास हुँदैनन्, त्यसैले यस ग्रन्थमा यस्ता प्रमाणहरु ज्यादा नदिएर केवल पदार्थ-विज्ञान तथा मानस - विज्ञानशास्त्रद्वारा सम्मत बुद्धिगम्य युक्तिहरु तथा जनसाधारणका अनुभवहरुको आधारमा नै धर्म एवं ईश्वरको विषयमा विचार गरिएको छ । मेरो विनम्र प्रार्थना यही छ- भौतिकवादको पक्षपात र दुराग्रहलाई छाडेर सार एवं असारको विचार गरी सत्यलाई ग्रहण गरुन् । केवल वैज्ञानिक तथा यक्तिप्रधान दृष्टिकोण अँगालिएकोमा संस्कृतका आदरणीय विद्वानहरुले क्षमा गर्नेछन् ।

भाषाको कठोरताको ठाउँ-ठाउँमा आभास हुनु सम्भव छ । यसका मुख्यतया दुई कारहरु हुन सक्तछन् । पहिलो त मेरो आफ्नै कमजोरी र दोस्रो विवशता । मेरो गृहत्यागपछिको जीवनको तीन चौथाइ भाग हिमालयका हिमाच्छादित क्षेत्रहरु तथा पवित्र नदीका तटवर्ती जङ्गल तथा एकान्त स्थानहरुमा नै बिते र बितिरहेका छन् । मेरो बोली-चाली, खानपान आदि धेरै मात्रामा ग्रामवती व्यक्तिहरुबाट प्रभावित भएको छ । तिनीहरु शुद्ध भाषा त बोल्न सक्तैनन् तर तिनको हृदय अन्य सभ्य मानिसहरुको भन्दा ज्यादा शुद्ध हुन्छ । ममा पनि भाषाको त्यही कमजोरी छ, त्यसका लागि म क्षमाप्रार्थी छु । दास्रो कारण विवशताको विषयमा यही भन्नु छ- सबै धर्महरको उपदेश प्रायः अनुशासनपूर्वक प्रबोधनात्मक शैलीमा दिइएको छ, विशेषतः हाम्रो धर्मको त यस्तै शैली छ, जस्तै- उठ्नुहोस्, जाग्नुहोस् नभनेर उतिष्ठत, जाग्रत अर्थात् उठ, जाग भनिएको छ । दुर्भाग्यवश यो बनावटी कुराहरुको युगले उपदेश एवं ज्ञानका यस्ता शब्दहरुलाई रुखो एवं कठोर भाषामा श्रेणीमा राखेको छ । म यस कमजोरी तथा विवशताका लागि समालोचक, आलोचक र विशेषतः घोचकहरसँग क्षमाप्रार्थी छु ।

म आशा गर्दछु- यस सङ्कलित ग्रन्थद्वारा आधुनिक समाजका धर्म तथा ईश्वरसित सम्बद्ध धेरैजसो सन्देहहरुको निराकरण हुनेछ र अनीश्वरवादको घोर अन्धकारतर्फ गइरहेका जनतालाई प्रकाश मिल्दछ ।

यस पुस्तकद्वारा धर्मजिज्ञासु एवं मुमुक्षु व्यक्तिहरुलाई धर्म तथा साधनापथमा अग्रसर हुनमा सहायता मिलोस्, भगवानसँग मेरो यही हार्दिक प्रार्थना छ । अब अन्तमा-

' मेरा गुरुदेव ! अब म आफ्नो अन्मि अभिलाषाको साथै चुप लाग्न चाहन्छु । गुरुदेव तपाईंले त सदादेखि सदासम्म चुप रहन नै मन पराउनुभयो । शब्द र सङ्केत त तपाईंलाई मनै पर्दैनन् आजसम्म मैन तपाईंसँग जे-जति भनें, त्यो मेरो धृष्टता थियो । मैले अनेकौं पटक बितेका अनन्त जन्महरुमा तपाईंको यस अनादि, अनन्त मौन मुद्रालाई खलबल्याउने असफल चेष्टाहरु गरें, तर सबै व्यर्थ भए । अब म मेरो मन तपाईंसँग केही पनि भन्न चाहँदैन । त्यसको आवश्यता पनि त छैन, किनकि बोल्नुको मतलब तपाईंलाई बिर्सनु नै त हो । हे सच्चिदानन्दमय ! तपाईंलाई बिर्सेर जीवनको आनन्द कहाँ पाइन्छ ? अनि हे देव ! तपाईंलाई नबिर्सीकन बोल्नु पनि कसरी ? देवो भूत्वादेवं यजेत्- देवपूजनका लागि पहिले आफै देव बन, तब मात्र उसको पूजा हुन सक्तछ । त्यसैले अब म पनि तपाईंजस्तै चूप लागेर पूर्ण मौन भएर आफ्नो मनलाई पनि ' भयो, चूप लाग' भनेर तपाईंको यस जगदपदाधिष्ठानरुप शुद्ध स्वरुपमा आफ्नो यस मौनावेष्ठित मनलाई- तपाईंदेखि मलाई अलग्याउने मनलाई- आफ्नो साथ-साथै एक बरफको टुक्रासम्म तपाईंको अनन्त समुद्रमा बिलीन गरिदिन्छु । यही एक अनितम अभिलाषाको साथै यो सम्पूर्ण क्रिया-कलाप तपाईंको शुद्ध स्वरुपलाई अर्पण गर्दछु । अब मेरो लेख्ने-लेखाउने, गर्ने-गराउने, हराउने-पाउने काम सदाका लागि समाप्त हुनेछ ।' साथै पाठकहरुका लागि पनि श्रुति भन्दछु -

उत्तिष्ठत, जाग्रत, प्राप्य वरान् निवोधित ।
क्षुरस्य धारा निशिता दुरत्यया दुर्गं पथस्तत् कवयो बदन्ति ।
**ॐशान्ति ॐशान्ति ॐशान्ति**

— खप्तडबाबा

ॐ

**ॐश्रीगुरुपरमात्मने नमः । श्री गणेशाय नमः ।**
**जाग्रदादित्रयोन्मुक्तं जाग्रदादिमयं तथा ।**
**ॐकारैकसुसंवेद्यं यत्पदं तन्नमाम्यहम् ॥**

आज चारैतिर अनेक राजनैतिक औ आर्थिक वादको यसतो भयङ्कर जाल फैलिएको छ जसले गर्दा जुन महान् दार्शनिक वादहरुले हाम्रो व्यक्तिगत र सामाजिक जीवनलाई चिन्तनशील एवं विचारशील बनाएर आध्यात्मिक उत्ष्टतातर्फप प्रवृत्त गरिराखेका थिए, त्यसको चर्चा नै बन्द हुन गएको छ । यसकै परिणामस्वरुप आज चारैतिर राग, द्वेष औ हिंसा-प्रतिहिंसाका प्रबल प्रवाह बगिरहेछन् एवं सामाजिक भयानक दुर्दशा हाम्रा सामु प्रत्यक्ष भइरहेछ ।

बाह्य विज्ञानबाट मनुष्यलाई सच्चा शान्ति कहिल्यै मिल्न सक्तैन । शास्त्रोक्त आत्मस्वरुपको सम्यक् ज्ञानद्वारा नै मनुष्य शोक मोहबाट निवृत्त भएर शाश्वती शान्ति प्राप्त गर्छ । तरति शोकमात्मवित्- तत्र को मोहः कः शोक एकत्वमनुपश्यतः । शाश्वतीं शान्तिमाप्नोति इत्यादि अनेक शास्त्रवाक्य तथा तदनुसार हिंडेर शान्तिलाई प्राप्त गर्ने महापुरुषका पवित्र जीवन यसका प्रमाण हुन् ।

शास्त्रमा भनिएको छ- शरीरमाद्यं खलु धर्मसाधनम् धर्म-साधनका लागि नै यो मानव देह हो, यसै कारणले मनुष्यको उद्भव भएको हो औ यसका निम्ति मान्छेको अस्तित्व छ । मनुष्य जन्म पाएर मनुष्य-देह धारण गरेर जुन परम तत्व जान्न सकिन्छ, परमात्मालाई पाउन सकिन्छ, त्यो पाउन जो चेष्टा गर्दैन त्यो नितान्त हतभाग्य हो, उसले जन्म लिनु वृथा हो, उसको जीवन मिथ्या हो । श्रीमद्भगवत एकादश स्कन्धमा श्रीभगवान्ले स्वयं भन्नु भएको छ -

**नृदेहमाद्यं सुलभं सुदुर्लभं**
**प्लवं सुकल्पं गुरुकर्णधारम् ।**
**मयानुकूलेन नभस्वतेरितं ।**
**पुमान् भवाब्धिं न तरेत् स आत्महा ॥**

अर्थात् यो नरदेह प्रथम (सर्वापेक्षया उत्तम) छ । यो हरिभजन या आत्मचिन्तन गर्नेका लागि ' सुलभ' या सहजप्राप्य छ, परन्तु दाम्भिक जीवहिंसकका लागि सुदुर्लभ हुन्छ । यो भवसागर पार गर्नका निम्ति ' सुकल्प' सुदृढ नौका हो । श्रीगुरुदेव यसका ' कर्णधार' हुन् । म (भगवान) स्वयं अनुकूल वायुरुप भएर त्यो जीवदेहरुपी डुङ्गालाई संसार-सागरबाट पार गर्दिन्छु । जो यस्तो सुयोग रहँदा-रहँदै पनि प्रयत्न गर्दैन त्यो आत्मघाती हो । अर्थात् आफूलाई आफैं जन्ममरणको चक्रमा हाल्छ । उसले तत्वज्ञान पाउन सकेन त्यो मानवदेहको सर्वश्रेष्ठता व्यर्थ हुन्छ । धर्म तत्वज्ञानकै नामान्तर हो । जो पुरुष तत्वज्ञान प्राप्त गर्ने चेष्टा गर्दैन उसले त्यो पाउँदैन, ऊ धर्म-साधन पनि गर्न सक्तैन । अयं तु परमोधर्मो यद्योगे नात्मदर्शम् (याज्ञवल्क्यस्मृति) । जीवात्मा धेरै योनिमा घुमेर परम सौभाग्यबल औ अनेक पुण्यको फलले मानजन्म पाउँछ । परन्तु उसको सार्थकता तब मात्र साधित हुन सक्तछ, जब ऊ तत्वज्ञानरुप धर्म-साधन गरेर आफनो लक्ष्य प्राप्त गर्न समर्थ हुन्छ । एकमात्र धर्मको बलले नै मनुष्यको मनुष्यत्व विकसित हुन्छ औ एकमात्र धर्म-साधनद्वारा नै मुक्ति प्राप्त हुन्छ ।

क्रमोन्नति प्रकृतिको अनिवार्य एवं अलंघनीय विधान हो । केवल जड जगत्मा, उद्भिज्जगत्मा या इतर प्राणीजगत्मा यो क्रमोन्नति-विकास (Evolution) को प्रक्रिया पर्यवसित छैन । मानव-जगत्मा, मानवको अध्यात्मजगत्मा नै यसको प्राक्कर्म प्रकट हुन्छ । क्रमोनति-विधानको बलद्वारा नै अध्यात्मशक्ति विकसित एवं परिस्फुरित हुन्छ । उसको बलबाट योगबल प्राप्त गरेर आफनो निजी स्वरुपलाई प्राप्त गरेर जन्ममरणको दुःखमयी स्थितिबाट माथि उठ्दछ । उसको अभावमा मानवजन्मको अधोगति अवश्यम्भावी हुन्छ ।

श्रीमद्‌भगवतमा लेखिएको छ- सृष्टिभन्दा पहिले ब्रह्माको आविर्भाव भयो औ उनी किंकर्तव्यविमूढ भएर विचार गर्न थाले कि अब कर्तव्य के हो ? तब उनका चारैतर्फ अनन्त जलराशिबाट ' तप-तप' शब्द हुन लाग्यो । यसै ध्वनिबाट तब ब्रह्माले अठोट गरे कि तपस्या नै एकमात्र कर्तव्य हो । तपस्याकै बलबाट ब्रह्माले परम ज्ञान औ महाशक्ति लाभ गरे औ त्यसकै बलबाट विश्वब्रह्माण्डको सृष्टि गर्न समर्थ भए । तपस्याकै बलबाट आत्मा पवित्र हुन्छ, आध्यात्मिक शक्ति विकसित हुन्छ औ तत्वज्ञानको पथप्रदर्शन गर्छ ।

**यज्ञो दानं तपः कर्म न त्याज्यं कार्यमेव तत् ।**
**यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम् ॥**

धर्म-साधनको एकमात्र अन्तिम फल हो तत्वज्ञान । तत्वज्ञानको फलबाट नै आध्यात्मिक, आधिदैविक, आधिभौतिक आदि विविध दुःखबाट अत्यन्त निवृत्ति हुन्छ । यसैले तत्वज्ञान नै जीवनको एकमात्र ध्यये औ सर्वश्रेष्ठ उद्देश्य तथा परम पवित्र लक्ष्य हो । पशु औ मनुष्यता यहीं आएर पार्थक्य रहन्छ- पशु देह-धारण गरेर देहरक्षाकै लागि व्यस्त रहन्छ औ मनुष्य आध्यात्मिक शक्तिको विकास गरेर तत्वज्ञान प्राप्त गर्न प्रयत्नशील हुन्छ । जुन मानिसमा मानवदेह-धारण गरेर पनि तत्वज्ञान प्राप्त गर्ने व्याकुलता छैन, ऊ नरदेहधारी पशुसिवाय केही होइन । शास्त्रमा पनि भनिएको छ-

**आहारनिद्राभमैथनुञ्च साभान्यमेतत् पशुभिर्नराणाम् ।**
**धर्मो हितेषामधिको विशेषो धर्मेण हीनाः पशुभिः समाना ॥**
**- महाभारत**

जब मनुष्य यथार्थ मनुष्यत्व लाभ गर्छ, तब उसको अन्तरात्माबाट स्वयं नै प्रश्न उठ्न थाल्दछ- यस जीवनको यथार्थ उद्देश्य के हो ? यस मनुष्यदेह-धारणबाट के लाभ ? यो गूढ प्रश्न नै मानव-जीवनलाई धन्य औ कृतार्थ बनाउने एकमात्र उपाय हो । यो अन्तरात्माबाट उठेको प्रश्न नै विषयान्ध मूढ मान्छेको ज्ञान-चक्षु बनेर उसको यथार्थ गन्तव्य स्थानको पथ-प्रदर्शन गरिदिन्छ । जबसम्म मनुष्य यो गूढ प्रश्नको समाधान गर्न सक्तैन तबसम्म उसका चित्त शान्त हुँदैन । विकसित मनुष्यका लागि जसरी यो प्रश्न अनिवार्य हुन्छ, त्यस्तै उसको निम्ति यसको समाधान हुनु पनि आवश्यक हुन्छ । परन्तु यसका लागि विशेष चिन्ता या गम्भीर गवेषणाको आवश्यकता हुँदैन, किनभने मनुष्यमात्र यो कुरा जान्दछ कि दुःखको अत्यन्त निवृत्ति औ परम-सुखप्राप्ति नै जीवनको एकमात्र ध्येय हो । अनि प्रश्न उठ्दछ- सबै प्रकारका दुःख-निवृत्ति, महासुख या परमानन्द रुपी अनिर्वचनीय सुखलाई प्राप्त गर्ने उपाय के हो ? यसै प्रश्नलाई लिएर हाम्रो दर्शनशास्त्रको प्रवृत्ति भएको हो । उनीहरुले यसै प्रश्नलाई " हेय (दुःख), हेयहेतु (दुःखको कारण), हान (दुःखको निवृत्ति) औ हानोपाय (दुःखनाशको उपाय)" - का स्वरुपद्वारा आ-आना विचारशैलीको अनुसार अत्यन्त विस्तारपूर्वक गम्भीर विचार गरेका छन् । थोरै शब्दमा शास्त्रकारहरुले सर्व-दुःखनिवृत्ति, परमानन्द प्राप्तिका उपाय धर्म-साधन औ त्यसको फलस्वरुप अन्तःकरणको शुद्धिपूर्वक तत्वज्ञानको प्राप्ति नै बताएका छन् । परन्तु प्रश्न आउँछ- त्यस धर्मसाधनको स्वरुप के हो ? त्यसकै स्वरुप-निर्णयका लागि यस पुस्तकमा यथासाध्य प्रयत्न गरिएको छ ।

## धर्मको उद्देश्य

स्थूललाई छाडेर सूक्ष्ममा प्रवेश गर्नु, जडलाई त्यागेर चेतन आत्माको स्वरुपलाई साक्षात् गर्नु नै धर्मको उद्देश्य हो । जडमा, जड देहमा, जड इन्द्रियहरुमा आत्माको भ्रान्ति हुँदा मनुष्यलाई जति पनि दुःख हुन्छ तिनबाट मुक्त हुनु नै धर्मको वास्तविक रहस्य हो । यही नै धर्मको सूक्ष्म तत्व हो, यही आत्मदर्शनको स्वरुप हो ।

आत्मदर्शनबाट नै ब्रह्मदर्शनको लाभ हुन्छ । ब्रह्मदर्शनद्वारा ब्रह्मानुभूति औ ब्रह्मानुभूतिबाट भूमा-भाव (महत्ता)- को प्राप्ति भएर जव ब्रह्मरुप हुनजान्छ- ब्रह्मविद् ब्रह्मैव भवति । क्षुद्र सीमाबद्ध जीवात्मालाई परमात्मस्वरुप आत्मानुभव हुनु (अर्थात् " म स्वयं ब्रह्मरुप हुँ" - यो भाव प्राप्त गर्नु जसलाई वैदिक भाषामा सोहऽम् या तत्वमसि आदि भनिन्छ) हिन्दू धर्म अथवा वेदान्तको प्रधान सिद्धान्त हो । यही सैद्धान्तिक सूत्रलाई लिएर आधुनिक औ प्राचीन दर्शनहरु तथा दार्शनिकहरुले धर्मको नीति बनाएका छन् । यही वेदान्त दर्शन औ वेदान्त-धर्मका यस युगका आदि प्रचारक जगद्गुरु शङ्कराचार्य हुन् अस्तु ।

पुराना इतिहास, पुराण औ अरु धार्मिक ग्रन्थहरुबाट यो के कुरा थाहा हुन्छ भने कुनै जमानामा मनुष्य प्राप्त भोगसुखलाई छाडेर परमात्मसुखका लागि लालायित थिए । उनीहरुले आफ्नो जीवनको उद्देश्य मानेका थिए- आत्मालाई र परमात्मालाई प्राप्त गर्नु । गर्भाधानकालदेखि नै यसैका लागि तयारी हुन्थ्यो औ जीवनभर नै यसैको शिक्षा दिइन्थ्यो । ब्रह्मचर्य, गार्हस्थ, वानप्रस्थ र सन्न्यास यी चार आश्रम औ ब्राह्मण, क्षत्रिय, वैश्य तथा शूद्र यी चार वर्ण मनुष्यको यही अन्तिम ध्येयको प्राप्तिको लागि नै बनाइएको थियो र यही सुव्यवस्थापूर्ण पद्धति मनुष्यलाई क्रमशः परमात्मापट्टि लिएर जान्थ्यो । शिक्षाको उद्देश्य नै थियो मनुष्यको पूर्ण सुखको साधन बताउनु ।

समयले पल्टा खायो, मनुष्यको दृष्टि तल गिर्‍यो, ध्येय पदार्थ तल्लो श्रेणीको भयो औ अब त यहाँसम्म भाये कि सुख भोग नै जीवनको लक्ष्य सम्झन थालियो - आफ्नो सुख या देशको सुख । जो छोटो घेराभित्र छ त्यो आफ्नो सुखकै लागि यत्वान् हुन्छ, जो ठूलो परिधिभित्र रहन्छ ऊ देशको सुखका लागि चेष्टा गरिरहन्छ, त्यसभित्र पनि निजी सुख लुकेको हुन्छ नै । फेरि योसुखको स्वरुप के हो ? खूब धन होस्, सम्मान होस्, सत्ता होस्, अधिकार होस्, प्रभुत्व होस् । यिनको प्राप्तिको लागि जुन साधनको प्रयोग गर्नुपरे पनि जुन उपायबाट काम लिए पनि झूट, कपट, छल, द्रोह, हिंसा कुनैका लागि पनि रोकावट हुँदैन, काम हुनुपर्छ, सफलता प्राप्त गर्नुपर्छ । आश्चर्य त यस कुरामा छ- मरणधर्मा मनुष्य अरुलाई लुटेर, मारेर स्वयं सुख-शान्तिले बाँच्न चाहन्छ ! ! !

परन्तु के गर्ने ! विद्यालय, विश्वविद्यालय, मठ, मन्दिर, आश्रम, यी सबै ठाउँमा यही शिषा मिलिरहेको छ । धनी बन, अधिकार प्राप्त गर, सत्तालाभ गर, बस, यस लोकमा सुख नै सुख छ, यहाँको अधिकार नै जीवनको लक्ष्य हो, यो भएन भने जीवन नै वृथा हुन्छ । परिमाण प्रत्यक्ष छ । आज चारैतिर अधिकारका लागि लडाइँ शुरु भइरहेको छ, लोकको जीवन दुःखमय बनेको छ, कोही अधिकार प्राप्त गर्न व्याकुल छन् त कोही अधिकार-रक्षाका लाग के भन्ने ! हाम्रो सारा जीवन नै बाह्य वस्तुहरुका लागि इन्द्रिय भोगका लागि बिक्यो । मासुको टुक्राको लागि चीलकागको झैं लडाइँ हुन लाग्यो ।

कुनै जमानामा परमात्माको प्राप्तिका लागि तप हुन्थ्यो आज भोगको प्राप्तिका लागि हुन्छ । पहिले भगवान्प्रति आत्मसमर्पण हुन्थ्यो, आज भोगको प्रतिका पुजिन्छ ! उहिले देहात्मबोध छाडेर ब्रह्मात्मबोध गराइन्थ्यो, अब ब्रह्मात्मबोधलाई अनावश्यक सम्झेर त्यस मार्गका पथिकहरुलाई पनि देहात्मबोधको शिक्षा दिन थालिएको छ । ठूला-ठूला मनीषी, तपस्वी, संयमी पुरुष पनि आज भोगका प्राप्ति गर्नका लाग जीवन औ धर्मको बाजी लगाएर बसेका छन् र यसैलाई धर्म सम्झिरहेछन् ! यो भाग-परायणता (इन्द्रिय सुखको चाहना) को परिणाम के हुन्छ ? मनुष्यमा राक्षसभावको उदय, द्वेष, हिंसा-प्रतिहिंसाको प्राबल्य, घोर अशान्ति र सुखको नाममा दुःखपूर्ण जीवनयापन ! ! !

यसको प्रत्यक्ष प्रमाण त भोग-सुख औ भौतिक सत्ता-समार्थ्यले सम्पन्न समुन्नत ठानिने देशको भित्री दशा हो । परन्तु यस दशालाई पनि हेर्नुपर्छ ईश्वराभिमुख ज्ञानले सम्पन्न ऋषिनेत्रले । आज हामीले यो नेत्र हराएका छौं, हाम्रो यसै नेत्रमा भौतिक भोगवादको जाल फिँजिएको छ, यसले गर्दा नै हामी विपरीतदर्शी भएका छौं । त्यहाँका सबै कुराहरु हामीलाई ठीक लाग्दछ चाहे त्यो खराबभन्दा खराब किन नहोस्, यस्तो जादू भएको छ कि जसले हृदयलाई नै अर्कै बनाइदियो । यसकै परिणामस्वरुप आज हामी त्यहाँको अनाचारमा सदाचार,

पापमा पुण्य, स्वार्थान्धतामा देशभक्ति, अवनतिमा उन्नति, अधर्ममा धर्म औ पतनमा उत्थानको विपरीत दृश्य देखिरहेछौं र सबैतिरबाट त्यसैको परिवर्तनको अन्धचेष्टामा नै तत्पर छौं ।

आज जे कुरा भइरहेको छ त्यसको अधिकांशमा न ज्ञान छ, न निष्काम कर्म छ, न भक्ति नै । ज्ञानको लागि प्रधान बाधा छ देहाभिमान, त्यसैलाई खूब बढाइरहिएको छ । निष्काम कर्मयोगमा प्रधान बाधक हो स्वार्थ-बुद्धि, यसैको वृद्धिका लागि अनेक सम्प्रदाय र दल जोडतोडका साथ संघटित भइरहेछन् । भक्तिमा प्रधान प्रतिबन्धक नै शरणागतिमा कमी हो । सच्चा ज्ञानी, सच्चा निष्कामकर्मी र सच्चा भक्त कहिल्यै पनि छल, कपट, दम्भ, असत्य, अन्याय औ हिंसा आदिको अवलम्बल लिँदैन ।

ज्ञानको साधनमा देहात्मबुद्धि अर्थात् शरीरमा ' म' बुद्धिको त्याग गर्नुपर्छ । त्यसका लागि आत्मा शरीरबाछ त्यसरी नै अलग्ग छ जुन प्रकार अरुको शरीरबाट हाम्रो शरीर ! यो स्थिति प्राप्त भएपछि अर्थात् देहात्मबुद्धि छुटेर गएपछि पापकर्म हुन सक्तैन । यसैप्रकार स्वार्थबुद्धिको परित्यागको ईश्वरार्थ गरिने निष्काम कर्म पनि पापयुक्त हुँदैन । भगवद्भक्तिमा त मनुष्य भगवान्को शरणमा नै हुन्छ, त्यस अवस्थामा उसको दूषित भावको त्याग स्वाभाविक हुन्छ नै ।

अज्ञानजनित भोगलोलुपताको अन्धकारले हाम्रो ज्ञानलाई ढाकेको छ औ चारैतिरबाट यस अँध्यारोलाई अझ घना बनाउने अथक प्रयत्न भइरहेछ । यसै अन्धकारको घनतालाई नै ज्ञानको प्रकाश मान्न थालिएको छ । मनुष्यको बुद्धि आज लाटोकोसेरो औ चमेराको दृष्टि जस्तो भएको छ । जसरी यी पक्षीहरु दिनमा अँध्यारो औ रातमा प्रकाश देख्तछन् उसरी नै हामीलाई पनि आज अन्धकारमा प्रकाशको भ्रम भइरहेछ । यसले गर्दा हामी ' कामोपभोगपरायण' भएर सयौं आशाका पाशमा बाँधिएर कामक्रोधादि साधनद्वारा ' कामभोगार्थ' अन्यायपूर्वक अर्थप्राप्तिको उपायमा लागिरहेछौं । मोहले हामीलाई घेरेको छ । अभिमानले हामीलाई अन्धो बनाएको छ । लोभले हामी अहङ्कार, बल, दर्प, काम, क्रोधहरुकै आश्रय लिएर ' सर्वभूतस्थिति' परमात्मासँग द्वेष गर्न लागिरहेछौं । यो आसुरी भावको परिणाम अनन्त दुःख र अशान्ति सिवाय अरु के हुन सक्तछ ?

वर्तमान समय मानव-जातिका लागि क्रान्तिको युग भनिन्छ । भनिएको छ- शताब्दियौं देखि सुतेका मानवले आज कोल्टे फेरेका छन् । आजसम्म उनीहरु परतन्त्र औ रुढिको दासताले ग्रस्त थिए किन्तु अब यो साङ्लो चुँडालेर आफ्नो जन्मसिद्ध अधिकार-स्वतन्त्रता र सर्वाङ्गीण विकास पाउनका लागि व्यग्र छन् । कुनै जाति, सम्प्रदाय र रुढिको बन्धन उनीहरु सहन सक्तैनन् । यस भूमिमा मात्र होइन, अब त उनीहरु अन्य ग्रह नक्षत्रहरुमा पनि आफ्नो विहार-स्थान बनाएर सशरीर स्वर्गसुख, भोग्नका लागि व्याकुल छन् ।

परन्तु ए लाटो मान्छे ! केही विचार त गर्- के यही तेरो वास्तविक अधिकार हो ? के पेटभर खानका लागि नै प्रभुले तँलाई यो शरीर दिएको हो ? भोगले कहिल्यै कसैलाई तृप्ति भएको छ ? के राजा ययातिको उपाख्यान कहिल्यै सुनेको छस् ? भोग रोगमा परिणत हुन्छ र भोगवासना अतृप्त नै रहिरहन्छ । सम्पूर्ण संसारको सम्पत्ति एकत्रित गरेरै पनि कुनै एक मनुष्यको तृष्णाको शान्ति हुनु सम्भव छ ? यसकारण केहीबेर रोकिएर सोच्- तेरो वास्तविक अधिकार के हो ? केकुनै यस्तो वस्तुमा तेरो अधिकार हुन सक्तछ, जुन पाउकै लागि पनि तँ परतन्त्र छस्, जुन कुराको प्राप्ति अनिश्चित छ र जुन पाएर पनि तेरो तृष्णा अतृप्त नै रहन्छ ? आफ्नो अधिकार पाएर त तँलाई कृतकृत्यता, पूर्णताको अनुभव हुनुपर्छ । अतः निश्चिय ठान्- संसारको कुनै पनि वस्तु, अवस्था या परिस्थिति तेरो वास्तविक लक्ष्य या अधिकार हुन सक्तैन किनभने त्यो पाउनका लागि तँ स्वतन्त्र छैनस्, त्यसको प्राप्ति निश्चित छैन र त्यो पाएर पनि तँलाई आत्यन्तिक विश्रान्ति मात्र मिल्न सक्तछ । प्यारो मानव ! यसमा सन्देह छैन- तँ स्वभावले नै पूर्णताको माग गरेर अवतीर्ण भएको छस् । आमाको कोखबाट जन्मनेबित्तिकै तँमा रुने प्रवृत्ति देखिएको छ । तँ बाहेक अरु कुनै प्राणी जन्म लिनेबित्तिकै रोएको देखिएको छैन । रुनु सधैं कुनै न कुनै अभावको वेदनाले गर्दा नै हुन्छ । अतः निश्चय हुन्छ तेरो आविर्भाव सबै प्रकारको अभावको अभाव गर्नका लागि भएको हो । यसको यो अर्थ भने कुनै हालतमा पनि होइन कि अरु प्राणीहरुलाई कुनै अभाव नै हुँदैन । समय-समयमा अभावको अनुभूति त सबै प्राणीहरुलाई हुन्छ र आफ्नो-आफ्नो योग्यताको अनुसार उनीहरु त्यसको पूर्तिको प्रयत्न पनि गर्दछन् परन्तु मानव! तँ आरम्भदेखि

नै अभावको वेदना लिएर उत्पन्न भएको हुन्छस् र खालि यही यस्तो जीव छ जो सब प्रकारको अभावको अभाव गरेर पूर्ण पदमा प्रतिष्ठित हुन सक्तछ । किन ?

**प्राणीको विकास**

यसको एक विशेष कारण छ । उद्भिज्ज, स्वेदज, अण्डज र जरायुज- चार प्रकारका प्राणी छन् । यिनीहरुमध्ये उद्भिज्ज प्राणीहरुमा अन्नमयको अतिरिक्त खालि प्राणमय कोशको पनि अभिव्यक्ति भएको छ । प्राणशक्तिबिना त कुनै पनि व्यक्तिलाई प्राणी नै भन्न सकिंदैन । अतः प्राणीवर्गको विकास उद्भिज्ज जगत्बाट नै आरम्भ हुन्छ । यस्तो प्रकारको जीवमा जन्म, मरण र वृद्धि आदि प्राणको व्यापार नै देख्न सकिन्छ । स्वदेज प्राणीहरुमा मनोमय कोशको पनि विकास भएको हुन्छ । यसकारण उनीहरुमा सङ्कल्पशक्ति पनि रहन्छ । उनीहरु सुख-दुःखको अनुभव गर्दछन् र हिड्दछन्, डुल्दछन् पनि, परन्टु उनीहरुमा कुनै प्रकारको शत्रु-मित्र र आफ नो-पराईको भेद हुँदैन । अण्डज र जरायुज प्राणीहरुमा पूर्वोक्त तीन कोशको अतिरिक्त विज्ञानमय कोशको पनि विकास भएको हुन्छ । अतः उनीहरुमा शत्रु-मित्र तथा आफ नो -पराईको पनि भेद रहन्छ, परन्तु यी सब प्राणी खाली देखिएको दुःखको नै निर्वत्ति गर्दछन्, यिनीहरुमा आगामी दुःखको निवृत्तिको उपाय अथवा धेरैभन धेरै सुख पाउने वासना देखिंदैन । भोक लागेपछि तिनीहरु आफ नो स्वभावसिद्ध आहारा ग्रहण गर्दछन्, परन्तु यिनीहरु यो कहिल्यै पनि सोच्दैनन् । फेरि पनि भोक लाग्दछ, यसकारण केही आहारा जम्मा गरेर राखूँ । न कहिल्यै यस्तो नै विचार गर्दछन्- हामी जुन आहारा खान्छौं, त्यसमा खुर्सानाी मसला हालेर अफ्र केही स्वादिष्ठ बनाऊँ । यसै प्रकारले गर्मी-जाडो लाग्दा अथवा डर लाग्दा पनि उनीहरु आफ नो स्वभावको अनुसार तात्कालिक व्यवस्था मात्र गर्दछन्, तिनीहरुबाट बच्नका लागि स्थायी प्रबन्ध गर्दैनन् । परन्तु मनुष्यको स्वभाव केही अर्कै प्रकारको छ । ऊ त खालि दुःख-निवृत्तिका लागि मात्र होइन, उत्तरोत्तर अधिकाधिक सुख पाउनका लागि पनि प्रयत्न गर्नमा व्यस्त छ । यसले गर्दा उसको भोग-सामग्री दिनका दिन बडेर गए तापनि ऊ निरन्तर यिनीहश्रलाई बढाउनमा नै लागिरहन्छ, जब अरु प्राणी जसरी लाखौं वर्ष पहिले रहन्थे त्यस्तै प्रकारले आज पनि रहेका छन् । यसको कारण हो - आनन्दमय कोशको विकास खालि मान्छेमा भएको छ । अतः निरतिशय आनन्द नै उसको एक मात्र माग हो । जहाँ जन्मकालिक रोदनले यसको अभावको वेदना सूचित गर्दछ, उहीँ उसको उन्मुक्त हाँसोले यसको पूर्तिको क्षमताको पनि परिचय दिन्छ । मान्छेको अतिरिक्त कुनै अरु प्राणी कहिल्यै हाँसेको पनि त देखिएको छैन । अतः यस्तो प्रकारको पूर्णता निरतिशय आनन्द या अमरत्व नै तेरो एक मात्र अधिकार हो ।

आफ नो यो जन्मसिद्ध अधिकारको प्राप्तिबिना तँलाई कहिल्यै शान्ति मिल्न सक्तैन । परन्तु तँ त किन हो कुन्नि कुन शान्तिको प्राप्ति र सुरक्षाका लागि के उपाय गरिरहेछस् ! आफ नो समकक्षको व्यक्तिप्रति संशयालु भएर उनीहरुलाई भयभीत राख्नाका लागि ठूला-ठूला संहारकारी शक्तिहरुको शरण लिन्छन् र आफूलाई समृद्ध एवं सुरक्षित बनाउनका लागि पृथ्वीमा मात्र नभई आकाशको अर्कोपट्टि आफ नो घर बनाउन चाहन्छस् । यसप्रकार कसैलाई शान्ति मिलेको छ ? अरुलाई भयभीत राखेर के कोही स्वयं निर्भय रहन सक्तछ ? यी सबै त संघषए र अशान्तिकै उपकरणको आश्रय लिएर उल्टो आफूलाई अशान्त बनाएको छस् । तेरो अधिकार-लालसाले तेरो जन्मसिद्ध अधिकारको, तेरो सुख-लोलुपताले तेरो स्वरुप-भूत सुखको, तेरो सुरक्षाको चिन्ताले तेरो स्वाभाविक अमरत्वको र तेरो बढेको वासनाले तेरो वास्तविक विभुत्वको आवरण नै गरेको छ । यसप्रकार तैंले आज जसलार्य साधन सम्फेर अपनाएको छस्, त्यही वास्तवमा असाधन हो । यदि तँलाई आफ नो वास्तविक साध्य पाउनु छ भने यी सबै साधनहरुलाई छाडेर त्यसै साध्यको शरणमा जा । उसलेस्वयं नै आफ नो परिचय दिएर तँलाई आफूबाट अभिन्न गरेर लिन्छ ।

केही विचार गर, तेरो वास्तविक अधिकार त तँसँगै छ र यो यत्रो महान् छ कि यसभन्दा ठूलो कुरा तँ सोच्नै सक्तैनस् । आज जुन वस्तुहरु तथा परिस्थितिहरुलाई पाउनका लागि तँ छट्पटिएको छस्, ती कुराहरुको त उनको अगाडि केही सत्ता नै छेन । तँ आफ नो सहज स्वरुपलाई बिर्सेस आफूलाई देह ठानेर बसेको छस्, यसले तँलाई व्यर्थ वासनाको फन्दामा फस्नुपरेको छ । तँ जे कुरा पाउन र सुरक्षित राख्न चाहन्छस्, त्यसको

सम्बन्ध यो देहसँग नै त छ र देहमा यस्तो कुनै वस्तु छैन, जसलाई यस विश्वबाट अलग्ग गर्न सकियोस् । अतः यो शरीर त यस संसार-सागरको एउटा तुच्छ तरङ्ग हो । जुन प्रकारले यो संसार जड, पर-प्रकाशय र परिणामी छ उस्तै प्रकार यो शरीर पनि त छ । तँ त चेतन, स्वयंप्रकाश यो शरीर पनि कदापि तेरो स्वरुप हुन सक्तैन । यस शरीरसँग तादाम्य गरेर नै तैंले आफ्नो यस्तो दुर्दशा गरिस् । यसैकारणले तँ आफ्नो सहजसिद्ध अलौकिक अधिकारलाई बिर्सेर ती वस्तुहरुको वासनामा फसिस्, जुन कहिल्यै कुनै प्रकारले पनि तेरा हुन सक्तैनन् । अतः यदि तँ आफूलाई आफ्नो त्यस स्वयंसिद्ध परमपदमा अभिव्यक्ति देख्न चाहन्छस् भने तैंले यस देहको तादात्म्यदेखि मुक्त हुनुपर्छ ।

## स्वरुप

अतः दृढ निश्चय गर् कि म शरीर होइन, म नाम होइन । नामरुप ममा आरोपित हुन् । यससँग मेरो वस्तुतः कुनै सम्बन्ध छैन । शरीरको नाशले मेरो केही बिग्रदैंन, नामको बदनामीले मेरो बदनामी हुँदैन । म अमर छु, अजर छु, निष्कलङ्क छु, सनातन छु, सधैं एकरस छु, कहिल्यै घट्ने-बढ्ने होइन । शरीरको उत्पत्तिले मेरो उत्पत्ति हुने होइन, शरीरको नाशले म नष्ट हुने होइन । म नित्य हुँ, असङ्ग हुँ, अव्यय हुँ, आज हुँ । मेरो स्वरुपमा कहिल्यै कुनै अन्तर पर्दैन ।

जे-जति परिवर्तन हुन्छ नाम-रुपमै हुन्छ । नाम-रुपबाट आत्मा पृथक छ । आमाको कोखमा जब जीवात्मा पस्यो त्यस बेला उसको यो स्थूल शरीर (रुप) थिएन, परन्तु जीवात्मा थियो । मरेपछि शरीर नष्ट हुन्छ, परन्तु जीवात्मा रहन्छ । अतएव यो सिद्ध छ कि शरीर जीवात्मा होइन । यस्तै प्रकार आमाको गर्भमा जीवको कुनै नाम थिएन । मान्छे भन्दछन्- बच्चा पाउनेछ । यो पनि थाहा हुँदैन गर्भमा छोरो छ या छोरी । जन्मेपछि छोरो पायो भने ! केही समयपछि एक नाम राखियो । आमा बाबुलाई त्यो नाम मन परेन, उनीहरुले अर्को सुन्दर नाम राखे । ठूलो भएपछि त्यो नाम पनि साटिदिए । यसबाट यो सिद्ध भयो कि नाम पनि जीवात्मा होइन ।

नाम-रुप दुवै कल्पित र आरोपित हुन् । परन्तु जीव जसलाई आफ्नो स्वरुप सम्झेर यसको हानि-लाभमा आफ्नो लाभ-हानि सम्झन्छ र दिन-रात यसैको सेवामा लागिरहन्छ । शरीरलाई आराम मिलोस्, नामको नाम (कीर्ति) होस् । खालि यसको पछाडि साना-ठूला सबै पागल भइरहेछन् । यही नै मोह हो, अज्ञान हो, उन्माद हो, माया हो । यसबाट आफूलाई अलग्ग राख ! आफ्नो स्वरुपलाई सह्माल ! निश्चय गर, जबसम्म यस नाम-रुपलाई आफ्नो स्वरुप सम्झेका छौ त्यस बेलासम्म जगत्को सुख-दुःखले तिमीलाई सताउँछ । जुन दिन, जुन क्षण, नाम-रुपलाई मिथ्या प्रकृतिको वस्तु मान्छौं र आफूलाई त्यसबाट अलग्ग सम्झन्छौं त्यही क्षण प्रकृतिजन्य सुख-दुःखबाट छुट्टि न्छौ । सारा कार्य प्रकृतिमा भइरहेछ, आत्मा निर्लेप छ । आत्मा तिम्रो स्वरुप हो ।

विचार गर- शरीर रोगी हुँदा तिमी रोगी हुँदैनौ, शरीर स्वस्थ हुँदा पनि तिमी स्वस्थ हुँदैनौ, शरीर मोटो हुँदा तिमी मोटो हुँदैनौ, शरीर दुब्लो हुँदा तिमी दुब्लो हुँदैनौ । तिमी निःसङ्ग छौ, सदा सम छौ । तिम्रो भित्र यो द्वन्द्व छँदै छैन । पूरा द्वन्द्व प्रकृतिमा छ । परन्तु हो, जबसम्म तिमी प्रकृतिमा स्थित छौ तबसम्म प्रकृतिको सारा विकार तिमीलाई आफ्नो भित्र भान हुन्छ, तिमी प्रकृतिको रोगले भरिएका छौ- महान रोगी छौ । शरीर मोटो-फूर्तिलो र पूर्ण स्वस्थ हुँदा हुँदै पनि सर्वथा अस्वस्थ छौ, तिमीलाई वास्तविक स्वस्थता त स्व (आत्मा) मा स्थित हुँदा प्राप्त हुन्छ । जो आत्मामा स्थित छ, ऊ नै स्वस्थ छ, र जो प्रकृतिमा स्थित छ ऊ अस्वस्थ छ !

यस्तै प्रकार तिम्रो नामको यश फैलँदैमा तिम्रो कुनै यश हुँदैन, नामको बदनामीमा तिम्रो कुनै बदनामी हुँदैन । नामको अपमानमा तिम्रो अपमान हुँदैन र नामको सम्मानमा तिम्रो सम्मान हुँदैन । तिमी नामदेखि अलग्ग छौ । परन्तु जुन बेलासम्म नामलाई आफ्नो स्वरुप सम्झिरहन्छौ, त्यस बेलासम्म नामको बदनामीमा तिमीलाई महान् दुःख हुन्छ, नामको नाम हुँदामा सुख हुन्छ । यसै कारणले तिमी आज नामको नाम कमाउनमा अमूल्य जीवन हराइरहेछौ ! मान, नामको नाम भयो भने पनि त्यो के कामका लागि ? कति दिन रहन्छ र तिमीलाई

त्यसबाट वस्तुतः के लाभ हुन्छ ? नामको नामले बन्धन अझ दृढ हुन्छ, तिमी आत्मामा स्थित भएर स्वस्थ हुने अवस्थाबाट अझ बढी पछि हटेर जान्छौ ।

अतएव नाम-रुपको मोह छाडेर शरीरको आराम र नामको चिन्ता छाडेर आफ्नो स्वरुपलाई सम्झ । तिमी सदा मुक्त छौ, बन्धन तिम्रो समीपमा आउनै सक्तैन । सुख-दुःखको द्वन्द्व तिम्रो कल्पनामा पनि रहन सक्तैन । तिमी आनन्दस्वरुप हौ, तिमी सत् हौ, तिमी चेतना हौ । तिमी स्वयं शान्तिको भण्डार हौ, तिमी पूर्ण हौ, तिमी अखण्ड हौ, तिमी अनन्त हौ, तिमी कूटस्थ हौ, तिमी ध्रुव हौ र तिमी सनातन हौ ।

वास्तवमा देहसँग तादात्म्य गर्नाले नै तिमीमा वस्तु, व्यक्ति तथा परिस्थितिको अनुकूलता या प्रतिकूलताको भास हुन्छ, जसबाट उनमा राग या द्वेष गरेर तिमी उनलाई पाउन या त्यागनका लागि चिन्तित रहन्छौ । परन्तु यो देह रहनाले के कहिल्यै यो सम्भव छ कि तिम्रो जीवनमा सर्वदा अनुकूलता नै रहन्छ, प्रतिकुलताको दर्शन नै हुँदैन ? संसारको इतिहासमा आजसम्म त यस्तो एक पनि व्यक्ति सुनिएको छैन जसको जीवनमा प्रतिकूलता नरहेको होस् । अहँ, यस्तो हुनै सकेको छैन । साँचो कुरा त यो हो -प्रतिकूलताले जीवन निक्खर हुन्छ । संसारमा जति महापुरुषहरु भए, उनीहरुको जीवनलाई महान् बनाउने गौरब त प्रतिकूलतालाई नै छ । जसले प्रतिकूलतालाई धैर्यपूवक स्वागत गर्दछ । ठूलोभन्दा ठूलो विपत्तिको सम्भावना हुँदा पनि जो आफ्नो कर्तव्यबाट च्युत हुँदैन, ऊ नै जनसाधारणको पथ-प्रदर्शक र समाजको भूषण मानिन्छ । अतः अनुकूलताको प्रलोभन र प्रतिकूलताको भयलाई छाडेर तिमी सत्यको संकेतको अनुसरण गर । यसैले जीवनपथमा आउने सब प्रकारको भन्ज्याङ्ग पार गरेर तिमीलाई तिम्रो साध्यसँग मिलाइदिन्छ ।

यस सत्यको संकेत पाउनका लागि तँलाई कहीं अन्यत्र जानु पर्दैन । प्रभु तँभित्र स्वयं अन्तर्यामी या विवेकरुपले अवतीर्ण भएर विराजमान हुनुहुन्छ । उहाँ नै तेरो सच्चा गुरुदेव र पथप्रदर्शक हो । तँलाई यो शरीर पूर्णपदमा प्रतिष्ठित हुनका लागि मिलेको हो र त्यो पद सर्वथा अप्राकृत एवं अलौकिक छ । कुनै पनि लौकिक साधन तँलाई त्यहाँ लिएर जान सक्दैन । अतः करुणामय प्रभु ! तँलाई आफ्नो त्यो परम धाममा लानका लागि स्वयं नै विवेकरुपले तेरो हृदयमा आविर्भूत हुनुहुन्छ । अविवेकवश आफ्नो स्वार्थी दूषित प्रवृत्तिको कारणले कति नै पतित किन नहोस् तथापि यी विवेक भगवान् कहिल्यै पनि दूषित हुनुहुन्न किनकि उहाँ सर्वथा अलौकिक, अप्राकृत एवं एकरस हुनुहुन्छ । अतः उहाँबाट तँलाई कहिल्यै यस्तो केही संकेत मिल्न सक्तैन, जुन तँलाई असत्यप्रवृत्तिमा प्रेरित गरोस् यदि तँ उहाँको संकेतको अनुसराण गर्दछस् भने निश्चय नै एकदिन आफ्नो चरम लक्ष्य र वास्तविक अधिकारलाई प्राप्त गर्दछस् ।

विवेकको आदर गर्नका लागि पहिलो शर्त यो छ- तैंले अरुको होइन, आफ्नो आचरणमा दृष्टि राख्नुपर्छ । जसको दृष्टि परदोष-दर्शनमा लागिरहन्छ ऊ विवेकी भगवान्को संकेतलाई कहिल्यै पनि बुझ्न सक्तैन, किनभने परदोषदर्शन आफूमा गुणको अभिमान हुनाले हुन्छ र जहाँ गुणको अभिमान छ त्यहाँ यस्तो केही दोष छैन जुन प्रकट नहोस् । अतः अरुको दोष नदेखेर आफ्नो नै आचरणमा दृष्टि राख् । त्यसमा केही त्रुटि छ भने त्यसका लागि प्रायश्चित गर् र त्यसलाई फेरि नदोहो-याउने निश्चय गर । यसले तेरो दृष्टिद्वारा तँ विवेक भगवान्को संकेतलाई देख्न र त्यसको अनुसरण गर्नमा समर्थ हुन्छस् ।

आज तँ अरुको कर्तव्यमा दृष्टि राख्तछस् र त्यसद्वारा आफ्नो अधिकारलाई सुरक्षित देख्न चाहन्छस् । यही नै सरा अशान्तिको मूल हो । तेरो स्वतन्त्रता त आफ्नो कर्तव्य पालन गर्नमा नै छ । अरुले आफ्नो कर्तव्य पालन गरुन् यो तेरो अधीनको कुरो नै होइन । उनीहरुलाई कर्तव्यपालनको प्रेरणा दिने सर्वोत्कृष्ट उपाय पनि आफैं कर्तव्यनिष्ठ हुनु हो । साथै उनीहरुद्वारा आफ्नो अधिकारको प्राप्ति अथाव सुरक्षाको वासना पनि संघर्षको नै मूल हो । यो अधिकार-वासना सधैं देहाभिमानको नै पुष्टि गर्दछ, जो सब प्रकारको अनर्थको नै कारण हो । अतः ती अधिकार नपाउनाले पनि तेरो के क्षति हुन्छ ? छोड् यो अधिकारलालसा । यो त अरुको क्षोभ र तेरो अशान्तिको नै कारण हो । अरुमाथि शासन नगरेर तँ आफूमाथि नै शासन गर् । जो अरुप्रति क्षमाशील रहन्छ र आफूमाथि शासन गर्छ ऊ स्वयं निर्दोष बन्छ र अरुलाई कर्तव्यनिष्ठ बन्ने प्रेरणा दिन्छ ।

यस प्रकार निर्दोष भएर नै तँ निष्काम हुन सक्तछस्, काममा नै मनको मूल हो । जब मनमा भोगको कामना रहँदैन र सबै विषय निःसार प्रतीत हुन लाग्दछ, तब वास्तविक कल्याण-कामना या जिज्ञासा जाग्रत् हुन्छ । जुन चित्त बाह्य विषयमा आफ्नो प्रसन्नता देख्तैन ऊ नै उनीहरुसँग विमुख भएर आफ्नो स्वरुपभूत शाश्वत परमसुखपट्टि फर्कन्छ । यस्तो चित्त आफ्नो प्रकृतिअनुसार या त जिज्ञासु भएर परमार्थ-सत्यको खोजमा लाग्दछ या आफ्नो परम प्रेमास्पदबाट अभिन्न हुने लालसा लिएर प्रेमपथ (भक्तिपथ) को पथित बन्दछ ।

जुन चित्त विचार-प्रधान हुन्छ, त्यो जब विषयदेखि विमुख हुन्छ तब उसलाई यो दृश्य जगत् र जगत्कर्ताको विषयमा अनेक प्रकारको सन्देह हुन लाग्दछ । यही हो आत्मकृपा, किनभने जुन विश्वप्रपञ्चमा अरु जीव रहन्छन्, उसमा अनासक्ति भएर नै उसलाई सत्यको जिज्ञासा जाग्रत् हुन्छ । जब उसको यो सन्देहको वेदना असह्य हुन्छ, तब भगवत्कृपा गुरुदेवको रपमा उसको अगाडि अवतीर्ण हुन्छ । गुरुदेव विवेकरुपमा त पहिले नै उसको अन्तःकरणमा विराजमान हुनुहुन्थ्यो अब प्रत्यक्ष मानव-मूर्ति भएर पनि उसको अगाडि प्रकट हुनुहुन्छ । यसप्रकार आत्मकृपा, अगवत्कृपा तथा गुरुकृपा- तीनवटैको सहयोग हुनाले उसमा शास्त्रको कृपा हुन्छ । शास्त्रकुनै ग्रन्थविशेषको नाम होइन । गुरुदेव जुन उपदेश या अनुशासन गर्नुहुन्छ त्यो पनि शास्त्र हो । उसको रहस्य हृदयङ्गम भयो- यही हो शास्त्रकृपा । यसप्रकार चारौटै कृपाहरुको संयोग जुट्नाले निःसन्देहता प्राप्त हुन्छ । यसबाट उसको भित्र रहने जड-चेतनको ग्रन्थि काटिन्छ र उसको समस्त सन्देह निवृत्त हुन्छ । फेरि जुन कुराको उसलाई उपलब्धि हुन्छ, त्यही हो सर्वाधिष्ठानभूत परमार्थ सत्य । त्यही परमपद हो, लाटो मान्छे ! त्यही तेरो आफ्नो वस्तु हो, जुन तँलाई सधैं प्राप्त छ, अविवेकका कारणले मात्र तेरो आँखाबाट ओझेल भएको हो । जब तेरो आफ्नो वस्तु या अभिकार मिल्दछ, तब ते हुन्छ जान्दछस् ? फेरि अरु कुनै पनि जान्नुपर्ने कुरा बाँकी रहँदैन, त्यसभन्दा बढी अरु कुनै लाभ देखिँदैन र ठूलोभन्दा ठूलो आपत्ति पनि उसलाई एउटा खेला जस्तो हुन्छ ।

यो त भयो विचार-प्रधान चित्तको कुरा । तर कुनै चित्त भावप्रधान हुन्छ । त्यसलाई आफ्नो साध्यको विषयमा कुनै सन्देह हुँदैन । उसको हृदय स्वभावले नै ऊप्रति आकर्षित हुन्छ र ऊ उसको साथ घुलमिल भएर एक हुनका लागि लालयित रहन्छ । जब ऊ विषयदेखि विमुख हुन्छ, तब सबै प्रकारको सांसारिक सम्बन्धलाई छाडेर प्रभुसँग नाता जोड्दछ । यस प्रकार अरु सबै आश्रयलाई छाडेर ऊ भगवादाश्रित हुन्छ । यो आश्रय अनेक प्रकारको भावमा परिणत भएर प्रेमको रुप धारण गर्छ अनि त प्यारको साथ प्रेमको आदान-प्रदान गरेर जे -जति लीला हुन्छन् तिनमा प्रेम नै स्थायी भाव हुन्छ । ती लीलाको कहिल्यै अन्त हुँदैन । तिनमा ऊ जुन अलौकिक, अनिर्वचनीय एवं अप्राकृत आनन्दको आस्वादन गर्छ, सम्पूर्ण विश्वको सुख त्यसको एक कणको दाँजोमा पनि आउन सक्तैन । उसको दृष्टिमा मोक्षको सुख पनि त्यसको अगाडि नगण्य हुन्छ । त्यो आनन्द नित्य, नवीन र निरन्तर बढ्ने खालको हुन्छ । त्यो प्रमुप्रेमीको सृष्टि अलग नै हुन्छ । देहदृष्टिले यो प्राकृत प्रपञ्चमा देखिए तापनि ऊ सर्वदा चिन्मय भावजगत्मै घुमिरहन्छ । त्यो चिन्मय लोकमा जुन रसमयी लीला हुन्छ, उसमा भक्त, भगवान् र सेवकको भेद खालि लीला मात्र हुन्छ ।उहाँ धाम, धामी र लीला सबै रसरुप नै हो । यो रस चिन्मय छ । चिन्मय पनि उसलाई लीलालोकमा नै भनिन्छ, वास्तवमा त त्यो चिन्मात्र नै हो । यसप्रकार जिज्ञासुलाई आफ्नो परम लक्ष्य प्राप्त हुँदा जुन सर्वाधिष्ठानभूत चिन्मात्र तत्वको उपलब्ध हुन्छ, त्यही आफ्नो प्रेमी भक्तहरुलाई दिव्य चिन्मय प्रेमरसको आस्वादन गराउनका लागि रस-रुपले अधिव्यक्त हुन्छ । वस्तु एकै हो खालि उपलब्धि र आस्वादनको नै भेद हो । सुवर्ण र आभूषणमा तथा जल र समुद्रमा जस्तो तत्वतः केही अन्तर छैन, उस्तै प्रकार ज्ञानीलाई उपलब्ध हुने परब्रह्म र प्रेमीलाई प्राप्त हुने रसरुप भगवत्तत्वमा पनि केही भेद छैन ।

जुन महानुभावलाई यो परमपदको प्राप्ति हुन्छ, उसको आफ्नो कुनै अलग अस्तित्व हुँदैन । ऊ त यो अनन्त र अखण्ड तत्वबाट अभिन्न हुन्छ । सबै प्रकारको अहंता पग्लेर जाँदा नै यो चिन्मय अमर पदको अनुभूति हुन्छ । अहंताले नै यो चिन्मात्र अभय पदमा जडता एवं मृत्युको भास गरायो । सम्पूर्ण प्रपञ्चको निषेध हुँदा पनि यसको अनुभूति हुन्छ, अतः यो सर्वातीत छ । किन्तु अनुभव हुँदा यो सर्वरुप ठानिन्छ । यसप्रकार सर्वातीत नै सर्व हो । सर्वातीत नै परब्रह्म हो र सर्व नै भगवान् वासुदेव हुनुहुन्छ । यही सर्वमय भगवान् वासुदेव नै भावुक भक्तहरुलाई अलौकिक भाव-रसको आस्वादन गराउनका लागि चिन्मय धाम, धामी र सेवकको रुपमा

प्रकट हुनुहुन्छ । अतः तत्वज्ञानीहरुको परब्रह्म नै भक्तहरुको भगवान् हो । जुन प्रकारले परब्रह्मको ज्ञान हुनाले केही जान्न बाँकी रहँदैन उस्तै प्रकारले भगवान्को प्राप्ति हुनाले पनि अरु केही पाउन बाँकी रहँदैन, किनकि सबै कुरा उनैको दृष्टिविलास त हो । ए सोझो मान्छे ! जीवनको परमलाभ सम्झेर जुन पद, प्रतिष्ठा र राज्यवैभव आदिको पछि तँ भट्किरहेको छस्, त्यसको महत्व त तेरै आसक्तिको चमत्कार मात्र हो । तैंले मोहवश आफ्नो मूल्य घटाएर नै उनीहरुको महिमा बढाएको होस् । प्रिय पाठक ! त्यो सबै तेरै छाया हो । जुन व्यक्ति सूर्यबाट विमुख भएर आफ्नो छायालाई पक्रनका लागि दौड्दछ, ऊ कहिल्यै त्यसलाई पक्रन सक्तैन किन्तु यदि छायँबाट मुख मोडेर ऊ सूर्यपट्टि बढ्न लाग्यो भने छायाँ उसको पछाडि लाग्दछ । यस्तै दशा यो मोडेर मायाका मालिकप्रति बढ्न लाग्दछ, उसको पछाडि यो स्वयं लाग्दछ । परन्तु ऊ कहिल्यै यतापट्टि आँखा उठाएर पनि हेर्दैन । अतः आफ्नो त्यो वास्तविक अधिकारमा अभिषक्त भइस् भने जुन वस्तुहरुका लागि आज तँ भड्किरहेछस् ती सबै तेरो पछि आउँछन् । यसकारण सबको मोहममता छाडेर तँ आफ्नो यो निज धामका लागि हिँड् ।

आफ्नो यो वास्तविक अधिकारलाई पाउनमा तँलाई कुनै प्रकारको पराधीनता पनि छैन । यो मेरो निजी सम्पत्ति हो, तँसंगै छ, तँलाई नै प्राप्त छ । केवल अन्य वस्तुहरुको आसक्तिले नै तँलाई यसको प्राप्तिको भ्रान्ति भइरहेछ । त्यस भ्रान्तिको निवृत्ति नै त्यसको प्राप्तिको साधन हो । भ्रान्तिको वास्तवमा आफ्नो केही सत्ता नै छैन, र जसको सत्ता नै छैन, त्यसको निवृत्तिमा परिश्रम पनि के हुन सक्तछ, न यसका लागि कुनै प्रकारको संग्रहको नै अपेक्षा छ । अतः यो प्राप्त गर्न तँ सर्वथा स्वतन्त्र छस्, यो पाउनका लागि नै तँलाई शरीर मिलेको छ र यसको प्राप्ति भएमा अरु पाउनुपर्ने कुरा केही पनि शेष रहँदैन । फेरि तँ आफ्नो यो अक्षयनिधिलाई छाडेर अन्त कहाँ भौतारिरहन्छस् ? अस्तु ।

# धर्मको परिभाषा

हामी जहाँसुकै ' धर्म' शब्दको उच्चारण गरौँ, त्यसबाट हाम्रो अभिप्राय ' वाद' (ism) लक्षित हुँदैन, अथार्त् केवल अध्यात्मविचार नै धर्म होइन । ' धर्म' त्यो निष्ठा, विचार तथा क्रियापद्धतिको नाम हो जो सबैलाई धारण गर्छ, जसबाट मनुष्यको सात्विक उत्थान हुन्छ । जो प्राणिमात्रको वास्तविक हित तथा सुखको साधन हो तथा अन्तमा निःश्रेसय या मोक्षको प्राप्ति गर्नेवाला हो, त्यही धर्म हो- यतोऽभ्युदयनिश्रेयसः सिद्धि स धर्मः (वैशेषिक १/ २) । परन्तु दुर्दैवले आज धर्मको स्थान ' भोगवाद' ले लिइरहेछ । आजको भोगवादी मानव यस धर्मको परवाह गर्दैनन् । यसको निश्चित सिद्धान्त नै हुन्छ कामोपभोग-कामोपभोगपरमा एतावदिति निश्चिताः (गीता १६-११) विषयभोगमा लागेका मनुष्य, बस ' यही सबै कुरा हो' भनी निश्चित रुपले मान्दछन्- न मां दुष्कृतिनो मूढाः प्रमद्यन्ते नराधमा- अर्थात् आसुरी भावका, माययाऽपहृतज्ञाना आसुरं भावमाश्रिताः (गीता ७-१५) आश्रय गरेको मायाद्वाा अपहृत ज्ञानवाला दूषित कर्म गर्ने नराधम मूढ म (भगवान) लाई स्मरण गर्दैनन्- भगवान्लाई भज्दैनन्, भोगमा लागिरहन्छन्, यसकारण उनीहरु नराधम तथा मूढ हुन् ।

यस्ता भोगवादी असुर मानवलाई जीवनमा मिल्दछ-चिन्ता, अशान्ति, कामनाजनित पाप-ताप तथा मृत्यसको पछि नरकको प्राप्ति तथा बन्धन । यथा चिन्तामयरिमेयाँ च प्रलयन्तामुपाश्रिताः (गीता १६-११) मृत्युको अन्तिम क्षणसम्म अपरिमित चिन्ताहरुले घेरिरहन्छन् तथा अनेकचित्त विभ्रान्ताःमोहजालसनावृत्ताः (गीता १६ -१६) मोहजालबाट समावृत्त अनेक प्रकारबाट भ्रमित चित्त अशान्त रहन्छ ।

हिन्दू संस्कृतिमा जुन ' कर्तव्य' र ' त्याग' को आदर्श थियो, त्यसको ठाउँ आज अधिकार एवं भोगले लिइरहेछ। सबैजना अधिकार, अर्थ या भोगको पछि उन्मत्त छन् । कर्तव्य तथा त्याथ हुँदा उचित अधिकार र अर्थभोग स्वतः आउँछ । राम र भरतको इतिहास यसको साक्षी हो । कर्तव्य र त्यागको कारण दुवैको अधिकार कायम रह्यो । दुवै उचित अर्थका भागी भए । हाम्रो आदर्श नै थियो- ' कर्तव्यमय त्याग' । अमृत्वको प्राप्ति त्यागबाट नै हुन्छ । उपनिषद्को वाणी छ- ' न कर्मशा न प्रजया धनेन, त्यागेनैके अमृतत्वमानशु-कर्मबाट होइन, प्रजाबाट होइन, धनबाट होइन, एक थरीले त्यागबाट नै अमृतत्व प्राप्त गरे- यस्तो नै वेदको उपदेश छ । ईशावास्यमिदंसर्वयत्किञ्च जगत्यां जगत् । तेल त्यक्तेन भुञ्जीथा मा गृधः कस्य चित्र् धनम् । (शुक्लयजुर्वेद ४०-१० अर्थात- " अखिल विश्वमा जुन कुनै जड चेतन जगत् छ, ती सबै ईश्वर व्याप्त छन् । ती ईश्वरलाई साथ राखेर (याद गरेर) त्यागपूर्वक भोग गरिराख । यसमा आसक्त नहोऊ । कसैको पनि धनको इच्छा नगर ।" आज यो कुरा उपहासको वस्तु जस्तो बनिसक्यो । आज प्रत्येक वस्तुहरुको मूल्याङ्कन हुन्छ- आर्थिक या भोगको दृष्टिबाट । आत्माको प्रकाश गर्ने खालको ' शिक्षा' पनि आज भोगदृष्टिले नै हुने गर्छ । प्रत्येक वस्तुमा यसै दृष्टिले विचार विमर्श गरिन्छ- यसमा आर्थिक लाभ छ या छैन, यो सबै भोगवादको नै विषालु प्रभाव हो ।

यो भोगवादको विषले आक्रान्त हुनाले नै आज हाम्रा ठूला-ठूला अध्यात्मवादी विद्वान पनि, पाश्चात्य भोगवादी विद्वान कहीं खरबा नभनिदिऊन्, यसका लागि आफनो संस्कृतिको परम्परागत सामान्य सिद्धान्तलाई तथा इतिहासहरुलाई पनि यथार्थ रुपमा प्रकाश गर्न हिचकिचाउँछन् र त्यसलाई विकृत गरेर उनीहरुकै मतानुकूल व्याख्या गर्ने प्रयत्न गर्दछन् । यो मस्तिष्कको दासत्व ज्यादै शोचनीय तथा घातक छ । यसले हाम्रो प्राचीन इतिहास तथा ऐतिहासिक घटनाहरुको काल बदल्ने र सबैलाई ३-४ हजार वर्षभित्र ल्याउने चेष्टा गरिरहेछ, दुःखको विषय छ कि हाम्रा विद्वान पनि यो कुरालाई स्वीकार गरिरहेछन् । अस्तु । यसमा अरु बताइदिनु पनि आवश्यक छ ।

" अवश्य नै हिन्दू-संस्कृतिमा भोगको बहिष्कार पनि छैन- अर्थ र कामको तिरस्कार छैन- परन्तु यिनीहरु जीवनका लक्ष्य होइनन् । भोग रहोस् तर रहोस् धर्मको नियन्त्रणमा र उसको लक्ष्य हो मोक्ष या भगवत्प्राप्ति ।" पुरुषार्थचतुष्ठ्यमा अर्थ-काम भगवत्सेवामा नियुक्त भएर मोक्षको प्राप्तिको साधन बन्छ र त्यही ' अर्थ-काम'

जीवनको लक्ष्य बनेर मनुष्यलाई घोर अशान्ति तथा चिन्तामय जीवन बिताउनलाई बाध्य गरेर अन्तमा महान् दुःख दिन्छ ।

यस युगमा जड विज्ञानले पर्याप्त उन्नति गरेको छ । विभिन्न प्रकारको गवेषणाले नयाँ-नयाँ तथ्य आविष्कृत भएको छ । व्यावहारिक जीवनमा यी तथ्यहरुले विभिन्न प्रकारका यन्त्रहरुको रुप धारण गरेको छ । भौतिक सुख प्राप्तिको उद्देश्यले यी यन्त्रहरुको प्रचुर व्यवहार भइरहेछ । फलतः समाजमा अपूर्व परिवर्तन भइसकेको छ ।

**विज्ञानको अद्‌भुतता**

आज विज्ञानद्वारा आविष्कार गरिएका तथ्यहरु जीवनका अनेक क्षेत्रमा प्रयोग भइरहेछन् । उनीहरुमा दुईओटा क्षेत्र विशेष रुपले दृष्टिलाई आकर्षित गर्दछन् । मनुष्यको यातायात (Transportation) तथा संवादको आदान-प्रदान (Comunication) यी दुई दिशाहरुमा परिवर्तन चामत्कारिक छ । पहिलेका मान्छे घण्टामा चार मीलदेखि धेरै हिड्न सक्तैनथे, आज वायुयानबाट हजारौं मीलसम्म जान सक्तछन् । पहिलेको मान्छे प्राणपणबाट जोर गरेर पनि तीनसय हातभन्दा ज्यादा पर आफ्नो आवाज सुनाउन सक्तैनथ्यो, आज रेडियो यन्त्रको सहायताबाट हजारौं माइल परको संगीत घरमा बसेर सुन्दछन् । विज्ञानको प्रसादले टाढाका मानिस नगीच भएका छन् । टाढाटाढाका घटनाहरुले नर-नारीको दैनिक जीवनमा प्रभाव पारिरहेछन् । पृथ्वी आयतनमा मानौं छोटो भएको छ । दूरदेशबासी मानौं छिमेकीसमान नगीच भएका छन् । आधुनिक जड-विज्ञानको यो एउटा आश्‍चर्यजनक दान हो । यो सबै सत्य हो ।

परन्तु यो महान् परिवर्तनको साथ-साथ विज्ञानले एउटा अद्‌भुत समस्याको सृष्टि पनि गरेको छ । विज्ञानले दूरलाई निकट ल्याइदियो, यो जसरी सत्य छ, यसभन्दा पनि अधिक कटु सत्य यो छ कि यसै विज्ञानले हाम्रो निकटतमलाई ज्यादै टाढा गरिदिएको छ । विज्ञान एउटैको प्रसारणले दुइटा विभिन्न विपरीत फल फलेको छ, यो आश्‍चर्यको विषय हो । यस युगमा (वैज्ञानिक युगमा) मनुष्य छिमेकीलाई चिन्दैनन् । आत्मीय स्वजन, बन्धु-बान्धव यहाँसम्म कि ऊ माता-पितासम्मको खबर राख्दैन । मनुष्यको साथ मनुष्यको कुराकारी र व्यवहारमा अधिक अंशसम्म कृत्रिमताको आवरण रहन्छ । के व्यक्तिहरुमा, के जातिहरुमा, के राष्ट्र हरुमा, सबैतिर एकको अन्तः करण दोस्रोको कपटको आवरणले आवृत्त हुन्छ । अकपट भावको आदन-प्रदान एक अतीतकालको कहानी बनिसक्यो । सबै काममा यन्त्रको मध्यस्थताले मनुष्य यन्त्ररुपमा परिणत भइसकेको छ । कतै यन्त्र-यन्त्रको संघर्ष बढेर बारुदले घर नउडोस्, यस भयसले सबै भयभीत, संत्रस्त र सशङ्क भएर चिन्तामय जीवनयापन गरिरहेछन् ।

यन्त्र-सभ्यताले जन-संघर्ष बढाएको छ । मनुष्य-मनुष्यको शरीरलाई धकेलेर चलिरहेछ । मनुष्यको दवाबले मनुष्य पिसिएर मरिरहेछ । चारैतिर जनसमुद्र फैलिएको छ तथा यसभित्र प्रत्येक मनुष्य मानौं असहाय एक्लो छ, आफ्नो भारले आफैं कातर भइरहेछ । जुन विज्ञानले दूरलाई निकट ल्याइदियो, उसले आफ्नालाई पराई बनाइदियो, कत्रो दुःखको कुरा ! जन-सम्पर्क अवश्य बढेको छ, किन्तु लोक-संग्रको कार्य मानौं एक पटक सधैंको लागि बिदा भयो । मानिसहरुको शरीरको स्पर्श त भइरहेछ, किन्तु प्राणले प्राणको स्पर्श गर्दैनन् । निरन्तर धक्काधक्की चलिरहेछ, परन्तु एकचोटि पनि अङ्कमाल गर्दैनन् । मनुष्य हात, गोडा, आँखा र कानलाई बढाउनका लागि बुद्धि र यन्त्रलाई बनाइरहेछन्, परन्तु त्यसले दीन सङ्कुचित आत्मालाई विशाल रुपमा देख्न साधन बिर्स्यो ।

यस युगमा मनुष्यको दहिक क्षुधा बढेको छ, परन्तु आत्मिक क्षुधा मऱ्यो । भोग-विलासको सामग्री बढेर हजारौं-हजार पसलहरुको शोभामा वृद्धि भइरहेछ, परन्तु आत्माको महान् गुण-समूह मृतवत् भएर मानवीय सभ्यता मरुभूमिमा परिणत भइरहेछ । यो वर्तमान युगको समस्या हो, यही वर्तमान युगको सर्वापेक्षया महान्

प्रश्न हो । यो बिराट् मानवीय आवरण कसरी दूर हुन्छ ? आर्थिक र राजनीतिक स्वार्थलाई लिएर मनुष्य मनुष्यको अति निकट छ । परन्तु धार्मिक र आध्यात्मिक स्वार्थलाई बिर्सेर ऊ एक-अर्कादेखि टाढा छ, अति टाढा छ ! ! देहसँग समीप छ र प्राणदेखि टाढा छ । मनुष्य-मनुष्यको संघर्ष निष्प्राण यन्त्रको संघर्ष समान भएको छ । यो अद्‌भुत असामञ्जस्यले नै मनुष्य समाजमा सब प्रकारको अशान्ति उत्पन्न भएको छ । यस असामञ्जस्यको समाधान कसरी हुन्छ ? यही यस युगको मौलिक जिज्ञासा हो । ज्ञात या अज्ञात रुपले मनुष्य यही जिज्ञासाको उत्तर खोजिरहेछ । अनेकौं सभा-समितिहरु दिन-प्रतिदिन स्थापित र विसर्जित भइरहेछन्, परन्तु मूल प्रश्नको उत्तर मिलेको छैन ! मिलेकै छैन ! !

शिवविहीन यज्ञ जसरी दक्षयज्ञ हो, उस्तै प्रकारले आध्यात्मिकताविहीन सभ्यता युद्धको आतङ्कले ग्रस्त उन्माद मात्र हो । मनुष्यमा चाहे जतिसुकै दक्षता होओस् शिव (कल्याण-मङ्गल) नभएको मानव-जीवन-यज्ञ व्यर्थश्रम मात्र हो । वैज्ञानिक यन्त्रहरुको उत्पादनको दक्षता असीम हुँदा पनि अध्यात्म ज्ञान तथा प्रेम-प्रीतिविहीन मानव-संस्कृति मरुभूमिको तातो बालुवाको एक मुठी मात्र हो । मानवप्रेम यथार्थ अकस्मात् उत्पन्न हुँदैन । धेरै -धेरै वाग्वितण्डाको योजना, थुप्रै-थुप्रै सभा-समितिहरुको स्थापनाद्वारा उत्पन्न हुँदैन । कुनै पनि बाह्य आडम्बर हृदयलाई सरस तथा प्रेमयुक्त बनाउन सक्दैन । कुनै पनि कृत्रिम उपायबाट मानवीय एकत्व आउँदैन । हृदयको देवताको साथ हृदयको सम्बन्ध स्थापित हुँदा मात्र जीव-जीवमा प्रेम-एकता सुप्रतिष्ठित हुन्छ, अन्यथा हुँदैन-हुँदैन ! !

आजको युगको भोगवादी संसारको यही संक्षिप्त रुपरेखा हो । यति नै पर्याप्त छ । अब हामीले आफ्नो मौलिक विषय-यस युगको जिज्ञासा तथा हाम्रो अन्तिम लक्ष्य आदिको सम्बन्धमा विचार गर्नु छ ।

**हाम्रो अन्तिम लक्ष्य**

मोक्षको इच्छाले प्रेरित भएर मोक्षको मार्ग र साधनको खोजीमा निक्लेको प्रत्येक विचारवान् पुरुषको अनुभव छ- यद्यपि भगवान्द्वारा रचित सृष्टिअन्तर्गत अनन्त कोटि ब्रह्माण्डमा रहने अनन्त कोटि जीवहरुमा शरीर, इन्द्रियहरु, चित्तवृत्तिहरु, बुद्धि, विद्या, अभ्यास आदिको अंशमा अनन्त भेद रहेको हुँदा कल्याण या मोक्षको साधनबारे अनन्त कोटि मतभेद रहेका छन् तथा प्रत्येक जीवको मनमा पनि एकै दिनमा अनन्त मत परिवर्तित हुँदै जाने गर्छ, तथापि सबै जीवहरुको विचारमा यस कुरामा अत्यन्त एकता दृष्टिगोचर हुन्छ कि उनीहरुको अन्तिम लक्ष्य त एउटै हो र त्यो हो - हामीलाई सबै स्थानहरुमा, सबै समयमा, सबै अवस्थाहरुमा, सबै प्रकारबाट सुख र शान्ति नै मिलिरहोस् र हाम्रो उन्नति नै भइरहोस्, कुनै स्थानमा या कुनै अवस्थामा, कुनै प्रकारको केही दुःख या अशान्ति हुन नपाओस् । यो स्वाभाविक चित्तवृत्तिबाट प्रेरित भएर सबै जीव आफ्नो आफ्नो विचार र शक्तिअनुसार अनेक प्रकारका प्रयत्न गरिरहेछन् ।

**जीवनको चिह्न**

यसमा कुनै सन्देह या मतभेद छैन- उन्नतिको इच्छा स्वाभाविक मात्र नभई अत्यन्त आवश्यक पनि छ, किनकि उन्नतिको इच्छा र त्यसलाई प्राप्त गर्ने साधन गर्नु, हरेक जीवको मुख्य सिद्धान्त हो, र वास्तवमा जहाँ उन्नतिको इच्छा, विचार तथा प्रयत्न हुँदैन, त्यहाँ या त जीवन नै छैन या त्यो जीवन क्षीण हुँदा-हुँदै नासिन लागिरहेछ । यो एक यस्तो सर्वथा सत्य कुरा हो जसको विषयमा कुनै मतभेद हुन सक्दैन ।

**उन्नतिको सच्चा अर्थ**

उन्नतिको विचार-साधनमा यसकारण कठिनाइ हुन्छ कि उन्नति चाहँदा-चाहँदै पनि हामी राम्ररी कुनै पनि तत्वको विचार गर्दैनौं र उन्नतिको यथार्थ लक्षण थाहा नपाएर भ्रममा पर्दछौं । यति मात्र होइन आफ्नो उन्नतिको इच्छाले जेसुकै गरौं उसको फलस्वरुप उल्टो नयाँ-नयाँ दुःखमा फस्दछौं । यसकारण हामीले आफ्नो वास्तविक लक्ष्य पत्ता लगाएर साधन या मार्गको विचारमा प्रवृत्त हुनु अत्यन्त आवश्यक छ ।

### लक्ष्य र साधनक्रम

साधारणभन्दा साधारण काममा त हामी पहिले नै आफ्नो लक्ष्य (Goal or Destination)- को सङ्कल्प या निश्चय गर्दछौं र फेरि उसको विषयमा जिज्ञासा या खोज गर्न लाग्दछौं र धेरै मार्गहरु छन् भने यो खोज्दछौं- कुनचाहिं मार्ग सबैभन्दा समीप, सजिलो र सस्तो छ । परन्तु साना-साना कुरामा त आफ्नो बुद्धि, चातुरी चलाखीलाई हामी खूब काममा लगाउँदछौं, तर जीवनरुपी संसारको यात्रा (जसमा हाम्रो अनेक जन्मको सुख-दुःख निर्भर छ)- मा यति प्रमाद र लापरवाही गर्दछौं, यो कति ठूलो दुःखको कुरा ! यति मात्र होइन, विचार गरौं हाम्रो यो लामो यात्राको के लक्ष्य हो । यात्राको आरम्भ भइसकेको हुन्छ, हामी आफ्नो लक्ष्यलाई किञ्चित पनि नजानेर धेरै टाढा पुगिसकेपछि पनि आफ्नो लक्ष्यबारे विचार गर्दैनौं र मार्गमा जानेहरुसँग सोधिरहन्छौं- हामीलाई कुन मार्गबाट हिंडनु छ । यसभन्दा ठूलो प्रमाद अरु कुनचाहिं हुन सक्तछ- हामी स्वयं नै जान्दैनौं ‘ हामी कहाँ जाने ?’ र अरुसँग सोध्दछौं- ‘ कुनचाहिं बाटो ठीक हो ?’

### यसको परिणाम

हामी यो पनि जान्दैनौं- ‘ हामीलाई कहाँ जानु छ’ र अरुसँग सोद्धछौं- ‘ कुन बाटो ठीक छ ?’ परिणामस्वरुप जसलाई हामी सोद्धछौं ऊ हाम्रो अन्तर्लक्ष्यलाई नबुझ्ेर उसको चित्तमा जुन मार्ग ठीक लाग्दछ या जे आउँदछ त्यही बताइदिन्छ, फलस्वरुप त्यो हाम्रो अनुकूल हुन सक्दैन । यसकारण सर्वप्रथम आफ्नो असल र सच्चा लक्ष्यको पत्ता लगाउनुपर्छ, तब साधन या मार्ग स्वयं नै जुर्छ ।

### वास्तविक लक्ष्य (गन्तव्य-स्थान) एक नै छ

सर्वप्रथम, यो त स्पष्ट नै छ प्रत्येक मनुष्यको चित्तमा नित्य अनेक विचार र इच्छाहरु उत्पन्न भइरहन्छन् र बदलिरहन्छन् । कसैको पनि एउटा निश्चित लक्ष्य छैन, फेरि सबैको एउटै लक्ष्य करी हुन्छ ? परन्तु जब हामी माथिको स्थूल विचारलाई छाडेर सूक्ष्म र गहिरो विचारमा जान्छौं र त यो स्पष्ट नै प्रतीत हुन्छ कि अन्तिम र सच्चा लक्ष्य सबैको एकै प्रकारको र एकै लक्ष्यको छ ।

### साधनको विचारमा भेद

सत्य त यो प्रतीत हुन्छ कि कोही धनका लागि लालयित छन् त कोही शारीरिक बलका लागि, कोही पदका लागि त कोही मानका लागि । तर गम्भीरतासाथ विचार गर्दा प्रत्यक्ष नै थाहा हुन्छ कि कुनै पनि पुरुष धन, मान, इज्जत, स्वास्थ्य आदिका लागि मात्र यी वस्तुहरुलाई चाहँदैनन्, बरु यो वस्तुहरुलाई शान्ति र आनन्दरुप वास्तविक लक्ष्य सम्झ्ेर र मानेर यसको प्राप्तिका लागि प्रयत्न गर्दछन् । यदि कसैलाई सोध्यों - तँ धन किन चाहन्छस् त ? ऊ यही उत्तर दिन्छ कि यो-यो भोगका लागि । र, भोग किन चाहन्छस् त ? आनन्दका लागि । र, आनन्द किन चाहन्छस् त ? आनन्द स्वाभाविक हो । केवल यिनै उत्तर हुन सक्तछन् । उपनिषद्मा भनिएको पनि छ- न वा अरे सर्वस्य कामाय सर्व प्रियं भवति आत्मनस्तु कामाय सर्व प्रियं भवति ।

**लक्ष्यको एकता र लक्षण**

परिणाम यो निक्ल्यो कि सबैको सांसारिक व्यापारको केवल एक नै लक्ष्य छ र त्यो हो केवल आनन्दलाई प्राप्त गर्नु । बाह्य भेद खालि साधनको विषयमा नै हो, लक्ष्य त सबैको एक नै हो । अब विचार गर्नुपर्छ त्यस लक्ष्यको के के लक्षण छ । यो जान्नका लागि शास्त्र र महापुरुषहरुको वचन नै प्रामाण हो, उनीहरुबाट नै यस विषयको सम्यक् ज्ञान हुन सक्तछ । तर यदि कोही मनोवैज्ञानिक दृष्टिले, केवल आफ्नै चित्तसँग सोधोस् कि तँ केके चाहन्छस् ? त हाम्रो चित्तको सही उत्तर नै हाम्रो लक्ष्यको लक्षण हुन्छ । चित्तको सही उत्तर यही हुन सक्तछ-

१. **सत्स्वरुप-** चित्तबाट ज्ञात हुन्छ " म सदैव बाँचिरहूँ" - चाहे जतिसुकै सांसारिक दुःख किन भोग्न नपरोस् वा भोगिरहेको होस्, तापनि सधैं नै जीवनको इच्छा बनिरहन्छ । र, यदि कसैसँग ' किन ?' भनी सोधेमा उत्रर यो हुन्छ- यो स्वाभाविक हो । स्वभावलाई लिएर ' के' भन्ने प्रश्न नै उठ्तैन । जस्तै- तामाको भाँडालाई अमिलो आदिले जतिसुकै सफा चम्किलो बनाएर राख, तैपनि त्यो आफ्नो स्वाभाविक मैलो हुने धर्मले गर्दा एकैछिनमा पहिले जस्तै मैलो नभई छाड्दैन किनकि त्यसको प्राकृतिक लक्षण चमक होइन । यसबाट यो पत्ता लाग्यो- कुनै पदार्थको स्वाभाविक लक्षणलाई लिएर ' किन' भन्ने प्रश्न उठ्दैन । यसरी सिद्ध भयो - सधैं बाँचिरहनु नै हाम्रो लक्ष्यको सबभन्दा पहिलो लक्षण हो र शास्त्रमा यसलाई सत्य पदार्थ भनिन्छ ।

२. **चित् पदार्थ-** फेरि यदि चित्तलाई सोधियो- " तँ हिमालयको सामान सधैं जीवित रहनमा सधैं सन्तुष्ट छस् ?" त उत्तर यही हुन्छ- " छैन, हामी जड भएर बाँच्न चाहँदैनौं," जीवित भएर सबै पदार्थलाई जान्न चाहन्छौं अर्थात् ज्ञान चाहन्छौं, यही हाम्रो लक्ष्यको दास्रो लक्षण हो, शास्त्रमा यसैलाई चित्त भनिन्छ ।

३. **आनन्द-पदार्थ-** यदि फेरि आफ्नो मनसँग यो प्रश्न गरियोस् - यदि जीवित भएर र सबै पदार्थलाई जानेर पनि हामी अरु केही चाहन्छौं या चाहँदैनौं, त मनको उत्तर यही हुनेछ- हामी यसको अतिरिक्त सुख र आनन्द पनि चाहन्छौं । सधैं जीवित रहेर सबै पदार्थलाई चिनेर पनि दुःखमिश्रित जीवन भोग्नुपर्‍यो भने हामी सन्तुष्ट हुँदैनौं । हामी सुख र आनन्दपूर्वक बाँच्न चाहन्छौं र सुख पनि अल्प या परिच्छिन्न होइन अखण्ड र परिपूर्ण आनन्द नै चाहन्छौं । जसमा दुःखको लेश मात्र पनि कहिल्यै नहोस् । यो हाम्रो लक्ष्यको तेस्रो लक्षण हो, जसलाई शास्त्रमा आनन्द भनिन्छ ।

४. **मोक्षस्वरुप-** यो सबै जीवन, ज्ञान र आनन्द हुँदाहुँदै पनि मनलाई सोधौं- हामी यतिले नै सन्तुष्ट हुन्छौं या अरु पनि केही चाहन्छौं ? त उत्तर मिल्दछ- हामी सधैं जीवन, ज्ञान र आनन्द त भोग्न चाहन्छौं,तर पराधीन भएर होइन । हामी यी सबै स्वतन्त्रतापूर्वक भोग्न चाहन्छौं र पराधीनता परम दुःख हो - यो खालि हाम्रो मात्र होइन सारा देशहरु र जातिहरुको सिद्धान्त हो । र मोक्षको स्वरुप पनि शास्त्रहरुको अनुसार यही हो, अर्थात् सबै बन्धनबाट निवृत्ति नै मोक्षको स्वरुप हो । बन्धन मात्र नै दुःखको स्वरुप हो, अवाञ्छनीय हो ।

५. **ईशस्वरुप-** अमरता, अखण्ड ज्ञान, परिपूर्ण आनन्द र स्वतन्त्रता समेत मिले पनि यो जीव सन्तुष्ट हुँदैन । अझै चाहन्छ- मेरो इच्छानुसार सब संसार चलोस् र मलाई कसैको इच्छानुसार चल्न नपरोस् । मनुष्य त एउटा सानो बालक पनि यही चाहन्छ- आमा-बाबु मेरै बुद्धि र इच्छानुसार चलून् । महान् आश्चर्यको कुरा हो तर हो अत्यन्त सत्य । एकातिर हामी समेत सबै जीवन स्वतन्त्रता चाहन्छन् भने दोस्रोतिर हामी यो चाहन्छौं, अरु सबै हाम्रो वशमा रहून् र हाम्रो इच्छानुसार चलून् । कस्तो परस्परविरोधी कुरा ! तर हो बिलकुल ठीक । हामी खाली स्वतन्त्र रहन मात्र होइन अरुलाई आफ्नो अधीनमा राख्न पनि चाहन्छौं र यही नै शास्त्रहरु अनुसार ईशन् या ईश्वर-स्वरुप हो ।

संसारको कुनै पनि जीव, धर्म या देशको यसको विरुद्ध लक्ष्य छैन । सबैको लक्ष्य यही हो । तब यी उपर्युक्त पाँच लक्षणको एक नाम भयो ' ईश्वर' । किनकि सबै देश र धर्मका धर्मशास्त्र पनि लगभग ईश्वरको यही पाँच लक्षण बताउँछन् र यसको प्राप्तिको स्थान पनि मनुष्य शरीर नै हो । यही ईश्वरको दार्शनिक र सार्वभौम परिभाषा हो । जुन नास्तिक ईश्वरलाई नमान्ने अभिमानमा छ, ऊ पनि आफूमा यी पाँच लक्षणहरुलाई मानेर ईश्वरलाई साक्षात् आफूमा देख्न चाहन्छ । अन्यथा उसले मान्नुपर्छ, " म यी पाँच गुणवाला ईश्वरको विरुद्ध लक्षण अर्थात् असत्ता (मृत्यु), अज्ञान (जडता), दु:ख परतन्त्रता तथा पराधीनता आदिको हार्दिक इच्छुक छु,- " संसारको कुनै पनि प्राणी यी कुराको इच्छा गर्दैनन् । यस कारण संसारमा कुनै मानिस नास्तिक छैन र न हुन नै सक्तछ । आफैलाई ईश्वर नमान्ने ए मित्र ! नास्तिकताको वृथा अभिमान छाडिदेऊ । आफ्नो भूललाई स्वीकार र ठीक बाटोमा जाऊ । ईश्वरले तिम्रो कल्याण गरुन् । यसले यो सिद्ध भयो हामी नर हुँदाहुँदै पनि नारायण बन्ने फिक्रीमा आफ्नो-आफ्नो विचारअनुसार प्रयत्न गरिरहन्छौं । अरु धर्म यो अद्वैत भावलाई यथार्थ रुपमा नसम्झनाले यससँग डराऊन् र यसलाई नमानून्, परन्तु सनातन धर्म यसलाई अवश्य नै मान्दछ र यसमा अटल छ । अस्तु ।

यहाँसम्म हामीले आफ्नो लक्ष्यको विषयमा संक्षेपमा केही विचार गऱ्यौं । अब यसपछि यो हेर्नु छ हाम्रो यस लक्ष्यको प्राप्तिको साधन के छ ? संसारमा जति पनि मतभेद देखिन्छन्, त्यो सबै साधनलाई लिएर भएको हो, लक्ष्यलाई लिएर होइन, लक्ष्य त सबैको एक नै छ । मनुष्य सात्विक, राजस र तामस त्रिविध प्रकृतिको हुनाले कुनै एक साधन सबैको अनुकूल हुँदैन । साधनमा भेद अवश्यम्भावी छ । यसै बाह्य भेदलाई लिएर हो-हल्ला नगर ! अलि गम्भीरतासाथ विचार गर ।

यस प्रकार दु:खको आत्यन्तिक निवृत्ति प्राणिमात्रको जीवनको लक्ष्य स्वीकार गर्नामा कुनै पनि प्रकारको शङ्काको अवकाश नै छैन, किनकि दु:खको त नाम मात्र लिंदा पनि सबै प्राणी स्वभावत: निधारमा गाँठो पार्दछन् । यसरी परमानन्दको प्राप्ति, सबै दु:खहरुको अत्यन्त निवृत्ति प्राणिमात्रको जीवनको स्वभाविक लक्ष्य हो भन्ने सिद्ध भयो र यही मोक्षको स्वरुप हो ।

संसारी विषय कदापि सुखस्वरुप होइन, सुखस्वरुप त केवल परमानन्द नै हो । अब संसारिक विषयजन्य सुखहरुको वास्तविकतामा विचार गर्ने हो भने त मुक्त कण्ठले यही भन्नुपर्छ- आफ्नो स्वरुपले त्यो कदापि सुखस्वरुप ठहरिदैन, किन्तु सुखशून्य भोग्य विषयमा सुख-बुद्धि, यही एक मात्र जीवका दु:खहरुको मूल हुन्छ । अन्ततः जस -जसले यो विषयजन्य सुखलाई आफ्नो जीवनको लक्ष्य बनाए, उनले मानौं तीनै लोकको दु:खलाई अपनाए । वर्तमानमा जुन जुन पशु-पक्षी अथवा देव-मनुष्य आदि प्राणीलाई जुन जुन योनि अथवा तज्जन्य दु:खको प्राप्ति भइरहेछ, त्यसको मूलमा निविवाद रुपले एकमात्र हेतु यही छ उसले अवश्य नै कुनै समयमा यी सुखशून्य विषयहरुलार्य सुख-बुद्धिले समातेको छ । यसैले शास्त्रहरुले यी विषयलाई कुनै हालतमा पनि सुखस्वरुप भनेनन्, किन्तु अस्ति-भातिप्रियस्वरुप अथवा सत्-चित्-आनन्दरुप एकमात्र भगवान्को स्वरुप नै भने । शास्त्रहरुमा म यो पनि भनियो विषयजन्य सुखको भोगकालमा पनि प्राणीमात्रलाई जुन क्षणका लागि जति मात्रामा जुन सुखको उपलब्धि हुन्छ, त्यो सुख विषयबाट कदापि आउँदैन, किन्तु त्यस विषयको निमित्तले त्यो समय आफ्नो हृदयमा नै स्थित एक मात्र आफ्नो परमानन्द स्वरुपको नै अभिव्यक्ति हो, जुन देश-कालको सीमादेखि रहित छ । किनकि-

१. पहिला त सुखस्वरुप या आनन्दस्वरुप त्यो वस्तु हुन सक्तछ, जुन सर्वदा एक रसस्थित होस् । जुन वस्तु कहिले छ र कहिले छैन त्यो त सुखस्वरुप बन्ने नै कसरी ? एकरस त्यही वस्तु रहन सक्तछ जुन निर्विकार देश-कालको परिच्छेदबाट रहित, त्रिकालाबाध्य र सत्-स्वरुप छ । यसप्रकार जुन वस्तु निर्विकार सत्-स्वरुप छ उसको स्वयं प्रकाश हुनु त निश्चित नै छ र उही आनन्दस्वरुप हुन सक्छ । यसको विपरीत जब यो भोग्य विषय क्षण-परिणामी छ, विकारी देश-कालको चक्करमा छ, उत्पत्ति-नाशरुप छ तथा असत्-जड रुप छ, तब सुखस्वरुप कसरी हुन सक्तछ ?

२. यदि यो विषय सुखस्वरुप हुँदो हो त यसले त्यस समयमा पनि हामीलाई सुखी बनाउनुपर्थ्यो, जब हामीलाई यिनीहरुको इच्छा हुँदैन । पेट भरिएपछि यद्यपि भोजनको इच्छा केही समयका लागि निवृत्त हुन्छ, तथापि सुखको इच्छा त कुनै पनि समयमा पनि लोप हुँदैन र यो त्यस बेला पनि विद्यमान नै रहन्छ । सुख त्यसै वस्तुबाट नै आएको हो भन्ने वस्तु अहिले पनि हाम्रो सन्मुख विद्यमान नै छ, तथापि पेट भरिएपछि, हामी कराउँदछौं, पुग्यो पुग्यो - अब त एक गाँस पनि विष हुन्छ । यस्तै प्रकारले रसको अत्तिरिक्त शब्द, स्पर्श, रुप र गन्ध, यी चार विषयहरुलाई पनि बुझ्नुपर्छ ।

३. यदि यो विषय सुखरुप हो त संसारमा कम से कम कुनै एक विषय त सबका लागि सुखस्वरुप ठहिरिनुपर्छ । जस्तो मिश्री आफ्नो स्वरुपले मीठो छ त उसलाई सबै मीठो भन्दछन् । ब्रह्मादेखि लिएर कमिलापर्यन्त सबै प्राणीहरुका चेष्टा आफ्नो-आफ्नो विचारअनुसार यद्यपि भिन्दाभिन्दै छन्, तथापि सबैको अभिष्ट सुख नै हो । परन्तु संसारमा कुनै पनि विषय यस्तो छैन, जसलाई सबै प्राणी सुखरुपले ग्रहण गर्दछन् । यसको विपरीत यहाँ त कोही स्त्री-पुत्रादिमा, कोही यसको चाहनामा सुख खोजिरहेका छन् त कोही यसको त्यागमा ।

४. जस-जसले आफ्नो -आफ्नो विचारअनुसार जुन-जुन विषयलाई सुखरुप माने, वास्तवमा त्यही विषय सुखरुप हुँदो हो त त्यो विषय प्राप्त गरेपछि सुखका लागि उसको दौडधूप बन्द हुनुपर्ने हो, किनकि सुखस्वरुप त्यो वस्तु अब उसलाई प्राप्त छ । परन्तु यस्तो भएको देखिँदैन, बरु वाञ्छित वस्तु प्राप्त भएपछि पनि सुखको निम्ति उसका अनर्गल प्रवृत्ति देखिन्छ ।

५. यदि विषयमा नै सुख प्राप्त भएको भए त सुषुप्तिमा त सबै विषयहरुको अभाव हुन्छ, यसकारण त्यहाँ कसैलाई पनि सुख नमिल्नुपर्ने, परन्तु त्यहाँ सबैलाई निर्विषयक सुखको प्राप्ति नै हुन्छ ।

यस प्रकार यो स्पष्ट छ- एकमात्र त्रिकालबाध्य सच्चिद्‌रुप भगवान् नै सुखस्वरुप हुन सक्तछन्, संसारी विषय कहिल्यै पनि हुँदैन । अब हेर्नुछ- तथापि वाञ्छित विषयको संयोगले सुखको अभिव्यक्ति किन हुन्छ ? यस विषयलाई वेदान्त यस प्रकार स्पष्ट गर्छ- संसारमा यावत् दुःखहरुको मूल एक मात्र रजोगुणी इच्छा नै हो, जुन अज्ञानको कार्य हो, र जुन जीवको हृदयमा नै निवास गर्छ । जहिले-जहिले जुन-जुन प्राणीलाई कुनै दुःख-सुखका प्राप्ति हुन्छ, त्यसको मूलमा निश्चय नै यसै नियमको राज्य हुन्छ । जब कुनै दुःखको प्राप्ति हुन्छ, तब अवश्य कुनै इच्छाले उसको हृदयलाई निचोरिरहेको हुन्छ र जब कुनै सुखको प्राप्ति हुन्छ, तब अवश्य उसको हृदय कुनै-न-कुनै इच्छाले खालि भएको देखिन्छ । प्रत्येक प्राणी आफै अनुभवले यस सिद्धान्तको सत्यलाई प्रमाणित गर्छ । जुन प्रकार हावाले हल्लाएको ऐना अथवा पानीमा हामी आफ्नो मुख देख्न सक्तैनौं, परन्तु नहल्लिएको ऐना तथा पानीमा उसको स्पष्ट भास हुन्छ, यस्तै प्रकारले सर्वव्यापी हुनाले जुन परमानन्द हाम्रो हृदयमा पनि भरपूरु छ, परन्तु इच्छारुपी वायु नचल्नाले स्थिर अन्तः करणमा त्यसको अभिव्यक्ति स्वीच थिच्दा गुलुपमा बिजुलीको अभिव्यक्ति भए जस्तै गरी हुन्छ । यहाँनिर बुझिने कुरा के हो भने यो प्रकाश अभिव्यक्तिको नै हो । यस प्रकार वाञ्छित बल्वको होइन, किन्तु बिजुलीको हो, त्यसरी नै सुख विषयरुप बल्बको होइन, परमानन्दको पदार्थले आफै प्राप्तिद्वारा कुनै क्षणका लागि हामीलाई सुखी बनाउनमा खालि यत्ति नै काम गरेको छ, त्यसले आफ्नो इच्छाले कुनै क्षणका लागि हाम्रो हृदयलाई खालि गरिदिएको छ, किनकि पदार्थको प्राप्ति र उसको इच्छा परस्पर विरोधी हुनाले ती एक अधिकरणमा सामानकालिक हुन सक्तैनन् । यसरी सुख आएको त थियो एक मात्र इच्छाको निवृत्तिद्वारा स्थिर अन्तःकरणमा हाम्रो हृदयमा नै स्थित त्यस परमानन्दको अभिव्यक्तिले, परन्तु आफ्नो अज्ञानले गर्दा सुख आएको ठान्दछौं हामी त्यो वाञ्छित विषयमा । किनकि पदार्थको प्राप्ति, तत्सम्बन्धी इच्छाको निवृत्ति, इच्छा-निवृत्तिद्वारा हृदयको स्थिरता र स्थिर हृदयमा परमानन्दको अभिव्यक्ति- यो चारै एकै कालमा हुन्छन् । यसले गर्दा जीव आफ्नो अज्ञानले मोहित भएर वाञ्छित विषयलाई नै सुख आएको हो भन्ठानेर आधिकाधिक विषयहरुको इच्छा आफूभित्र भरेर आफ्नो हृदयलाई चञ्चल तुल्याइरहन्छ र त्यो परमानन्दभन्दा झन्-झन् टाढा भएर जान्छ । एक यही अज्ञान जीवका अनन्त दुःखहरुको मूल हो, यसै अज्ञानले प्रभावित हुन्छ विषयी जीव, मृगसमान यो मृगतृष्णारुपी विषयहरुको पछाडि दौडी-दौडीकन लखतरान हुन्छ र यस संसारबाट खालिहात जान्छ ।

परमानन्दको प्राप्तिको साधन केवल ज्ञान नै हो । यहाँ यो प्रश्न उठ्न सक्तछ- जब त्यो परमानन्द सर्वव्यापी हुनाले हाम्रो हृदयमा नै भरिपूर्ण छ, तब त्यो किन प्राप्त हुँदैन र उसलाई कुन प्रकारबाट प्राप्त गर्ने ? यसको समाधान यही हो- त्यो परमानन्द हाम्रो हृदयमा नै भरिपूर्ण छ र त्यो नित्य प्राप्त छ, परन्तु जीवको हृदय अज्ञानरुपी अन्धारले भरिपूर्ण रहनाले जीव त्यसलाई त्यहाँ देख्न सक्तैन र यस अज्ञानले गर्दा कस्तुरी मृग झैं बाह्य विषयमा त्यसको खोजी गरेर हिंड्दछ, परन्तु भित्र हराएको वस्तु बाहिर मिल्छ कसरी ? जब गुरुशास्त्रको हृपा र विवेक-वैराग्य आदि साधनले सम्पन्न भएर यो जीव आफ नो परमार्थ-पथमा आरुढ छ, तब आफ नो आत्मस्वरुपको ज्ञानद्वारा हृदयस्थ अज्ञानान्धकार निवृत्त हुनाले उसलाई त्यहाँ साक्षात् प्राप्त गर्न सक्तछ । जसरी अन्धकारको विरोधी प्रकाश नै हुन सक्तट, त्यसरी नै अज्ञानको विरोधी एक मात्र ज्ञान नै हुन सक्तछ अरु हुन सक्तैन । यदि त्यो परमानन्द आफूदेखि पृथक् हुँदो हो त उसको प्राप्तिका लागि यज्ञ, ज्ञान, तप आदि अरु साधन पनि गरिन्थ्यो, परन्तु जब त्यो आफूदेखि अत्यन्त अव्यवहित, अझ आफ नो आत्मा नै हो र ऊभन्दा निकट अरु कुनै वस्तु हुन नै सक्तैन, किन्तु एक मात्र अज्ञानको प्रभावले नै त्यो नित्य प्राप्त हुँदाहुँदै पनि अप्राप्त झैं भान हुन्छ, तब त्यसको प्राप्तिका लागि आफ नो ज्ञानको त्याग गरेर अन्य जे-जे साधन गरिन्छन्, ' दशम पुरुष' जुन उसको आफ नै आत्मा नै हो, त्यसको प्राप्तिका लागि उसको ज्ञान नै एक मात्र साधन हुन सक्तछ, अरु हुँदैन । यसकारण शास्त्रमा भनिएको छ-

**ऋते ज्ञानान्न मुक्तिः - ज्ञानबिना मुक्ति छैन**
**ज्ञानादेव तु कैवल्यम् - केवल ज्ञानले नै मुक्ति हुन्छ ।**
**नान्यः पन्था विद्यतेऽयनाय - मोक्षका लागि ज्ञानबिना अरु कुनै मार्ग नै छैन ।**

कम-उपासना आदि अरु जति पनि साधन हुन सक्तछन् ती सबै परमानन्दको ज्ञानको प्राप्तिमा प्रतिबन्धक हुन् । जीवको हृदयमा रहने जुन बेग्ला-बेग्लै दोष छ, त्यो आफ ना-आफ ना दोषहरुको निवृत्तिद्वारा परम्परादेखि साधन त हुन सक्तछ, परन्तु ती कुनै पनि परमानन्दको प्राप्तिको साक्षात् साधन हुन सक्तैनन्, परमानन्दको प्राप्तिको साक्षात् साधन त परमानन्दको ज्ञान नै हुन सक्तछ । यसकारण शास्त्रहरुमा जसरी माथि वर्णन गरिएको छ, परमानन्दको प्राप्तिको एक नै मार्ग ज्ञान हो, अरु जति पनि साधनहरु छन् ती एक नै मार्गको सिंढी या अडान (पडाव) त हुन सक्तछन् परन्तु स्वतन्त्र मार्ग कदापि हुन सक्तैनन् । किनकि-

अज्ञानको फलस्वरुप जीवको हृदयमा मल, विक्षेप र आवरण- यी मुख्य तीन दोष स्वभावतः रहन्छन् । अरु जति पनि दोष छन् ती सबै यसैका शाखा-प्रशाखा हुन सक्तछन् । यही अज्ञानरुपी अन्धकार हो, जसले गर्दा परमानन्द जीवको हृदयमा भरिपूर्ण रहँदा-रहँदै पनि, यसको निजात्मा हुँदा-हुँदै पनि, यसलाई भान हुँदैन तथा नित्य प्राप्त भएर पनि अप्रापत जस्तो हुन्छ । यी तीनै दोषहरुमा पनि मूलभूत त आवरण दोष हो, विक्षेप तथा मलदोष यसका परिणाम हुन् । " म पुण्य-पापको कता, सुख-दुःखको भोक्ता र यसकोफलस्वरुप जन्म-मरणको धर्ता संसारी हुँ" - यही आवरणको स्वरुप हो र यही आवरणमुनि यो परमानन्द छोपिएझैं रहेको छ । यसै आवरणको फलस्वरुप नाना किसिमका सांसारिक कामनाहरुको वेग हृदयमा उठिरहनु विक्षेप-दोष भनिन्छ । कामनाहरुको प्रवाहले असल-खराबको विचार नरहेर, दुर्वासनाहरुको उद्बोध भइरहनु मल-दोष भनिन्छ । यसबाट स्पष्ट हुन्छ- बन्धनहरुको मूल त एक मात्र आवराण-दोष नै हो । आवरणले विक्षेप र विक्षेपले मल-दोष उब्जिन्छ । यसप्रकार भवरोगको रोगी जीवमा अनुग्रह गरेर वेदले यी तीनै दोषहरुको निवृत्तिका लागि भिन्दाभिन्दै तीनओटा नै साधन बताएको छ । अर्थात् प्रथम मल-दोषको निवृत्तिका लागि निष्काम-कर्म, तदनन्तर विक्षेप-दोषको निवृत्तिको लागि उपासना र तदनुरान्त आवरण दोषको निवृत्तिका लागि परमानन्दस्वरुपको ज्ञान । क्रमैले यी तीनै साधन बताइएका छन् । यसकारण त्रिकाण्ड (कर्म, उपासना, र ज्ञान) नै वेद हो । यद्यपि अन्धकारको विरोधी प्रकाश नै हुन सक्छ, अर्थात् " म कर्ता भोक्ता संसारी हुँ" - भन्ने ज्ञान नै हुन सक्तछ । कर्म, उपासना आदि यस आवरणका विरोधी हुन सक्तैनन्, बरु भेदबुद्धि बिना कर्म, उपासना आदि सिद्ध नहुनाले यी झन् उल्टो आवरणका पोषक नै हुन सक्तछन् । तथापि जबसम्म प्रथम निष्काम कर्म तथ उपासनाद्वारा हृदयबाट दुर्वासना तथा कामनारुपी मल-विक्षेपलाई निकालिंदैन, त्यस बेलासम्म हृदयमा उपयुक्त ज्ञानको उद्बोध हुन सर्वथा असम्भव छ । किनकि मल-विक्षेप यी दुवै नै यस

ज्ञानका प्रतिबन्धक दोष हुन्, यसकारण उपर्युक्त शास्त्रकारहरुले प्रतिबन्धक भावलाई सबै कार्यहरुप्रति साधारण कारणसामग्रीमा स्वीकार गरेका छन् । दृष्टान्तस्थलमा यस विषयलाई यसप्रकार स्पष्ट गर्न सकिन्छ-

कल्पना गर- एउटा जलाशय धमिलो पानीले भरिएको छ र प्रचण्ड वायुले त्यसमा ज्यादै लहरहरु उठिरहेछन्, यसको साथै रातको अँध्यारो पनि छ । अब हामी उसमा आफ्नो मुख हेर्न चाहेमा देख्न सक्तैनौं, यद्यपि मुख पानीको अति साम्ु छ । पानीमा मुख देख्नका लागि सबभन्दा पहिले हामीले त्यसमा निर्मली अैषधी हालेर त्यसलाई निर्मल बनाउनुपर्छ, यसपछि त्यस ठाउँलाई हावा नलाग्ने गर्नुपर्छ र सूर्योदय भएपछि हामी त्यस पानीमा सजिलैसित आफ्नो मुख देख्न सक्तछौं । पानी निर्मल नतुल्याई निर्वात स्थल र सूर्यको प्रकाश जुटाउन सफल भइहाले पनि फोहर पानीमा हामी आफ्नो मुख देख्न सफल हुँदैनौं, यदि पानी निर्मल पारी निर्वात स्थल बनायौं र कुनै प्रकारले हामी सूर्यको प्रकाश जुटाउन सफल भइहाल्यौं भने पनि लहर उठेको पानीमा भने हामी मुख देख्न सक्दैनौं । के हामी लहर उठेको पानीमा आफ्नो मुख देख्न सक्तछौं ? कुनै हालतमा सक्तैनौं । पानीमा आफ्नो मुख देख्नका लागि हामीले पहिले निर्मल जल, फेरि हावा नलाग्ने ठाउँ र फेरि सूर्य-प्रकाश, यस सोपान-क्रमले नै चल्नुपर्छ । यस प्रकार हृदयरुपी जलाशयमा जुन बुद्धिरुपी जल भरिएको छ, उसमा अत्यन्त टड्कारो आफ्नो परमानन्दस्वरुपको साक्षात्कार गनृका लागि पनि हामीले प्रथम निष्काम कर्मद्वारा बुद्धिलाई दुर्वासनाहरुबाट निर्मल गर्नुपर्छ, तत्पश्चात् उपासनाद्वारा चञ्चलतारुपी विक्षेपलाई टाढा हटाउनुपर्छ र ज्ञानरुपी सूर्योदय गरेर अज्ञानरुपी आवरणलाई टाढा भगाउनुपर्छ । यसको सिवाय अरु कुनै मार्ग हुनै सक्तैन ।यसले स्पष्ट हुन्छ परमानन्दको प्राप्तिको एकमात्र मार्ग परमानन्दस्वरुपको ज्ञान नै हो, र त्यो अत्यन्त निर्मल अन्तःकरणमा नै प्रकट हुन सक्तछ । अरु जति पनि साधन हुन सक्तछन् ती अन्तःकरणमा रहने कुनै न कुनै ज्ञानको प्रतिबन्धक दोषको निवृत्तिका लागि नै हुन्छन् । यसकारण तिनीहरु साक्षात् अथाव परम्पराले ज्ञानको नै साधन हुन सक्तछन् । अब यसपछि संक्षेपमा यो कुरा स्पष्ट गरिन्छ- ज्ञानको अतिरिक्त अरु जति पनि साधन छन् ती सबै भिन्दाभिन्दै कुन-कुन ज्ञानको प्रतिबन्धक दोषलाई निवृत्त गरेर कुन-कुन रुपमा ज्ञानका सहायक हुन्छन् -

### (१) निष्काम कर्म

माथि जलाशयको दृष्टान्तले स्पष्ट गरियो, धमिलो पानी समानको हृदयमा या अन्तःकरणमा स्थित मलदोष ज्ञानको प्रतिबन्धक हो । यस निष्काम कर्मको आचरणले त्यस मलदोषको निवृत्ति हुन्छ । अर्थात् सकाम कर्मको अवस्थामा अव्यवसायात्मिक बुद्धि अर्थात् कर्तव्य कर्ममा अनिश्चित बुद्धि हुनाले जहाँ किसिम-किसिमका वासनाहरुको प्रवाह अन्तःकरणमा मडारिरहेको हुन्छ त्यसको फलस्वरुप जीवको गति अत्यन्त शोचनीय भएको छ, यसको स्थानमा यो निष्काम कर्मको आचरणले यस जीवलाई व्यवसायात्मिकका बुद्धि प्राप्त हुन्छ, जेले मानव-जीवनको लक्ष्य संसार नभएर भगवत्-प्राप्ति नै हुन्छ । कर्मफल भगवान्मा अर्पण गर्ने बुद्धिले रजोगुणी कर्मको वेग घट्दछ र रजोगुण घट्नाले जुन भगवान्लाई कर्मफल समर्पण गरिन्थ्यो उसको प्रेमा-भक्तिको बीज फुटेर निक्लन्छ । यसप्रकार यो निष्काम कर्म ज्ञानका प्रतिबन्धक मलदोषलाई हटाउने र ज्ञानलाई उपयोगी उपासनाको उद्बोधक (बिउँझाउने) सिद्ध हुन्छ ।

### (२) उपासना

मलदोषबाट निवृत्त हुनाले यद्यपि दुर्वासनाहरु हट्दछन् तथापि हृदयमा चञ्चलतारुपी विक्षेपले घर जमाएको हुन्छ, जसले गर्दा संसारी विषयहरुको राग हृदयबाट छेटेको हुँदैन, किनकि विषयविरोधी कुनै अरु रागले अहिलेसम्म हृदयलाई च्यापेकै छैन । यो नियम छ- हृदय सधैं रागशून्य रहन सक्तैन, यसकारण संसारी राग निकाल्नका लागि यसमा भगवान्को चरणकमलको राग भर्नुपर्छ । यस प्रसङ्गमा रागको सामान्य अर्थ प्रेम हो । चञ्चलताले गर्दा हृदयमा न त गुरुशास्त्रका वचन नै रहन सक्तछन् त नित्यानित्य-विवेक नै उठ्न सक्तछ । किन्तु जसरी पानीको भेलमा खसालिएको झार एक छिन पनि खडा रहन सक्तैन र तत्काल बगेर जान्छ,

ठीक त्यस्तै गति गुरुशास्त्रको पारमार्थिक वचनहरुको पनि हुन्छ, त्यो त अड्नै पाउँदैन । परन्तु यस प्रेमा-भक्तिको आचरणले जब त्यो भगवान्को छाया हृदयमा बन्दछ तथा-

**मच्चित्ता मद्गतप्राणा बोधयन्तः परस्परम् ।**
**कथयन्तश्च मां नित्य तुष्यन्ति च रमन्ति च ॥**

(गीता १०-९)

अर्थात् जसको चित्त र प्राणहरुको गति ममा नै छ र जो परस्परमा मेरो नै कुरा गर्ने, बुझाउने गरेर सधैं ममा नै सन्तुष्ट हुन्छन् र रमण गर्छन् ।

यस भगवद्वचनअनुसार जब यी भक्तको चित्त, बुद्धि र प्राणसमेत भगवान्मा अर्पित हुन्छ-केवल कर्म मात्र होइन- तब स्वाभाविक सांसारिक विक्षेप दब्छ र तब निर्विषयक सुखको प्राप्ति हुन्छ । यसरी उपासना, ज्ञानमा प्रतिबन्धक जुन विक्षेप छ, त्यसलाई त हटाउँछ नै र विवेकलाई पनि जगाउँछ भन्ने सिद्ध हुन्छ ।

### (३) **विवेक**

जीवको यावत् प्रवृत्ति स्वभावतः एक मात्र सुखका लागि नै हुन्छ । परन्टु जब मृगतृष्णाको जल जस्ता यी विषयहरुका लागि जति दौडँदा पनि जीवको हात केही पर्दैन, यसको विपरीत यी प्रेमाभक्तिको प्रभावले कुनै क्लेशबिना नै जब स्थिर शान्ति प्राप्त हुन लाग्दछ, तब सारासार-विवेक स्वभावतः हृदयलाई चारैतिरबाट घेर्छ र अनि संसारको नश्वरता तथा भगवान्को अचलताको चित्रले हृदयमा घर जमाउँछ यसैकोनाम विवेक हो । यस प्रकार जब हृदयमा विवेकको दुन्दुभि बज्दछ तब संसारी राग स्वभावतः वैराग्यको रुपमा बदलिन्छ, जेले गर्दा ब्रह्मलोकको भोग नै त्यस विवेकवान्को अगाडि खडा भए तापनि उसमा पनि राग हुँदैन, किनकि भगवान्को चरणकमलको प्रेमा-भक्ति र विवेकको प्रभावले त्यसबाट त्यसको सत्यता-बुद्धि निक्लिसकेको हुन्छ । यसप्रकार विवेक प्रथमतः ज्ञानको प्रतिबन्धक जुन अविवेकमूलक संसारी राग छ, त्यसको निवृत्तिद्वारा ज्ञानको सहायक वैराग्यको उद्बोधक सिद्ध हुन्छ र तदनन्तर शम आदि ६ किसिमका सम्पति एवं मुमुक्षुताको पोषक बन्छ । यी उपासना आदि सबै विषयहरुको सविस्तार विवेचना अगाडि गरिनेछ ।

### (४) **वैराग्य मुमुक्षुता र शमादि षद् सम्पत्ति**

जबसम्म कुनै वाञ्छित सुखस्वरुप वस्तु प्राप्त हुँदैन, जीवको हृदयमा स्वभावतः त्यसको इच्छा भरपूर रहन्छ । विवेक-वैराग्यको प्रभावले जब त्यस वैराग्यवान्को हृदयबाट संसारी रागको साथ-साथै उसको इच्छा पनि निक्लन्छ तब त्यसको स्थानमा तत्वजिज्ञासा अर्थात् मुमुक्षुता (संसारको बन्धनबाट छुट्ने इच्छा) हृदयमा स्वभावतः भरिन पुग्छ किनकि परमानन्दको प्राप्ति नभएसम्म कुनै न कुनै प्रकारको इच्छा भित्र रहेकै हुन्छ, इच्छाशून्य ऊ कुनै हालतमा पनि हुन सक्तैन । अर्थात् संसारी इच्छा निक्लेर गएपछि हृदयमा स्वभावतः परमानन्द प्राप्तिको इच्छा भरिन पुग्छ, यसैको नाम ' मुमुक्षुता' हो । मुमुक्षुता भरीपूर्ण हुनाले जब त्यो मुमुक्षु जन्म-मरणरुप संसार-रोगको सच्चा रोगी बन्दछ, तब जुन प्रकारले रोगी हुनाले रोगीद्वारा वैद्य तथा औषधिमा श्रद्धा, पथ्यको पालन र कुपथ्यको त्याग स्वभावतः हुन थाल्छ त्यसै प्रकारले त्यस मुमुक्षुद्वारा शम-दमको पालन, समाधान-उपरामको रुपमा मनलाई चञ्चल गर्ने बहिर्मुखी-प्रवृत्तिहरुको त्याग षट् सम्पत्तिको उपार्जन स्वाभाविक रुपले नै हुँदै जान्छ ।

## (५) वेदान्त-श्रवण

यसप्रकार हृदयको मल-विक्षेपादि दोषहरुदेखि छुटेर तथा विवेक-वैराग्यादि साधन चतुष्टयले सम्पन्न भएर जब त्यस मुमुक्षुको हृदयरुपी क्षेत्र सर्वथा कोमल हुन्छ, परमार्थरुपी बीज रोप्न योग्य बन्छ, तब त्यो मुमुक्षु श्रद्धाभावले सद्गुरु एवं सच्चा शास्त्रको शरणमा पुग्छ स्वभावतः उसको हृदयमा यो संशयात्मक प्रश्न खडा हुन्छ- वेदान्तशास्त्रमा जीव र ब्रह्मको स्वरुपको एकता प्रतिपादन गर्छ या यसको भेद ? किनकि आफ्नो स्वतन्त्र बुद्धिले नै केही विचार गर्नुभन्दा पहिले नै जसको हृदय श्रद्धाले भरीपूर्ण छ, त्यस जिज्ञासुलाई सत्पुरुषहरु र सच्चा शास्त्रहरुको मन्तव्य जान्नु आवश्यक छ, जेले गर्दा आफ्नो बुद्धिको सच्चा लक्ष्य स्थिर गर्न सकिनेछ । यो त संसारको नियमै हो -जबसम्म पहिले कुनै लक्ष्य स्थिर गरिंदैन तबसम्म कुनै गति नै हुन सक्तैन । यसप्रकार वेदान्त-श्रवण ज्ञानको प्रतिबन्धक प्रमाणित भएको संशयको निवृत्तिद्वारा आफ्नो स्वतन्त्र विचारका लागि लक्ष्य स्थिर गरेर ज्ञानको सहायक मननका लागि उपयोगी सिद्ध हुन्छ । " वेदान्तशास्त्र जीव-ब्रह्मको भेदको प्रतिपादन गर्छ अथवा अभेदको" - यस संशयलाई ' प्रमाणगत संशय' भन्दछन् ।

## (६) मनन

श्रद्धापूर्वक गुरुशास्त्रद्वारा जे सुनियो र त्यसअनुसार विचारपूर्वक जुन लक्ष्यस्थिर गरियो - जीव र ब्रह्मको स्वरुपमा एकता छ, भेद छैन । त्यत्तिमै मात्र निर्भर नरही यस लक्ष्यअनुसार आफ्नै स्वतन्त्र बुद्धिले युक्तिपूर्वक विचारहरुको प्रवाह चलाउनु र आफ्नो बुद्धिरुपी तराजुमा त्यसलाई ठीकसँग तौलिनुलाई ' मनन' भनिन्छ । किनकि यो केवल श्रद्धाको विषय होइन र श्रद्धाले मात्र ज्ञानको प्राप्ति हुँदैन, श्रद्धा त यस मार्गमा खालि प्रवृत्तिको कारण मात्र हो र श्रद्धाबिना प्रवृत्ति सम्भव पनि छैन । यसप्रकार बारम्बार मननद्वारा यो मुमुक्षु यस परिणाममा पुग्दछ । वास्तवमा वेदान्तशास्त्रले जसरी निरुपण गरेको छ, त्यस विचारअनुसार पनि जीवन-ब्रह्मको एकता नै सिद्ध हुन्छ । यसप्रकार मनन ज्ञानमा प्रतिबन्धक प्रमेयगत संशयको निवृत्तिद्वारा निदिध्यासनमा उपयोगी सिद्ध हुन्छ । ' वास्तवमा जीव-ब्रह्मको भेद सत्य हो अथवा अभेद सत्य हो' यस संशयलाई ' प्रमेयगत संशय' भन्दछन् र यो मननद्वारा निवृत्त हुन्छ । यस संशयको निवृत्तिबिना अगाडिको बाटो खुल्दैन किनकि संशयात्माविनश्यति यो त प्रसिद्ध नै छ ।

## (७) निदिध्यासन

वेदान्तशास्त्र जीव-ब्रह्मको भेदको प्रतिपाखन गर्छ अथवा अभेदको, विचारद्वारा " जीवब्रह्मको भेद प्रमाणित हुन्छ अथवा अभेद ।" यद्यपि श्रवण-मननद्वारा यी दुवै संशयहरुको (शङ्काहरुको) निवृत्ति त भयो, तथापि जन्म जन्मान्तरको संस्कारहरुको दृढताले गर्दा जब आँखा खोलेर हेर्छौं अनि जीव-ब्रह्मको भेद नै सत्य हो । भोक्ता जीव कसरी ब्रह्म हुन सक्तछ ? यो विपरीत भावनाले हृदयलाई पकडेर राख्तछ । यो झूटो विपरीत भावनको निवृत्तिका लागि मननको प्रभावबाट हृदयमा ब्रह्माकार वृत्तिहरुको वेग ल्याउनु निदिध्यासन हो । किनकि सत्य त सक्त नै हो र मिथ्या मिथ्या नै, जब मिथ्याको अभ्यासले सत्य पनि दब्छ, सत्यको अभ्यासले मिथ्या उड्छ, यसमा त आश्चर्य हुने कारण नै के छ र ? यसप्रकार निदिध्यासन ज्ञानमा प्रतिबन्धक विपरीत भावनालाई हटाउन समर्थ हुन्छ ।

यस्तै तरीकाले जुन उत्तम जिज्ञासुको हृदयबाट ज्ञानका प्रतिबन्धक मत-विक्षेपादि दोष हट्दछन्, विवेक-वैराग्यको प्रभावबाट जसको हृदयबाट राग एवं अविवेकरुपी हिलो हट्छ र जो शम-दम एवं श्रद्धासम्पन्न भएर सद्गुरु र सच्चा शास्त्रको शरणमा प्राप्त हुन्छ तथा श्रवण-मनन निदिध्यासनद्वारा संशय विपर्ययरुप सर्पको मुखबाट निक्लन्छ, उसको अज्ञानरुपी आवरण घस्रँदै गएर यस्तो पातलो हुन्छ तत्वमसि यो महावाक्यको श्रवणमात्रले पनि एकदम उसको अहं ब्रह्मास्मि को रुपमा ब्रह्मकरवृत्ति उत्पन्न हुन्छ, जेले म कर्ता, भोक्ता, संसारी हुँ भन्ने आवरण तुरुन्तै उड्छ र परमानन्दको तत्काल अनुभूति हुन्छ । परमानन्दको प्राप्तिको लागि यो

एक मात्र बाटो हो, यो बाहेक अर्को कुनै बाटो न भयो, न हुनेछ । यसकारण वेदान्तरुपी सिंहको यस्तो गर्जना छ " नाऽन्यः पन्था विद्यतेऽयनाय" अर्थात् मोक्षका लागि ज्ञानदेखि बाहेक अरु कुनै मार्ग छैन ।

यहाँसम्म कुरा प्रष्ट भयो परमानन्दको प्राप्तिको मार्ग एक मात्र परमानन्दको ज्ञान हो । अरु जति पनि साधन हुन सक्छन् ती सबैका सबै कुनै न कुनै ज्ञानको प्रतिबन्धक दोषको निवृत्तिद्वारा नै ज्ञानको साधन हुन सक्तछन्, ती कुनै पनि परमानन्द-प्राप्तिका स्वतन्त्र साधन हुन सक्तैनन् । वास्तवमा त ज्ञान पनि अज्ञानरुप आवरणको निवर्तक हुन्छ त्यसैले पनि परमानन्द प्राप्ति गराउँदैन । नित्य प्राप्त वस्तुका लागि त साधन नै किन ?

यो पनि सम्झिराख्नुपर्छ- अपरोक्ष ज्ञानको सिद्धि भइसकेपछि ज्ञान कुनै हालतमा पनि कर्मको निरोधक हुँदैन, किन्तु ज्ञान त एक मात्र कर्तृत्वाहङ्कारको नै अवरोध हो जो कर्मफलको मूल हो । ज्ञानद्वारा यो अहङ्कार दग्ध भएपछि ज्ञानीको देहेन्द्रियाद्वारा स्वाभाविक क्रियाहरु हुन्छन् तापनि त्यसको कुनै प्रतिक्रिया हुँदैन । यही ज्ञानको आश्चर्यरुपको महत्व हो ।

## प्रवृत्तिको परिणाम निवृत्ति

शास्त्रहरुमा प्रवृत्तिमार्ग र निवृत्तिमार्गको नामले दुई मार्ग जताततै बताइएका छन् । ती दुवै मार्ग पनि स्वतन्त्ररुपले मोक्षका प्रापक होइनन्, वास्तवमा प्रवृत्तिमार्ग चित्तशुद्धिद्वारा निवृत्ति मार्गमा उपयोगी सिद्ध हुन सक्तछ, स्वतन्त्र रुपले प्रापक हुन सक्तैन । यद्यपि प्रकृतिरचित सम्पूर्ण संसार प्रवृत्ति र निवृत्ति दुई मार्गमा बाँडिएको देखिन्छ, यी दुवै मार्गहरुदेखि भिन्न अर्को कुनै मार्ग देखिदैन, तैपनि तिनीहरु मोक्षका बेग्लाबेग्लै स्वतन्त्र निरपेक्ष मार्ग हुन् भन्न सकिंदैन । संसारमा जति पनि गति, चेष्टा अथवा साधन सामग्री छन्, ती सबै यी दुई मार्गहरुमै समावेश पाउँछन् । उनमा ग्रहणरुप गति वा चेष्टाहरुको नाम ' प्रवृत्ति' र त्यागरुप गति वा चेष्टाहरुको नाम ' निवृत्ति' भनिन्छ । जब संसारमा ग्रहण या त्याग सिवाय अरु कुनै व्यापार नै हुँदैन तब प्रवृत्ति र निवृत्तिलाई छाडेर अर्को कुनै तेस्रो मार्ग बन्छ नै कसरी ? यद्यपि प्रकृति तम, रज सत्वको भेदले त्रिगुणात्मक छ, तापनि तम आफ्नो स्वरुपबाट जडतारुप हुनाले उसमा कुनै पनि व्यापार असम्भव छ । यसैले रज र सत्वमा नै व्यापार सम्भव हुनाले प्रवृत्ति तथा निवृत्तिरुप दुई मात्र मार्ग हुन सक्तछन् । तिनमा राजेगुणको परिणाम ' प्रवृत्ति' र त्यागरुप गति वा चेष्टाहरुको नाम ' निवृत्ति' भनिन्छ । जब संसारमा ग्रहण या त्याग सिवाय अरु कुनै व्यापार नै हुँदैन तब प्रवृत्ति र निवृत्तिलाई छाडेर अर्को कुनै तेसो मार्ग बन्छ नै कसरी ? यद्यपि प्रकृति तम, रज सत्वको भेदले त्रिगुणात्मक छ, तापनि तम आफ्नो स्वरुपबाट जडतारुप हुनाले उसमा कुनै पनि व्यापार असम्भव छ । यसैले रज र सत्वमा नै व्यपार सम्भव हुनाले प्रवृत्ति तथा निवृत्तिरुप दुई मात्र मार्ग हुन सक्तछन् । तिनमा रजोगुणको परिणाम ' प्रवृत्ति' र सत्वगुणको परिणाम निवृत्ति भनिन्छ । यस विषयमा अझै विचार गर्दा हामी देख्दछौं- प्रकृतिको गाढ तमोगुणी अवस्था पाषाणादि जड योनिहरुमा गाढताले गर्दा कुनै पनि गति या चेष्टा देखिंदैन, परन्तु अगाडि गएर तमोगुणको क्षीणताले गर्दा उद्‌भिज्जादि ( उम्रने जड योनिहरमा अन्नमय कोशको विकासको सँगसँगै केही गति या चेष्टा पनि देखिन्छ, जेले गर्दा ती पहिलेको अपेक्षा बढे-चढेका देखिन्छन् । योभन्दा अगाडि स्वेदज (पसिनाले जन्मने) योनिमा तमोगुणको ज्यादै कमी, रजोगुणको विकास र यसको फलस्वरुप प्राणमय कोशको विकासले गर्दा केही स्थानान्तर गति (एक ठाउँबाट अर्को ठाउँमा जाने) पनि पाइन्छ । पछि गएर अण्डज योनिमा रजोगुणको पूर्ण विकास र यसको फलस्वरुप मनोमय कोशको विकासले गर्दा उसमा गति वा चेष्टा अमर्यादित रुपले निस्कन्छ, जेले गर्दा उसमा दिनभर चञ्चलता रहिरहन्छ । त्यसपछि जरायुज योनिमा केही सत्वगुणको विकास र यसको फलस्वरुप विज्ञानमय कोशको विकासले गर्दा यी योनिहरुमा जानकारी पनि पाइन्छ, जेले गर्दा कुकुर आफ्नो र परायालाई चिन्दछ इत्यादि । मानव योनिमा पुगेर सत्वगुणको पूर्ण विकास र त्यसको फलस्वरुप आनन्दमय कोशको विकास भइदिनाले उसमा उद्‌भिज्जादिको समान चञ्चलताको तिरोभाव भएर सत्वगुणको विकास हुन्छ, जेले गर्दा उसमा सुखको इच्छा र बौद्धिक ज्ञानको पूरा विकास हुन्छ । यसले स्पष्ट हुन्छ- तमोगुण जडरुप, रजोगुण चञ्चलतारुप र सत्वगुण प्रकाशरुप हो । श्रीभगवान्‌ले गीता अ. १४ श्लोक ११ देखि १३

सम्म यी तीन गुणहरुका लक्षणको बयान गरेर श्रीमुखबाट यस्तो नै भन्नुभएको छ । अर्थात् जब शरीरको सबै द्वारहरुमा (इन्द्रिय-मन-बुद्धि आदिमा) ज्ञानरुप प्रकाश उत्पन्न हुन्छ, अनि, सत्वगुण बढेछ' भन्ने जान्नुपर्छ । लोभ, प्रवृत्तिको आरम्भ र कर्महरुमा तृप्त नहुने आसक्ति, रजोगुण बढ्नाले यी सबै प्रकट हुन्छन् । अप्रकाश,प्रवृत्तिको अभाव, प्रमाद एवं मोहतमोगुण बढ्नाले निस्कन्छन् । यसले यो विषय स्पष्ट हुन्छ तमोगुण जडतारुप हो र त्यसमा प्रवृत्तिको लोप हुन्छ, रजोगुण चञ्चलतारुप हो र उसमा प्रवृत्तिको लोप हुन्छ, तथा सत्वगुण प्रकाशरुप हो, प्रवृत्तिको शमन, शान्ति, जानकारी, प्रकाश र शरीर आदिमा हल्कापन यसको पहिचान हो ।

यसप्रकार यद्यपि संसारमा रज र सत्वको भेदले मार्ग दुइटै छन् तथापि यी मार्गहरुद्वारा मानवको मार्ग पनि दुइटै छन्, यस्तो भन्न सकिंदैन । किन्तु मानवमात्रको मार्ग त एक नै हुन सक्तछ र त्यो हो परमानन्द-प्राप्तिरुप पूर्ण सुख (कुनै अधुरो सुख होइन) । यहाँ स्वभावतः यो प्रश्न उठ्दछ- जब वाञ्छित वस्तु एक नै छ, अनि त्यसको प्राप्तिका लागि रात र दिन जस्ता परस्पर विरोधी मार्ग (निवृत्ति र प्रवृत्ति) किन ? यसको समाधान यही हुन सक्तछ - यद्यपि प्रवृत्ति र निवृत्ति रुप दुइटा बेग्लाबेग्लै मार्गहरुको उपचार गरिएको छ, तैपनि वस्तुतः यी दुवै एक नै अधिकारका लागि एउटै समयमा, स्वतन्त्र, निरपेक्ष एवं वैकल्पिक मार्ग बनाइयो होला भन्न कहिल्यै पनि सकिन्न र न विचारले नै यस्तो सिद्ध गर्न सकिन्छ । वास्तवमा मोक्ष-प्राप्तिको एक मात्र मार्ग ज्ञान हो । सिद्धिका लागि देश-काल-पात्रअनुसार प्रवृत्ति आफ्नो समयमा निवृत्तिका लागि सहायक त हुन सक्तछ, परन्तु यो स्वतन्त्र निरपेष मार्ग बनाउन सकिंदैन । मार्ग त एक निवृत्ति नै हुन सक्तछ र पूर्ण निवृत्ति (सर्वत्याग) को नाम नै ज्ञान हो । प्रवृत्ति-निवृत्ति प्रकृतिको राज्यमा नै हुन्छ- पहिले नै स्पष्ट गरिसकिएको छ- त्रिगुणात्मक प्रकृतिको आद्य अवस्था तमोगुणमा त कुनै पनि प्रवृत्तिनिवृत्ति हुँदै हुँदैन, किन्तु तमोगुण क्षीण भएपछि स्वभावतः रजोगुणको विकास हुन्छ र त्यो रजोगुणको परिणाम नै प्रवृत्ति हो तथा आफ्नो यस प्रवृत्तिद्वारा रजोगुणको वेगलाई खतम गर्नु, यही एक मात्र प्रवृत्तिको प्रयोजन हो । किनकि प्रवृत्तिद्वारा रजोगुण निवृत्ति हुनाले नै सत्वगुणको उद्‌बोध सम्भव हुन्छ । आशय यो हो तमोगुणको तल रजोगुण र रजोगुणको मुनि सत्वगुण दबेर रहन्छ । यसकारण तमोगुण निक्लनाले रजोगुणको विकास र रजोगुण निक्लनाले सत्वगुणको विकास हुन्छ । रजोगुण विकसित भएर ननिस्केसम्म खालि तमोगुणको विकास हुँदैमा साक्षात् सत्वगुणको विकास हुनु असम्भव छ । जसरी शरीरमा आएको खटिरा पहिला पाक्दछ, पीप भरिन्छ ,र फुटेर पीप निक्लेपछि मात्र शान्त हुन्छ, त्यसरी नै हृदयमा तमोगुण परिपक्व भएपछि रजोगुणी पीप भरिनु र रजोगुणी पीप निक्लेपछि सत्वगुणी शान्तिको उद्‌बोध हुनु निश्चित छ । आँप हाँगामा लर्की पाकेर झर्छ वा टिपिन्छ, तब त्यसमा मिठास भरिएको हुन्छ, अन्यथा हुँदैन । त्यसरी नै रजोगुणी प्रवृत्ति पनि बढेर पाक्छ । निवृत्तिद्वारा सत्वगुणी निवृत्तिमा निवृत्त हुनका लागि नै यस्तो हुन्छ । त्यसपछि मात्र त्यो मिठास दिने पात्र हुन सक्तछ । यसैले भन्नुपर्‍यो - सबै प्रकारका प्रवृत्तिरुपी नदीहरु शास्त्रोक्त विधि र निषेधरुप दुई किनारका मर्यादाहरुको बीचमा आफ्नो गतिले चल्ने निवृत्तिरुप समुद्रमा पर्यवसित भएर निवृत्ति हुनका लागि नै हुन् ।

यो कुरा स्वीकार्नमा त कहिल्यै कसैलाई अप्ठ्यारो पर्दैन प्रकृति-राज्यमा थकाइ छ । प्राणी प्रत्येक प्रवृत्तिले गर्दा आफ्नो समयमा स्वभावतः थाक्छ, अर्थात् ऊ चल्नु, बस्नु, जाग्नु, सुत्नु, केही गर्नु, केही पनि नगर्नु, बोल्नु, चुप लाग्नु, पढ्नु इत्यादि सबै प्रवृत्तिहरुद्वारा अवश्य थाक्दछ । यसप्रकार जब प्रवृत्तिमा थकाइ छ, अनि त्यो स्वयं कदापि फलरुप बन्न सक्दैन, किन्तु त्यो कुनै न कुनै विक्षेपरुप विकारको निवर्तक मात्र सिद्ध हुन सक्तछ, वस्तुको प्रापक कदापि हुँदैन ।

यो कुरा पनि निर्विवाद सिद्ध छ- प्रवृत्ति आफ्नो स्वरुपले न यस लोकमा सुख-शान्तिको हेतु हुन सक्तछ, न परलोकमा । जब यो लोक-परलोक सुख-शान्तिरुप अर्थको कारण नै होइन, तब त्यो परमार्थको कारण बन्छ भन्ने कुराको त कल्पनासम्म पनि गर्न सकिन्न । रजोगुणको परिणाम हुनाले त्यो त आफ्नो स्वरुपबाट विक्षेपरुप नै हो हामीले भन्नेपर्छ प्रवृत्तिमा पनि कहीं, कहिल्यै कसैलाई केही सुख-शान्तिको उपलब्धि हुन्छ भने त्यो उत्ति नै मात्रामा उसको निवृत्तिको नै प्रसाद हुन्छ, प्रवृत्तिको कहिल्यै पनि हुँदैन । जसरी हलुवामा गुलियोपन आउँछ त चिनीको संयोगले नै आउँछ, पीठो र घिउको संयोगले होइन । आशय यो हो - यस

लोकमा पनि कसैलाई कुनै भाग्य पदार्थको प्राप्ति हुन्छ भने त्यो उसको वर्तमान प्रवृत्तिको फल होइन भन्न सकिन्न किन्तु कर्मविपाकको सिद्धान्तअनुसार वर्तमान प्रवृत्ति त खालि निमित्तरुप नै हुन्छ, त्यो फलको उपादानरुप बीजक फलको सम्मुख पूर्वार्जित धर्म-संस्कार नै हुन सक्तछ र त्यो संस्कार पनि त्यागरुप निवृत्तिमूलक नै हुन सक्तछ । अर्थात् पहिलो जन्ममा अवश्य उसले केही त्याग गरेको थियो र त्यसको फलस्वरुप त्यस त्यागको संस्कार नै सत्यस्वरुप परमात्माको साक्षीमा बीजरुप बनेर आफ्नो समयमा यो पदार्थको रुपमा फुटेर निक्लन्छ, यस्तो मान्नु बाहे अरु कुनै उपाय नै छैन । किनकि ग्रहण (प्रवृत्तिबाट) त कहिल्यै कसैलाई केही मिल्दैन, यो अकाटय सिद्धान्त हो । भोग्य पदार्थको प्राप्तिपछि उसको संयोगले पनि जब कहिल्यै कसैलाई सुख-शान्तिको प्राप्ति हुन्छ, तब उसको मूलमा पनि निवृत्तिको नै राज्य हुन्छ । अर्थात् उसको संयोगले उही पुरुषलाई उही कालमा सुखको प्राप्ति हुन्छ, जसको इच्छा पहिले उसलाई रहेको थियो र ती पदार्थहरुद्वारा वर्तमानमा उसको इच्छा-निवृत्ति भइरहेछ । यदि उसलाई त्यसको इच्छा छैन र त्यसद्वारा उसको इच्छा-प्रवृत्ति पनि हुँदैन त त्यो पदार्थ उसको लागि कदापि सुख-साधन हुन सक्तैन । यसरी इहलौकिक भोगहरुको प्राप्ति अथवा यिनीहरुको संयोगले सुखको अनुभीतको समयमा त एक मात्र निवृत्ति नै फलरुप सिद्ध हुन्छ । फेरि पारलौकिक सकाम स्वर्गादिको प्राप्ति मा पनि एक मात्र निवृत्तिरुप यज्ञ-दात-तप आदिद्वारा जब हामी आफ्नो तन-मन-धन निवेदन गर्छौं, तब मात्र फलको प्राप्ति हुन्छ, नत्र प्राप्ति हुँदैन । यसको अतिरिक्त पदार्थसम्बन्धी निष्काम कर्म, उपासना, विवेक-वैराग्य र ज्ञानादिको सिद्धिमा त केवल स्वार्थमयी कामनाको निवृत्ति, ममत्वको त्याग र अहंभावको पूर्ण निवृत्तिको नै एक मात्र राज्य हुन्छ, यसमा सन्देह नै के छ ? यसबाट यो कुरा स्पष्ट हुन्छ प्रवृत्ति आफ्नो स्वरुपले कहीं पनि र कहिल्यै पनि कुनै फलको हेतु हुँदैन, फल त एक मात्र निवृत्तिमा नै हुन्छ । निष्काम कर्मप्रवृत्तिमा पनि एक मात्र फलत्यागरुप निवृत्तिको नै बोलबाला हुन्छ, खालि कर्मप्रवृत्ति त आफ्नो स्वरुपले कुनै पनि फलको कारण हुँदैन ।

यसले यो आशय पनि सम्झनु हुँदैन- प्रवृत्ति सधैं निष्फल हो । होइन, होइन, यो कसरी हुन सक्तछ ? संसारमा वस्तु त कुनै पनि निष्फल हुँदैन नै, बरु वस्तुको उपभोग मात्र सफल-असफल हुन्छ । प्रत्येक वस्तुलाई उसको सदुपयोगद्वारा सफल र उसको दुरुपयोगद्वारा असफल बनाउन सकिन्छ । जसरी महाविष पनि सन्निपातको रोगीलाई उचित मात्रामा उपयोग गरेर अमृतरुप बनाउन सकिन्छ र अमृत पनि अनधिकारीका लागि वा अधिक मात्रामा प्रयोग गरे विष बन्छ यसरी नै माथि भनिएझैं प्रवृत्ति पनि वास्तवमा निवृत्तिको विकासका लागि नै हो र त्यो निवृत्तिको साधन बनाउन सकिन्छ, न कि कुनै स्वतन्त्र मार्ग । परन्तु त्यसको सफलता त्यसलाई निवृत्तिको लागि उपयोग गर्नुमै मात्र निहित छ । यो पनि बिर्सनु हुँदैन- यसरी प्रवृत्रिको उपयोगले जुन फलको प्राप्ति हुन्छ, त्यसको श्रेय त निवृत्तिलाई नै दिनुपर्छ जसरी निष्काम ' कर्म' प्रवृत्तिको सम्बन्धले जुन फलको प्राप्ति हुन्छ, त्यो प्रसाद त फल-त्यागरुप निवृत्तिको नै मानिन्छ, कर्म-प्रवृत्तिको कुनै हालतमा होइन । यसको विपरीत निवृत्तिबाट मुख मोडेर प्रवृत्तिका लागि मात्र प्रवृत्तिको उपयोग गरे वर्तमानमा त अवश्य दुःहरुको पात्र बनाउँछ नै र परलोकमा नरक आदिको यमयातनाको साधन पनि सिद्ध हुन्छ । किनकि प्रवृत्तिको सम्पूर्ण चेष्टा प्रवृत्तिबाट निवृत्तिमा लग्नका लागि रहेको छ । यसकारण प्रकृतिको राज्यमा पुण्य-पाप र सुख-दुःखको मर्यादा केवल यसै कुरामा रहेको छ- जति-जति ग्रहणरुप प्रवृत्तिको ग्रहण गरिन्छ, उति-उति पाप एवं दुःख र जति-जति त्यागरुप निवृत्तिको आश्रय लिइन्छ, उति-उति नै पुण्य एवं सुखको अधिकार प्राप्त गर्न सकिन्छ । तथैव जुन क्षणमा यो जीव सर्वत्याग रुप निवृत्तिको छत्रछायामा आउँछ त्यस क्षणमा यो जीव शिवरुपमा प्राप्त भएर तत्काल संसार-बन्धनबाट मुक्त हुन्छ । किनकि आफ्नो अज्ञानले गर्दा ग्रहण वा स्रग्रहकै कारणले यो आत्मा आफ्नै जीवभावमा बाँधिएर र माकुराले जस्तो भित्रबाट ग्रहणरुपी जाल निकाल्दै आफ्नै संसारबन्धनमा फसेर अनेक जन्म-मृत्युको चक्रमा दुःख पाइरहेछ ।

यसले यो स्पष्ट हुन्छ- परमानन्दको प्राप्ति एक मात्र ज्ञान-विज्ञान रुप निवृत्तिमा नै अवलम्बित छ, कुनै पनि प्रकारले कर्मादि प्रवृत्तिको पहुँच यहाँ पुग्दैन । सूक्ष्मताको विचार गरेमा त प्राकृतिक दैवी विधानको स्वाभाविक स्रोत त्यसै पनि प्रवृत्तिबाट निवृत्तितिर नै गइरहेछ । अर्थात् सम्पूर्ण प्रवृत्तिहरु निवृत्तिमा पर्यवसित हुनका लागि नै हो प्रवृत्तिका लागि कुनै पनि प्रवृत्ति छैन, किनकि बन्धनको मूल खालि प्रवृत्ति नै हुन्छ निर्वत्ति होइन । किन्तु निवृत्ति भने बन्धन काट्नमा सहायक हुनाले मोक्षमूलक नै हुन्छ । यो प्रवृत्ति यद्यपि असंखयविध छ , तैपनि

साररुपले उसलाई तीन भागमा बाँड्न सकिन्छ । यी तीन भित्रै बाँकी सबै प्रवृत्तिहरुपर्दछन्, अर्थात् पहिलो अहन्ता, दोस्रो ममता र तेस्रो अहन्ता-ममतासम्बन्धी स्वार्थ । पहिले यो आत्मा आफ्नो अनन्तरुपबाट च्यूत भएर जीवभावले कुनै सीमित रुपमा बाँधिएको हुन्छ । त्यसपछि देहादिको, अहन्ताले बाँधिएर त्यो देहादिको अभिमानी हुन्छ । अनि देहसम्बन्धीहरुसँग ममत्वाभिमान राखेर त्यस देहाभिमानलाई ज्यादै दृढमूल तुल्याइन्छ । त्यसपछि अहन्ता-ममता दृढमूल भएपछि शाखा-प्रशाखाका रुपमा असंख्य प्रकारका अहन्ता-ममतासम्बन्धी स्वार्थमयी कामनाहरु निस्कन थाल्छन् र फेरि-अधश्चोर्ध्व प्रसुतास्तस्य शाखा गुणप्रबुद्धा विषयप्रवालाको रुपमा संसार-वृक्ष यसरी फुटेर निस्कन्छ जसको जडा स्वर्ग, पातालदेखि लिएर तीनलोक चौध भुवनमा फैलन्छन् । यही प्रवृत्ति हो, यही बन्धनको स्वरुप हो र यसलाई काट्नुको नाम नै निवृत्ति हो, मोक्ष हो । यो पनि बुझ्नुपर्छ- अहंताको जुन क्रमले यो बन्धन भएको हो, उस्तै क्रमले यो काट्न सकिन्न किन्तु काट्का लागि त विपरीत मार्ग नै लिनुपर्छ । अर्थात् जुन प्रकारले चारैतिरबाट विस्तृत वट-वृक्षलाई काट्नका लागि पहिले नै त्यसको जरामा बञ्चरो नहानी बरु पहिले त्यसका पात एवं हाँगाविङ्गाहरु काटेर त्यसलाई अलि सजिलो पारेपछि नै त्यसकोमूल काट्न सकिन्छ । ठीक त्यसरी नै संसार वृक्षलाई काट्नका लागि पनि पहिले स्वार्थमयी पात काट्नुपर्छ, त्यसपछि ममतारुपी हाँगाबिङ्गा र त्यसपछि अहन्तारुपी मूल निर्मूल गर्न सकिन्छ । आशय यो हो जसरी रोग र शत्रुलाई नाश गर्नका लागि पहिले तिनीहरुलाई कमजोर तुल्याउनु जरुरी हुन्छ र त्यसपछि मात्र तिनीहरुलाई नष्ट गर्न सकिन्छ, बलियो र दरो अवस्थामा होइन । यसप्रकार स्वार्थ काट्नाले ममता खुकुलो हुन्छ र त्यसपछि उसका ज्ञानरुपी बन्चरो चलाउन सकिन्छ । आशय यो हो - अज्ञानान्धकारमा मोहित भएर त्यसैको फलस्वरुप देहाभिमानसँग बाँधिएको जीवका लागि प्रकृतदेवीले प्रथमतः प्रवृत्तिरुप भोगहरुलाई रचना गरेर गुड-चिह्वा-न्यायले ऊ यसमा प्रवृत्त भएर स्वानुभवले यसबाट उसलाई आराम होस् भनी उसमा सुख-बुद्धिको आरोप गरिन् । दोस्रो - भोगहरुद्वारा सुखी हुनका लागि जब यो जीव उसको सङ्ग्रहार्थ कर्ममा प्रवृत्त हुन्छ, अनि दैवी विधानमा कर्मको साथ नै क्रियाको प्रतिक्रिया हुन्छ । तेस्रो- त्यस प्रवृत्तिमा विश्रान्ति हुन्छ । चौथो - यसको परिणाममा द्वन्द्व रुप संयोग-वियोग, हर्ष-शोक र हानि-लाभादि, क्षय-अतिशयरुप विकारभरियो जसको मूलमा स्वाभाविक दुःख छिपेर रहेको हुन्छ । पाँचौं- यस भूतलाई पनि टाउकामाथि छढाइयो - हामीलाई सुख मिलोस् र यस्तो सुख मिलोस् जसको कहिल्यै पनि नाश नहोस् । यसरी संसार-रोगले गर्दा रोगी भई जति-जति अहन्तःममताको दास भएर यो जीव सुखी हुनका लागि स्वार्थमयी कामनाहरुको विस्तार गर्छ त्यति-त्यति त्यो द्वन्द्वमय विकारको जालमा अधिकभन्दा अधिक फस्दछ र त्यति-त्यति नै उसले तल छिपेको दुःखको ज्यादाभन्दा ज्यादा अनुभव गर्छ । जीव जति-जति दुःखको अनुभव दुःखको अनुभव गर्छ त्यति-त्यति त्यसबाट थाक्दछ, किनकि सुख नपाउँदा यद्यपि थकाइ मिथ्या भोगहरुले गर्दा हुन्छ, तथापि वाञ्छित सुख सत्य हुनाले त्यसबाट जीव कहिल्यै पनि थाक्दैन, बरु उसको माग बढ्दै गइरहेको हुन्छ । यसप्रकार जति-जति यसद्वारा वाञ्छित सुखको आशा नैराश्यमा बदलिन्छ त्यति-त्यति स्वभावतः यसको त्याग हुन्छ । यसरी जब स्वार्थमयी कामनाहरुले थाकेर त्यसको त्यागले ममता कम हुन्छ, तब सकाम प्रवृत्ति निष्काम कर्म एवं उपासनाको रुपमा बदलिनु स्वभाविक हो । किनकि यद्यपि यो जीव कामनाहरुले थाकेको छ तथापि सुख यसको निजी स्वरुप हुनाले त्यसबाट कहिल्यै पनि थाक्दैन । यस प्रकारको निष्काम-प्रवृत्तिले मलविक्षेमको निवृत्तिद्वारा ममता निर्मूल भएर जब निर्मल अन्तःकरणमा विवेक-वैराग्यको उद्बोध हुन्छ छ अहन्ता शिथिल हुन्छ र तत्वजिज्ञासा प्रज्जवलित हुन्छ । तत्व-जिज्ञासाको उद्बोध हुनाले तब यो जिज्ञासा सद्गुरु र सच्चा शास्त्रको शरणमा प्राप्त भएर श्रवण-मनन-निदिध्यासनमा परायण हुन्छ, तब असम्भावना-विपरीतभावना दोषको निवृत्तिद्वारा देहाभिमानबाट निक्लेर आफ्नो अखण्ड परमानन्द स्वरुपमा स्थिति प्राप्त गर्छ । यस प्रकार प्रकृति-राज्यमा सम्पूर्ण प्रवृत्तिहरु साक्षात् अथवा परम्पराले पूर्ण निवत्तिमा निवृत्त हुनका लागि नै रचना गरिएको हुन् । यही नै प्राकृतिक दैवी विधानमा प्रवृत्तिको निवृत्तिमुखताको स्पष्ट प्रमाण हो । यस स्थितिमा पुगेर यो जीवन्मुक्त विद्वान् देहको स्थितिपर्यन्त देहादिद्वारा सबै कुरा गरेर पनि केही गर्दैन, किनकि यस स्थितिमा जुन कुनै व्यवहार देहादिद्वारा प्रकट हुन्छन्, यसको यो आफ्नो ज्ञान प्रभावले कर्तत्वाभिमानी नभई केवल द्रष्टा-साक्षी नै रहन्छ, उसको सबै कर्म अकर्म नै हुन्छ ( गीता ४-१८) र तब उसको सम्पूर्ण ठोस निवृत्ति नै हुन्छ । यही ठोस निवृत्ति मनुष्य जीवनको लक्ष्य हो र यही निवृत्ति प्राप्त गर्नका लागि सम्पूर्ण वेदशास्त्रहरुको प्रवृत्ति भएको हो ।

सारांश यो भयो- मोक्षप्राप्तिको एकमात्र मार्ग निवृत्ति नै हुन सक्तछ । प्रवृत्ति उसको विकासको साधन त बनाउन सकिन्छ, परन्तु त्यो स्वतन्त्र मार्ग कहिल्यै पनि हुन सक्तैन । त्यो पनि प्रवृत्तिको निवृत्तिका लागि उपयोग गरेका निवृत्तिको संयोगविना खालि प्रवृत्ति त आफ्नो सम्बन्धले कर्तालाई नरकादि यमयातना दिन्छ र पशु-पक्षी आदि जड-योनीहरुमा प्रवृत्तिलाई पु-याउँछ मात्र । यस्तो आस्थालाई मोक्षको स्वतन्त्र मार्ग कसरी बनाउन सकिन्छ र कसरी मान्न सकिन्छ ? परमानन्दको प्राप्तिको मार्ग एकमात्र परमानन्दको ज्ञान हो र अरु सबै साधन क्रमशः उसको अडान या सिंढी हो । संशय-विपर्यय ज्ञानको मोटो प्रतिबन्धक दोष हो, जसको सर्वथा निवृत्ति नभइकन परमानन्दको ज्ञान असम्भव छ । संशय-विपयर्यको निवृत्ति विवेक-वैराग्यादि साधनचतुष्टय सम्पन्न भएर सद्गरुको उपदेश र सत्-शास्त्रको श्रवण तथा मनन निदिध्यासनद्वारा नै हुन सक्तछ अन्यथा हुँदैन ।

अहिलेसम्मको विचारले यो स्पष्ट भयो - हाम्रो अन्तिम लक्ष्य शान्तिसुख या परमानन्द हो । उसको प्राप्तिको साधन आफ्नो स्वरुपको ज्ञान हो । त्यस ज्ञानको प्राप्तिको साधन (प्रतिबन्धकनिवारक) निष्काम कर्म, उपासना र श्रवण मनन आदि हुन् । अब यिनै साधनहरुको विचार गर्नु छ । तर साधनहरुको विचारभन्दा पहिले केही ज्ञातव्य अरु पनि छन् जसको जानकारी यस विषयलाई सम्झनका लागि अत्यावश्यक हुन्छ । यिनै विषयहरुका अन्तर्गत धर्म, उसको साधारण र विशेष स्वरुप, कर्तव्य, ईश्वर, कर्म, भक्ति, ज्ञान, व्यवहार, अन्तःकरण शुद्धि, गुरु, शिष्य, साधन आदि अनेक विषयहरु छन् । अब त्यसमा छोटकरीमा केही विचार गरिन्छ-

# ईश्वर

पाश्चात्य शिक्षा-दीक्षाको फलस्वरुप जति विजातीय चीजहरु हाम्रो देश र धर्ममा आएका छन्, तिनमा एक 'नास्तिक' (तर अधूरो नास्तिकता) पनि हो । आजभोलिका शिक्षित कहलिने मानिसहरुमा हामी यसको पूरा प्रचार देख्दछौं । उसको चक्रमा परेर यी मानिसहरुमा ईश्वर र धर्मबाट आफ्नो आस्था हराएको छ र उनीहरुको दृष्टिमा ईश्वर, आत्मा, धर्म, कर्मवाद, पुनर्जन्म, देवीदेवता, स्वर्ग-नरक आदि कुराहरु खालि ढोंग र भ्रम उत्पन्न गर्ने देखिन्छन् । यी मानिसहरुको मनमा नास्तिकताको यति गहिरो छाप परेको छ कि प्राचीन धर्म-ग्रन्थहरुको पाठ गर्नु, विद्वान पुरुषहरुको कुरा सुन्नु या उनीहरुबाट यस विषयमा केही सोध्नु त परै जाओस्, तिनीहरु आफै पनि यी कुराहरुमा केही गर्न चाहँदैनन् । तिनीहरु आफ्नो स्थूल दृष्टिले संसारको जे - जे स्थूल रुप देख्दछन्, बस, त्यसैलाई सत्य मानेर आफ्नो दृढ सिद्धान्त बनाउँछन् । तिनीहरु प्रायः प्रश्न पनि गर्दछन्- ईश्वरलाई हामीले किन मान्ने ? त्यसको उत्तर यही हो - भोजन हामीले किन गर्नुपर्छ ? पानी किन खानुपर्छ ? सास किन फेर्नुपर्छ ? किन सुत्पर्छ ? यसकारणले - क्षुधाको कष्ट विवश गर्छ खाना खानको लागि, प्यास पानी पिउनलाई विवश गर्छ, जीवन श्वास लिनलाई विवश गर्छ, थकाइ सुत्नलाई विवश गर्छ । यसप्रकार कष्ट र दुःखको संसारमा अनुभव र दुःखको संसारमा रहनु विवश गर्छ ।

ईश्वरलाई मान या जान । यदि संसारमा दुःख नहुँदो हो अथवा संसारमा दुःखको पूर्ण प्रतिकार हुँदो हो त अवश्य यस प्रश्नको उपेक्षा गरिन्थ्यो । परन्तु आजसम्म कुनै वैज्ञानिकले हामीलाई यो बताएनन्- संसारमा कष्ट दूर गर्ने अमोघ उपाय के छ । यसमा सन्देह छैन- विज्ञानले दुःख कम गर्ने धेरै तरीका सम्झायो, अपितु शुद्ध भावले धेरै सीमासम्म यो दुःख हटाउने यत्न पनि गऱ्यो, जसको लागि हाम्रो हृदयमा पर्याप्त कृतज्ञता पनि छ । परन्तु अपशोच ! यसो गर्नाले संसारको दुःख कम भएन बाह्य उन्नतिद्वारा हार्दिक उन्नति मिलेन। हवाईजहाज बन्यो, रेल बन्यो, तार बन्यो, पानी जहाज बन्यो, बिजुलीहरु निक्ले - यसले मनुष्यलाई ज्यादै आराम मिल्यो । दुःख कम भयो, परन्तु किन यी कुराले हार्दिक शान्ति मिलेन ? सबै सुख-साधनसम्पन्न व्यक्ति पनि हैरान छन् र सोद्धछन्-शान्ति कहाँ छ ?

पहिले यदि युद्ध हुन्थ्यो त शस्त्र कम हुनाले मानिसहरुमा आक्रमण निर्वल रुपमा हुन्थ्यो र जीवन कम नष्ट हुन्थ्यो । अब विज्ञानले यस्तो प्रकारले शस्त्रास्त्र प्रत्येक देशमा तैयार गरेको छ जसले ज्यादै धेरै मानिसहरुको संहार सामान्य प्रयत्नले हुन सक्तछ । यो मानवोन्नति मान्छेकै हत्याका लागि भयो । विषय-भोगकोसामग्री जति बढ्यो उति नै ईर्ष्या र एक-अर्काभन्दा ठूलो हुने डाहले भरिएको इच्छा बढ्दै गयो । परिणाममा एक-अर्कासँग हार्दिक वैर भयो । यसको तात्पर्य यो पनि होइन- यी व्यर्थ भए, तर यो- यसले शान्ति मिलेन ।

जुन शान्तिको खोजमा विज्ञान र संसारको प्रत्येक परमाणु लागेको छ, त्यो संसार र त्यसका पदार्थहरुमा विद्यमान छैन । परन्तु यो वैज्ञानिक उन्नतिले हामीलाई त्यो शिक्षा दियो, जसको प्राप्ति अन्य कुनै प्रकारले पनि कठिन थियो । यसको भनाइ छ– तिमीहरु जुन पदार्थमा आराम चाहन्छौं, त्यो यसमा छैन । हेर, मैले संसारको आत्यन्तिक उन्नतिको दृश्य तिमीहरुको सम्मुख ल्याएर राखें, परन्तु फेरि पनि त्यो सुखको कुनै पत्ता भएन, जसको खोजमा स्वभावतः प्रत्येक व्यक्ति छन् । यदि यो उन्नति नहुँदो हो त यो विचार बन्द हुने थियो । शायद यस्तो प्रकारको उन्नति हुनाले त्यो मुख मिल्दथ्यो । त फेरि के तपाइँ यस दुःखमा प्रसन्न रहन सक्नुहुन्छ ? सक्नुहुन्न । के तपाइँ यो सुखको इच्छालाई छाड्न सक्नुहुन्छ ? सक्नुहुन्न ।

अब संसारमा सुख छैन र सुखको खोज छुट्दैन पनि, तब के गर्ने ? यसको उत्तर यही मिल्दछ या त घुमी-घुमीकन त्यो मृगझैं मर, जो प्यासले गर्दा मरुभूमिमा माया-मरीचिकाको पछि दौडन्छ । तर त्यहाँ कहीं पनि उसलाई पानी मिल्दैन र यसमा तड्पेर प्राण त्यागिदिन्छ । त्यसैले कसैलाई सोधेर पानीको खोजी गर । तब यस प्रश्नको के उत्तर छ– सुख कसरी मिल्छ ? उत्तर यही छ– ईश्वरलाई जान । ईश्वर हाम्रो त्यो आवश्यकताको पूर्ति हो, जुन संसारबाट परा हुन सक्तैन । ईश्वर सच्चिदानन्दस्वरुप, सर्वशक्तिमान्, सर्वव्यापक, दयालु र मोक्ष दिने हुन् । अतः ईश्वर प्राप्तिले हामीलाई त्यो आनन्द मिल्दछ जसको हामीलाई खोजी छ, र त्यस सर्वशक्तिपुमान्सित सम्बन्ध जोड्नाले हाम्रा निर्बलताहरु दूर हुन्छन् र सर्वव्यापक सम्झनाले पाप कम हुन्छ, चित्त प्रसन्न रहन्छ । दयालु सम्झनाले धैर्य स्थिर रहन्छ र ईश्वरलाई नमान्नाले यसको विपरीत सब कुरा हुन्छ अर्थात् अशान्ति रहन्छ जुन सबै दुःखहरुको जननी हो ।

अब यदि कसैले हामीसँग ' ईश्वरको अस्तित्वको प्रमाण के हो ?' भन्ने प्रश्न गरे त्यसको उत्तर यही हुन्छ– ईश्वरको सत्ताको मुख्य प्रमाण त हाम्रो आवश्यकता तथा हाम्रो इच्छा हो जुन हामीलाई संसारबाट मिल्दैन । दृष्टान्तको रुपमा भनौं– पुतलीको हृदयमा बत्तीप्रति प्राकृतिक प्रेम छ । त्यसले प्रत्येक वस्तुसँग बसेर सम्झेको हुन्छ– न म यसका लागि हुँ न यो नै मेरा लागि हो किनकि उसलाई उसमा शान्ति मिल्दैन । परन्तु जुन समय ऊ बत्तीलाई देख्दछ अति त्यअी क्षण सम्झन्छ यो त्यही वस्तु हो जसका लागि म बेचैन थिएँ । यस्तै प्रकारले जीवको स्वाभाविक परमानन्दको इच्छा नै ईश्वरको अस्तित्वको मुख्य प्रमाण हो, किनकि संसारको कुनै पनि वस्तुले पूर्ण आनन्द दिन सक्तैन ।

१. संसारको दृश्य र उसको नियम ईश्वरको सत्ताको प्रमाण बन्छ । बताऊ त्यो कुन शक्ति हो, जसले शिशुका लागि जन्मने बित्तिकै आमाको स्तनमा दूध उत्पन्न गऱ्यो ? आँखाका लागि सूर्य कसले बनायो ? जीवनका लागि वायु कसले उत्पन्न गऱ्यो ? इत्यादि ।

त्यो शक्ति निर्जीव छ या सजीव अर्थात् जड छ या चेतन ? यदि जड छ त उसले यस्तो सम्झ्यो किन ? र यदि चेतन हो त त्यो अल्पशक्ति हो या सर्वशक्ति ? पुनः यदि अल्पशक्ति छ त उसले यी सबै कुरा कसरी बनायो ? औं यदि सर्वशक्तिमान छ त फेरि उही ईश्वर हो । हेर ! दूधमा नौनी हुन्छ तर देखिँदैन, परन्तु मथ्नाले पाइन्छ । यस्तै प्रकार ईश्वर हृदयमा विद्यमान छन्, परन्तु हृदयको शुद्धिले पाइन्छ । हामी आँखा बन्द गरेर सूर्यको सत्ताको प्रमाण सोद्धछौं । यदि कुनै अन्धा सूर्यलाई उसको प्रकाशले देख्न सक्तैन त फेरि मैनबत्तीले कसरी देखिन्छ ? ठीक छ, तिमी नै बताऊ जलको अस्तित्वको प्रमाण के हो ? प्यास र वायुको सत्ताको प्रमाण ? सास फेर्ने आवश्यकता । यस प्रकार हाम्रा निर्बलताहरु र संसारमा आनन्दको अभाव उसको सत्ताको प्रबल प्रमाण हो । बिन्दु समुन्द्रको प्राकृत प्रमाण हो । किरण सूर्यलाई प्रकाशित गर्दछ । व्यष्टि समष्टिको प्रमाण हो । अतः हाम्रो जीवत्व नै ईश्वरत्वको प्रमाण हो । यदि ईश्वर नहुँदो हो त हामी संसार र

उसका पदार्थहरुमा नै प्रसन्न र सन्तुष्ट रहन्थ्यौं, किनकि फेरि हाम्रो मूल तत्व यो संसार नै हुन्छ र प्रत्येक मनुष्य आफ्नो मूलसँग मिलेर प्रसन्न हुन्छ, परन्तु यहाँ कोही पनि प्रसन्न छैनन् । उनीहरु कुनै अरु वस्तु पाउन चाहन्छन् । राजा, महाराज, दार्शनिक, विद्वान, महात्मा– सबै कुनै वस्तुको खोजमा छन् । त्यो वस्तु के हो ?– ईश्वर । हामी जसलाई बाहिर खोज्दछौं ऊ हृदयमा नै लुकेर बसेको छ, किनकि ऊ जान्दछ यहाँ मलाई खोज्न कोही आउँदैन । यदि ईश्वरको अस्तित्वलाई बुझ्न चाहेमा पहिले उसको यस्तो आवश्यकता महसूस गर जसरी तिर्खालुलाई पानीको र क्षुधापीडितलाई भोजनको ।

वस्तुतः ईश्वरको सत्ता युक्तिहरुको अपेक्षा गर्दैन, अपितु युक्तिहरु नै आफ्नो अस्तित्वका लागि उसको अपेक्षा गर्छन् । युक्तिहरु मस्तिष्कबाट निस्कन्छन्, मस्तिष्क शरीरसँग सम्बन्ध राख्दछ, शरीर संसारसँग र संसार ईश्वरसँग । यदि ईश्वर नहुँदो हो त संसार हुँदैन्थ्यो, अतः शरीर नभए मस्तिष्क पनि हुँदैन र फेरि युक्तिहरु कहाँबाट आउँछन् ? अतः ईश्वरको सत्ता युक्तिहरुको अधीनमा छैन, अपितु यी सबै वस्तुहरु उसको सत्ताको अधीन छन्, त्यो संसारको प्रत्येक परमाणुमा बसेर– ' म हु,' ' म हुँ,' भनिरहेछ, किन्तु हामी नाम रुपलाई देखेर उसलाई भुल्दछौं यदि तपाईं चाहनुहुन्छ– सिनेमाको पर्दामा चित्र आओस्, त झ्याल बन्द गरे देखिन्छ । जब बाह्य प्रकाश बन्द हुन्छ, चित्र प्रकट हुन्छ । यस्तै प्रकार जब इन्द्रियहरु बाह्य प्रकाश अर्थात् इच्छाहरुलाई ल्याएर मनमा पस्याँक्न बन्द गर्छ तब उसको सत्ताको प्रमाण मिल्दछ ।

ईश्वरलाई पाउनुभन्दा पहिले ईश्वर पाउने इच्छा उत्पन्न गर्नु आवश्यक छ । चक्षु सूर्यको सत्ताको प्रमाण हो, परन्तु उसैको प्रकाशले उसलाई देख्दछ । आँखामा अञ्जन जुन दृष्टिलाई बढाउँछ, उसैमा छिप्दछ । वस्तुतः ईश्वरको सत्ताको ठूलो प्रमाण त ती महात्मा हुन्, जसले आफूले आफैलाई उसको मार्ग लगाएका छन् । यी महात्मा कसी मिल्लान् र यिनको पहिचान क्या हो ? यसको उत्तर यो हो– शुद्ध औ तीव्र इच्छा भएपछि आफू ती नै मिल्दछन् र उनको पहिचान खालि यही हो– सम्मुख आउँदा नै हृदय उनलाई मान्दछ, योभन्दा प्रबल प्रमाण अरु कुनै छैन ।

प्राणिमात्रमा ज्ञानको प्रतीति हुन्छ, यो ज्ञान अनादिसिद्ध चैतन्यरुप हो । जड प्रकृतिबाट कदापि ज्ञान उत्पन्न हुँदैन । शायद मान्छे भनून्- शरीरको उत्पत्तिको साथै चेतनाशक्ति र ज्ञान पनि उत्पन्न हुन्छ, अनादि ज्ञान मान्नुपर्छ किन ? परन्तु सृष्टिको यो नियम छ जुन गुण मूल उपादान कारणमा हुन्छ त्यही गुण ऊबाट हुने कार्यमा आउँछ । मूल कारणमा जुन गुण हुँदैन त्यो कदापि उसको कार्यमा उत्पन्न हुन सक्तैन । यस सृष्टिमा जति जति पदार्थहरु दृष्टिगोचर हुन्छन् ती सबै प्रकृतिबाट बनेका हुन् । प्रकृतिमा चेतनाशक्ति र ज्ञानगुण हुँदैन, तब यो प्रकृतिको कार्यरुप संसारमा ती नयाँ गुण कसरी उत्पन्न भए ? यसकारण भन्नुपर्छ ज्ञानरुप चैतन्य अनादि औ सर्वव्यापक छ । यस चैतन्यको आधारबाट नै प्रकृतिको रुपान्तर भइरहन्छ । पाश्चात्य दार्शनिकहरुले पनि यो सिद्धान्छ स्वीकारे । यदि यो सिद्धान्त विरोधीहरुलाई प्रतिकूल प्रतीत हुन्छ भने तिनीहरु कुनै यस्तो यन्त्र बनाएर देखाऊन् जुन अरु चैतन्यको सहायताबिना बुद्धिपूर्वक यथासमय आहारादि प्राप्त गरुन् र आफ्नो मालिकको कार्य पर्ि गरिरहून् । जसरी कमिला स्वेच्छाले अनुकूल दिशामा आहारा आदिका लागि घुम्दछ र पल्टनमा सिपाही अफिसरको आज्ञानुसार बुझेर नियमपूर्वक कवाज खेल्दछन्, उस्तै प्रकार बुद्धिपूर्वक काम गर्ने जड यन्त्र तयार गरेर देखाऊन् । यदि यस्तो अभिमानी चैतन्य रहन्छ, त्यहाँ-त्यहाँ नै ज्ञानको प्रतीति हुँदो हो, त यो मान्नु नै पर्छ प्रकृतिबाट ज्ञान गुणको उत्पत्ति हुँदैन ।

चैतन्य सर्वव्यापक हुनाको कारण प्रकृतिको परमाणु-परमाणुमा ओतप्रोत हुन्छ । जड प्रकृति चैतन्यबाट अलग्ग भएर कुनै पनि काम गर्न सक्तैन । आजसम्म कुनै पदार्थ-विज्ञानवेत्तालाई प्रकृतिको एक पनि अणु यस्तो प्राप्त भएन, जुन चैतन्यशक्तिबाट अलग्ग छ । वनस्पतिका बीजहरुमा प्रकृतिको परमाणुको साथै चैतन्यशक्ति रहन्छ । यसैले बीच पृथ्वीमा रोप्नाले पञ्चभूतको कार्यरुप माटोको बीचमा वर्तमान चैतन्यशक्तिअनुसार, भिन्न गुणहरुमा रुपान्तर हुन्छ । यदि बीचमा चैतन्यशक्ति नहुँदो होत एक नै प्रकारको माटोको भिन्न-भिन्न रुपान्तर कसरी हुन्छ ? यसरी नै प्राणीमात्रको बुद्धिको विकास न्यूनाधिक परिमाणमा भएको देखिन्छ । कुनै मनुष्यको शरीरमा प्रकृतिको ज्ञानवर्द्धक परमाणु बाहिरबाट घुम्दैन, तथा उस्तै मानसिक श्रम र उस्तै आहार खानाले पनि बुद्धिको विकासमा भिन्नता हुन्छ । यसको कारण के हो ? नास्तिकको मनमा यसको कुनै सन्तोषप्रद

समाधान मिल्दैन । आस्तिकको मतअनुसार पुनर्जन्म र अनेक कर्मको संस्कारसहित अभिमानी चैतन्य जीवात्मा प्रत्येक शरीरमा रहन्छ । यसकारण उसको संस्कारअनुसार भिन्न-भिन्न परिमाणमा बुद्धिको विकास हुन्छ । औ बुद्धि-विकास अनुसार सर्वव्यापक चैतन्यरुप ज्ञानको प्रकाशको लाभ न्यूनाधिक परिमाणमा जीवात्मालाई मिल्दछ ।

बुद्धिवृत्तिको आविर्भाव र तिरोभावको साथ ज्ञानको उत्पत्ति ओ नाश भएको प्रतीत हुन्छ, परन्तु यो सोपाधिक भ्रम हो । जसरी जवाकुसुम फूलमाथि स्फटिक राख्नाले फूलको रातोले गर्दा स्फटिक पनि रातो देखिन्छ र मृगजलको ठाउँमा सूर्यको तापको कारण भ्रम हुनाले बालुवामा पानीले भरिएको तलाउ प्रतीत हुन्छ, त्यसरी नै बुद्धिवृत्तिको उत्पत्ति र लयको साथ ज्ञानको उत्पत्ति र नाश भान हुन्छ । वास्तवमा अनादि स्वतःसिद्ध स्वप्रकाश छ । यदि ज्ञान यस्तो नहोस् त अरु विषयहरुको कदापि सिद्धि हुन सक्तैनथ्यो । ज्ञान घटादि पदार्थहरु झैं जड, अप्रकाशरुप छैन । ज्ञानलाई अप्रकाश जडरुप मानेमा त उसलाई अरुको अधीन र विषय रुपमा भासित हुनुपर्दथ्यो, परन्तु विषयहरुबाट ज्ञानको प्रतीति कदापि हुँदैन । ज्ञान विषयी (विषयलाई जान्ने)-को रुपबाट नै सर्वदा भासित हुन्छ । अतः विषयबाट वैलक्षण्य हुनाको कारण ज्ञान स्वप्रकाश रुप हो । ज्ञानको प्रागभाव (प्राक्-कालीन अभाव) र ध्वंसभावको सिद्धि स्वतः या अरुद्वारा नहुनाले त्यो ज्ञान अनादि अनन्त छ । जसरी घटादि पदार्थको उत्पत्ति र नाश ज्ञानद्वारा जानिन्छ, उस्तै ज्ञानको उत्पत्ति र नाश त्यस ज्ञानबाट अथवा अरु कुनै तरहले अनुभवमा आउँदैन । औ संसारमा उत्पत्ति-विनाशशील पदार्थहरुको उत्पत्ति विनाशशीलता जान्नका लागि अविनाशी, अपरिणमी साक्षिस्वरुप ज्ञानको अस्तित्वको आवश्यकता हुन्छ । यदि सबै विकारदेखि रहित त्रिविध (देश, काल र वस्तु) परिच्छेदशून्य तथा त्रिकालिक विकार-समूहको साक्षिरुप नै चैतन्य-स्वप्रकाश ज्ञानस्वरुप नहुँदो हो त यस सृष्टिमा काल र तत्कृत विकारादिको ज्ञानको प्रतीति ने हुने थिएन ।

कदाचित् कुनै ज्ञानलाई अनित्य माने त यस दशामा पनि सर्वज्ञानको अवधिभूत एक नित्यज्ञानको आवश्यकता रहि नै रहन्छ । कारण, बुद्धिवृत्तिको उत्पत्ति र विनाशको साथ उत्पत्ति-विनाशशील अनित्य ज्ञान परस्पर व्यभिचारी अननुगत हुन्छ । त्यो ज्ञान जुन आश्रयमा उत्पन्न हुन्छ, उसको स्वरुपभूत हुनाको कारण या उसको साथ तादाम्य-प्राप्तिको कारण मूल आश्रय पनि विकारलाई प्राप्त हुन्छ । अतएव ज्ञानको उत्पत्ति, स्थिति औ नाश, यसको प्रतीति त्यो विकारावस्थाले या अवस्थावान्ले (बुद्धि या प्राणतत्व माने त उसले पनि) गर्न सक्तैन, किनकि यो नियम छ- विषय र विषयी (विषयलाई जान्ने) सर्वदा भिन्न रहन्छ । अतएव अवस्थारहित परन्तु अवस्थामा आध्यासिक तादाम्य सम्बन्धले अनुगत अविनाशी सर्वव्यापक ज्ञानरुप एक चैतन्यको आवश्यकता रहन्छ । यस चैतन्यले नै संसारका सब विषयहरुको सिद्धि हुन्छ, यही हाम्रो ' ईश्वर' हो ।

यस प्रकार सर्वत्र सर्वव्यापक चैतन्य र सबै चर-अचर प्राणीहरुमा आत्मचैतन्यको शक्ति स्पष्ट प्रतीत भइरहेछ । तैपनि बहिर्मुख काम-भोग-परायण पुरुषहरुका लागि चैतन्यको प्रकाश कतै पनि देखिंदैन र तिनीहरु ठीक उस्तै प्रकार ईश्वर र धर्मसम्बन्धी कुराहरुलाई गफ भनेर उडाइदिन चाहन्छन् । जसरी अबोध बालक पुस्तकहरुका अक्षरहरुमा ज्ञान भण्डार, दूधमा घिउ, दाउरामा आगो, पानीमा बिजुली, सलाईमा आगो आदि कुरालाई कपोकल्पित र गफ सम्झन्छन् ।

यो सृष्टिमा प्रतीत हुने आनन्द अनादिसिद्ध चैतन्य रुप हो । यदि सर्वव्यापक चैतन्य आनन्द रुप नभए आत्म-चैतन्य पनि आनन्दरहित नै हुनुपर्दछ । र, यदि आत्मचैतन्य आनन्दरहित छ भने यस संसारमा अनुकूल विषयको सम्बन्धले जुन स्वरुपानन्दको भान हुन्छ, त्यो हुनु हुँदैन । अब कुनै इच्छित विषयको प्राप्ति हुन्छ, बहिर्मुख वृत्ति क्षणभरका लागि अन्तःकरणदेशमा अन्तुर्मुख आत्माकार बनेर आनन्दको ग्रहण गर्छ । जबसम्म वृत्ति बहिमुर्ख रहन्छ, तबसम्म मनमा चञ्चलता रहने हुनाले स्वरुपानन्दको भान हुँदैन । केवल अन्तर्मुखी वृत्ति बनेमा नै आनन्दको अनुभव हुन्छ परन्तु स्वरुपानन्दको ग्रहण र विषयको ज्ञान दुबै अत्यन्त अव्यवहित हुनाको कारण अविवेकीलाई भ्रान्ति हुन्छ औ ऊ सम्झन्छ मलाई विषयबाट नै आनन्द प्राप्त भएको हो । यदि विषयबाट नै आनन्दको उत्पत्ति हुँदो हो त कुनै एक नै विषयले जुन एक व्यक्तिलाई आनन्द मिल्छ र उसैबाट दास्रोलाई दुःख हुन्छ, यस्तो हुँदैनथ्यो । जस्तै रक्सीबाजलाई त रक्सी पाउनाले आनन्द हुन्छ, परन्तु रक्सीलाई हानिकारक र अपवित्र मान्नेलाई रक्सीको स्पर्श मात्रले नै अत्यन्त दुःख हुन्छ । औ, एक विषय एक समय

जति आनन्दप्रद प्रतीत हुन्छ, त्यो विषय अर्को समय उति प्रिय हुँदैन । जस्तै यदि कुनै मानिसको आज्ञाकारी युवक छोरो धन, विद्या र कीर्ति प्राप्त गरेर धेरै समयपछि विदेशबाट आएर भेट्दा उसलाई जति आनन्द हुन्छ त्यति आनन्द उसलाई दोस्रो दिन त्यही छोरालाई भेट्दा हुँदैन । यस्तै नै एकै विषय एक समय आनन्ददायक प्रतीन हुन्छ, अर्को समय त्यही दुःखदायी अनुभव हुन्छ, जस्तै जाडोमा नुहाउन तातोपानी पाउँदा आनन्द हुन्छ, परन्तु त्यस्तै तातोपानी यदि जेठ असारको गर्मीमा नुहाउनका लागि प्राप्त भएछ भने दुःख अनुभव हुन्छ । यी सबै दुष्टान्तहरुबाट यो स्पष्ट सिद्ध हुन्छ- विषयहरुमा आनन्द छैन । विषयहरुबाट यदि आनन्दको उत्पत्ति हुँदो हो त त्यसबाट सबैलाई सबै समय समान आनन्द मिल्दथ्यो, परन्तु यस्तो अनुभव हुँदैन । मनमा जुन विषयको इच्छा हुन्छ, उसै विषयको प्राप्ति हुनाले आनन्द मिल्दछ, परन्तु जब त्यस विषयको प्रतिकूल विषयको प्राप्ति हुन्छ, तब मनमा दुःख हुन्छ । यसले निश्यच हुन्छ मनको वृत्ति अन्तर्मुखी हुनाले नै आनन्द मिल्दछ । अन्तर्मुखी वृत्ति नभई आनन्द प्राप्ति हुँदैन र वृत्ति तृप्त हुनाले जुन समयसम्म अन्तर्मुखी हुन्छ, त्यही नै समयसम्म आनन्दको भान हुन्छ । थोरै समयसम्म वृत्ति अन्तर्मुख रहे थोरै समयसम्म आनन्द रहन्छ र धेरै समय वृत्ति अन्तर्मुखी रहे धेरै समयसम्म आनन्दको अनुभव हुन्छ ।

आत्मासँग सम्बन्ध राख्ने खालका पदार्थहरुमा प्रीति हुन्छ र त्यसमा पनि जो जति बढी सम्पर्कमा हुन्छ उसमा उति नै बढी प्रेम हुन्छ । तात्पर्य-टाढाका पदार्थको अपेक्षा नगीचैका पदार्थमा बढी प्रेम हुन्छ । जस्तै– छोराको साथीको अपेक्षा छोरामा, छोराको अपेक्षा आफ्नो स्थूल शरीरमा, स्थूल शरीरको अपेक्षा सूक्ष्म शरीर रुप प्राणत्व जीवनमा अधिक प्रेम हुन्छ । यदि कुनै मानिसको गोडाको औंलामा सर्पले टोकेको छ र डाक्टरले यति औंला काट, अन्यथा प्राण जाने डर छ भने त्यो मानिस सूक्ष्म शरीरमा अधिक प्रेम हुनाले आफ्नो त्यति स्थूल शरीर तुरुन्त कटाउँछ । सूक्ष्म शरीरको आत्मासँग साक्षात् सम्बन्ध हुनाले सूक्ष्म शरीरमा स्थूल शरीरको अपेक्षा अधिक प्रीति हुन्छ, यस्तै नै मान्नुपर्छ । वास्तवमा यो प्रीति आनन्द र दुःखको अभावमा हुन्छ, र यो आनन्द र दुःखको नाशका लागि नै सांसारिक पदार्थहरुमा प्रीति प्रतीत हुन्छ । अतः सबैको प्रीतिको मुख्य विषय आनन्द रुप चैतन्य नै हो ।

पशुहरुको स्वाभाविक वृत्तिको निरीक्षण गर्नाले थाहा हुन्छ तिनीहरु पनि आफ्ना बच्चामा शुरुमा अति प्रेम गर्दछन् । जब जब बच्चा ठूलो हुँदै जान्छ अनि आमाको प्रेम पनि कम हुँदै जान्छ । जब बच्चाले दूध पिउन बन्द गर्छ प्रीति सिद्धिन्छ, खालि सामान्य सद्भाव रहन्छ । आरम्भमा अत्यन्त प्रेम गरेर बच्चालाई स्याहार्ने मनोवृत्ति उत्पन्न भयो किन ? एकैछिनका लागि यस्तो ठान- मनुष्य त यो प्रलोभनको कारण सन्तानलाई प्रेमले स्याहार्छ कि भविष्यमा बालक ठूलो भएर आफ्ना आमाबाबुको सेवा गर्लान् । परन्तु पशुहरुलाई न त भविष्यको सेवाको लोभ छ न वर्तमान समयमा बच्चाहरुलाई रक्षा गर्नाले उनीहरुलाई कुनै लाभ नै हुन्छ । यस्तो पनि होइन पहिलो सन्ततिमा प्रेम होस् र पछि हुने सन्ततिमा प्रेम नहोस् । जति नै चोटि सन्तान भए पनि बराबर पशुको प्रेमविषयक वृत्ति एकनास नै देखिन्छ र हरेक चोटि ऊ उस्तै प्रकारले एक निश्चित समयसम्म प्रेम गरेर फेरि प्रेम छाड्दछ यो प्रेमवृत्तिलाई प्रकृतिको स्वाभाविक परिणाम भनिन्छ या प्रेमलाई हरिरुप भन्ने ? यदि प्रकृतिको परिणाम भनूँ त फेरि प्रसवको समय के विकृति भयो जसले प्रेमको इच्छा उत्पन्न भयो र फेरि यसको विरुद्ध कुनचाहिं क्रिया भयो तथा किन भयो जसले प्रेम विसर्जित भयो ? प्रेम गर्ने र छाड्नेमा मनोवृत्तिको ज्ञानपूर्वक नै विकृति हुन्छ । त्यस ज्ञानको उत्पत्ति र नाश कदापि हुँदैन । आनन्द र ज्ञान चैतन्यरुप हुनाले अनादि हो । केवल वृत्तिको उत्पत्ति र लयले अविवेकीलाई भ्रान्ति भइरहन्छ । ज्ञान र आनन्द कदापि प्रकृतिको स्वभावले उत्पन्न हुन सक्तैन ।

कुनै-कुनै मान्छे यो शङ्का उठाउँदछन्- घटको कता कुमाले हो र कुमाले आफ्नो आमा-बाबुबाट जन्मेको हो । यस्तै जब जगत्का कर्ता ईश्वर हुन् त यस्ता ईश्वर कोबाट उत्पन्न भए ? उनको कर्ता कसलाई मान्ने ? यस शङ्काको समाधान यो हो- ईश्वर अनादिसिद्ध हुन् । जुन वस्तु अनादि हुन्छ, त्यो कार्य भनिंदैन । जुन कार्य हुन्छ, त्यसको उत्पत्ति हुन्छ र जसको उत्पत्ति हुन्छ, त्यसका लागि कर्ताको आवश्यकता रहन्छ । जुन किन्तु कार्य होइन, त्यसलाई उत्पन्न हुने भन्ने सकिन्न । अतः उनको कुनै कर्ता पनि हुन सक्तैन । यो प्रतीत हुने संसार कार्यरुप हो, यसकारण यो मान्नु नै पर्छ कुनै अज्ञात कालमा उत्पन्न भएको हो र यो संसार उत्पन्न भएको हो । यसैले उसदेखि बेग्लै उसको कुनै कर्ता पनि हुन्छ नै । जसरी यो कार्य हुनाले उत्पन्न भएको हो ।

अतः त्यसको उपादान कारण माटो तथा निमित्त कारण कर्ता कुमाले हो, त्यस्तै नै यो संसार पनि कार्यरुप हुनाले यसको उपादान कारण प्रकृति र निमित्त कारण ईश्वर हो, परन्तु जसरी संसाररुप कार्यको उपादान कारण प्रकृति अनादि हुनाले उत्पन्न हुनेवाला छैन र यसैले उसको कुनै उपादान या निमित्त कारण पनि हुन सक्दैन । त्यस्तै नै ईश्वर पनि अनादि स्वंयसिद्ध हुनाले उसको पनि कुनै उपादान या निमित्त कारण छैन ।

ईश्वर सर्वव्यापक छन्, एक देशमा स्थित छैनन् । जुन वस्तु एक देशमा हुन्छ, अरु देशमा हुँदैन, त्यसको उत्पत्ति र नाश हुन्छ । जसको देशबाट अन्त हुन्छ उसको कालबाट पनि अन्त हुन्छ । ईश्वर एक देशमा स्थित (परिच्छिन्न) छैनन्, परन्तु विभु-सर्वव्यापक छन् । सर्वव्यापकको कर्ता कोही हुन सक्तैन । त्यसरी नै जुन वस्तु अनित्य हुन्छ, त्यही कर्ताबाट जन्य हुन्छ, परन्तु ईश्वर अनित्य छैनन्, ईश्वर अपरिणामी, अनादि, अनन्त छन् । यी कारणले ईश्वरको कोही कर्ता हुन सक्तैन ।

कहिलेकाहीं ईश्वरको कुनै कर्ता मानौं त उसको यो दोष देखिन्छ, कुनै आफैंलाई आफ्नो कर्ता बनाउन सकिन्न । एक ईश्वरको कर्ता अर्को ईश्वरलाई मान्नुपर्छ । फेरि दोस्रोको कर्ता तेस्रोलाई ईश्वर मान्नुपर्छ । फेरि तेस्रोको चौथो, चौथोको पाँचौं र यसप्रकार अनन्त कर्ताहरुलाई मान्नुपर्छ । धाराको कतै विराम हुँदैन तथा यसरी अनवस्थादोषको प्राप्ति हुन्छ । वास्तवमा यस संसारमा जुन अविचल नियम देखिन्छ, उसको रक्षक सर्वज्ञ ईश्वर हुन् । परिणामी प्रकृतिमा रुपान्तर हुनका लागि यही अपरिणामी ईश्वर आधारस्वरुप हुन् यसैले ईश्वर अनादि सिद्ध हुनाले कर्ताबाट जन्य होइन ।

आस्तिकवादी यस संसारलाई अनादि मान्दछन् । अनादिको अर्थ आदि अर्थात् उत्पत्तिराहत हो । कसको उत्पत्ति छैन– यस पृथ्वीको अथवा पृथ्वीबासी मनुष्यादि प्राणीहरुको ! यस पृथ्वीको उत्पत्तिको निश्चित समय थाहा नपाउनाले पनि यो मान्नु नै पर्छ– यसको उत्पत्ति कुनै अज्ञात भूतकालमा भएको थियो । कारण– कुनै पनि कार्यलाई हामी अनादि भन्न सक्तैनौं र पृथ्वी पनि एक कार्य नै हो । वनस्पति, पशु, पक्षी र मनुष्यादि सबै प्राणीहरुको उत्पत्ति र नाशको अनुभव त हामीलाई बारम्बार भइरहेछ त फेरि संसार अनादि हो, यसको के मतलब ? जीवात्मा, जुन परब्रह्मको अंश हो अनादि हो औ कार्यरुप विनाशी पृथ्वी, सूर्यादि मण्डल र प्राणीमात्रको शरीरको उपादान-कारणरुप प्रकृति पनि अनादि हो, परन्तु दुवैमा अन्तर यो छ– जीवात्मा अपरिणमी नित्य हो र प्रकृति परिमाणी नित्य हो । परिमाणी तत्वलाई अपरिणामा तत्वको आधार हुनुपर्छ । नित्य, अविचल, अपरिणामी आधारविना परिणामी प्रकृतिको नित्यता सिद्ध हुन सक्तैन । प्रकृतिको जुन परमाणु समुदायसँग यो ब्रह्माण्ड (सूर्यादि-मण्डल, पृथ्वी र प्राणीमात्र) को उत्पत्ति भएको छ त्यसै परमाणु-समुदायबाट यस ब्रह्माण्डको उत्पत्ति हुनुभन्दा अगावै धेरैचोटि ब्रह्माण्डको उत्पत्ति र नाश भइसकेको छ । प्रकृतिमा कुनै पनि सृष्टि पहिलोचोटि भएको होइन । यस्तो कार्यरुप जगत् अनन्तचोटि उत्पन्न भएर र नष्ट भएर पनि चैतन्य (ईश्वर र आत्मा) तथा कारणरुप मूल प्रकृति अनादि हुनाले कारण सृष्टिलाई अनादिमानिएको हो । कार्यरुपमा सृष्टिलाई अनादि मानिएको छैन । प्रवाहरुपले सृष्टिलाई अनादि भन्न सकिंन्छ, किन्तु केवल उत्पत्तिको अभाव भनेर वर्तमान सृष्टिलाई कुनै पनि विद्वानले अनादि मानेका छैनन् । सृष्टिको जब-जब आरम्भ हुन्छ, तब-तब नयाँ-नयाँ जीवात्माहरुको उत्पत्ति हुँदैन । परन्तु पूर्वसृष्टिअनुसार प्रकृतिको आश्रय गरेर सुप्तावस्थामा परेका जीवात्माहरुबाट जस-जसको विश्रान्तिको समय पूर्ण हुन्छ र जन्म लिने समय प्राप्त हुन्छ उनीहरुको उत्पत्ति फेरि-फेरि भइरहन्छ । वास्तविक दृष्टिले यो उत्पत्ति होइन खालि पुनरागमन मात्र हो, र जीवहरुको पूर्वजन्ममा आर्जेको (कमाएको) संस्कारअनुसार उनीहरुलाई मनुष्य योनि या इतर योनि, सुख दुःख र ज्ञानको न्यूनाधिकता प्रापत भइरहन्छ ।

प्राणी मात्र कर्म गर्न स्वतन्त्र छ, परन्तु फल भोग्न परतन्त्र छ । गरेको कर्महरुको फल नभोगी नष्ट हुन सक्तैन, यसकारण कर्महरुको अनुसार न्यूनाधिक सुख-दुःख प्राप्त हुन्छ । सुख-दुःख भाग्दो-भोग्दा सबैलाई दुःखबाट छुट्ने इच्छा पनि हुन्छ, परन्तु दुःख कसरी छुट्छ, यो जोसुकै जान्न सक्तैन । केवल सदाचारी र पुण्यात्मा व्यक्तिहरुलाई नै ईश्वरको शरणमा जाने इच्छा हुन्छ, जसले गर्दा तिनीहरु सर्वदा ध्यानादि क्रिया गरेर ईश्वरीय नियमअनुसार सत्यका लागि अग्रसर भइरहन्छन्, अन्तमा सांसारिक दुःखहरुबाट छुट्तछन् । जसरी सेवन गर्नेहरुको जाडो हटाउनु र भोजन पकाउनु एवं सेवन नगर्नेहरुको जाडो नहटाउनु र भोजन

नपकाउनुका लागि अग्निलाई अन्यायी वा पक्षपाती भन्न सकिंदैन, त्यसरी नै ध्यानादिद्वारा सत्यको विशेष साक्षात् हुनाले तथा दुःखबाट मुक्ति मिल्नाले गर्दा परमात्मालाई खुशामद मन पराउने भन्न सकिन्न । जब कुनै अधिकारी मान्छे ज्ञानपूर्वक ध्यानादि क्रिया गरेर सत्यको अधिक नगीचै पुग्दछ, तब उसको हृदयबाट राग, द्वेष, भय, क्रोध, ईर्ष्या, असत्य, अनीति, दुराचार र हिंसादि वृत्तिहरु नष्ट हुन्छन् र दया, उदारता, क्षमा, प्रेम, भक्ति, धैर्य, शान्ति, सत्यपरायणता इत्यादि धार्मिक वृत्तिहरु बढ्दछन् । यसरी विस्तारै-विस्तारै दुष्ट वासनाहरुको नाश हुन्छ, मन विषय सेवनबाट उपराम हुन्छ, र सत्य अनुभवजन्य ज्ञान बढ्दछ । संसारमा यस्ता अनेक व्यक्ति देखिन्छन्, किन्तु कुवृत्तिहरुको नाश, सद्वृत्तिहरुको विकास, विषयासक्तिबाट उपरामतार र ज्ञानको वृद्धि– यी सबै एकै जन्ममा मातृ-पितृप्रदत्त संस्कारअनुसार नै हुँदैन। यदि मातापिताको गुण अथवाउपदेश नै पूर्णतः सन्तानमा आउँछ, अथवा प्रकृतिको स्वभावले सहज नै हृदयको विकास हुन्छ त कालिदास, शेक्सपियर, छत्रपति शिवाजी, अकबर, औरंगजेब, नेपोलियन बोनापर्ट, महात्मा गान्धी, रबीन्द्रनाथ ठाकुर इत्यादि व्यक्तिहरुका सन्तानहरुमा पनि उनीहरुको गुण देखिनुपर्दथ्यो, अथवा अन्य समयमा पनि यस्ता व्यक्तिहरु संसारमा देखिनुपर्थ्यो, तर यस्तो हुँदैन । किन ? आजसम्म कालिदाससमान अर्को कुनै कवि भएन किन ? तिलक र गान्धीजीका सबै छोराहरुमा उनीहरुकै जसतो गुण सर्वाशमा किन आएन ? छत्रपति शिवाजीको समान बल-पुरुषार्थ र चतुर याइँ उनका पुत्रमा किन आएन ? यसका कारण खालि यही यो भनिन्छ यो अन्तर उनीहरुको पूर्वजन्मको संस्कारले गर्दा नै देखिन्छ । यी पूर्वजन्मका दुष्ट संस्कारहरुको क्रमशः नाश र शुभ संस्कारहरुको वृद्धि ईश्वरका कृपा र भक्तिबिना हुँदैन । जसलाई हामी महान् दुराचारी सम्झन्छौं ऊ पनि कुनै न कुनै दिन साधुवृत्तिवाला हुन्छ । ऊ यस जन्ममा अथवा अर्को जन्ममा विषयहरुबाट उपराम भएर ईश्वरको मार्गमा लाग्दछ र उसलाई भगवान् अगाडि बढ्ने सामर्थ्य दिन्छन्– यसमा सन्देह छैन । यी सब कुराबाट भगवान्को लीला सजिलैसँग नै बुझ्न सकिन्छ ।

प्रकृति परिणामी हो, उसमा सधैं रुपान्तर भइरहन्छ, परन्तु यस संसारमा कार्यमा पनि पुनः कारणभावको प्राप्ति देखिन्छ । यस्तो परिवर्तनका लागि अपरिणामी नित्य आधारको आवश्यकता हुन्छ । आधारविना स्वयं प्रकृतिको परिमाण या परिर्वतन हुन सक्दैन । जस्तै- एउटा बीउ पृथ्वीमा रोपियो तब बीउभित्र निगूढ अवस्थामा वर्तमान चेतनाशक्तिले पञ्चभूतको कार्यरुप माटोद्वारा रुपान्तर गरी पोषक रसबाट आकर्षित गरेर वृक्षरुप शरीरको रचना गर्‍यो । अनन्तर वृक्षको फललाई मान्छेले खाए, जसबाट अन्तर-शक्तिले शूक्ष्म भाग लिएरु उसको उपयोग शरीरवृद्धिमा गर्‍यो र स्थूल भागलाई मल-मूत्रको रुपमा बाहिर निकालेर फ्याँक्यो । यो मलमूत्र आदि दूषित पदार्थलाई वायु, वर्षा र घाम आदिले व्यापक चैतन्यशक्तिको बलले फेरि पञ्चभूतको रुप दियो । यो परिवर्तन रुप क्रिया चैतन्यको आधारमा भयो । अपरिणामी आधारबिना यो रुपान्तर हुन सक्तैन । पाश्चात्य तत्ववेत्ताहरुले पहिले सृष्टिको मूल उपादान कारण सत्तरी-बहत्तर एलिमेण्ट (तत्व, पदार्थ) लाई मानेका थिए, परन्तु अब तिनीहरु पनि एकै तत्वलाई मान्दछन् । त्यस तत्वको नाम उनीहरुले ' प्रोटाइल' राखेका छन्, हाम्रा प्राचीन शास्त्रकार संसारको मूलकारण प्रकृतिलाई मान्दछन् । यो प्रकृति ' प्रोटाइल' को पनि । कारण हो यो प्रकृति र ' प्रोटाइल' एक नै चीज हो, खालि नाममात्रको भेद छ । यसको निश्चय भविष्यमा निर्भर छ । अहिले हामी प्रकृति र प्रोटाइललाई एक नै चीज मान्न सक्तछौं । पाश्चात्य विद्वानहरुको मत छ– वर्तमान सबै ब्रह्माण्डको नाश कुनै न कुनै समय भविष्यमा हुन्छ र ती प्रोटाइल अवस्थालाई प्राप्त गर्दछन् । यसकारण भावको प्राप्तिका लागि उनीहरुले स्थिर आधार रुप चेतनालाई पनि स्वीकारे । चेतनाको आधारविना मूल कारणभावको प्राप्ति हुन सक्तैन र फेरि प्रकृति रुप कारणमा क्रिया भएर नियमपूर्वक सृष्टि रचना पनि हुन सक्तैन ।

सृष्टिकार्य नास्तिकहरुको दृष्टिले प्रकृतिको स्वाभाविक परिणाम हो र आस्तिक यसलाई ईश्वररचित भन्दछन् । वास्तवमा सृष्टि प्रकृतिको नै रचना हो, परन्तु चेतनको आधारमा बनेको छ । जसरी जीवित मनुष्यको मनमा इच्छा हुनाले उसको हात-गोडामा नियमित क्रिया हुन्छ, तर मृत शरीरमा न इच्छा नै हुन्छ न कुनै नियमित क्रिया । त्यस्तै चैतन्यको सम्बन्धको कारणले इच्छा उत्पन्न भएर पछि सृष्टिको रचना हुन्छ । सृष्टिमा सबै क्रियाहरु नियमित देखिन्छन्, यसैले हामी यसलाई प्रकृतिको मनगढन्ते परिणाम भन्न सक्तैनौं । ईश्वरमा विश्वास नगर्ने विषयमा डार्विन र हक्स्ले आदिको जडाद्वैतअनुसार विकासवादलाई मान्दछन् । तिनीहरु यस कुरामा विश्वास राख्दछन्– पहिले साना-साना जन्छु उत्पन्न भए, अनन्तर विकास हुँदा-हुँदा बाँदर र

बाँदरहरुबाट मान्छे बने, तर यसमा शङ्का यो हुन्छ– यहाँ इतिहासकालको प्रायः तीन-चार हजार वर्षहरुमा ती बाँदरहरुबाट कुनै मानिस बनेका छन् या छैनन् ? अरु कुनै प्रकारका पशुहरुबाट कुनै दोस्रो जातिको पशु बनेको छ या छैन : यदि यतिका दिनको इतिहासमा यस्तो कुनै परिवर्तन भएको छैन त हामी यो कसरी मान्दछौं प्राचीन भूतकालमा मात्र यस्तो भएको थियो ? यदि कुनै समयमा यस्तो एकआध परिवर्तन भएको भए पनि यसै कारणले हामी त्यसलाई प्रकृतिको स्वाभाविक परिणाम भन्न सक्तैनौं । यदि प्रकृतिको यस्तै स्वभाव हुँदो हो त जाति-परिवर्तन निरन्तर भइरहनु पर्दथ्यो । अत-एव यदि कुन समयमा एक-आध परिवर्तन भएको भए पनि त तयसको कुनै अरु नै कारण भन्नुपर्छ ।

आमाबाबुको भन्दा बेग्लै विचार राख्ने बालक अनेक समयमा पैदा हुन्छन्, कहिले न्यून बुद्धिवाला त कहिले विरोधी अधिक बुद्धिवाला र कहिले विचारवाला पनि देखिन्छन् । कुनै समयमा कुनै एउटा स्थानमा एकाध व्यक्ति यस्ता अद्‌भुत बुद्धिवाला उत्पन्न हुन्छन्, जसको समान दोस्रो मान्छे सैकडौं वर्षसम्म देख्दैनन् । फेरि यी महापुरुषहरुका सन्तनि साधारण मानिस झैं नै हुन्छन् यसलाई के प्रकृतिको स्वभाव भन्ने ? प्रकृतिको स्वभावमा कुनै एक समय अचानक परिवर्तन हुनु, फेरि नियमानुसार बन्नु, यो कसरी हुन सक्तछ ? सत्य त यो छ कर्मफलअनुसार परमात्माले बनाएको नियमबाट जीवात्माहरुलाई शुभाशुभ योनि, ज्ञान, सुख, दुःख, अनुकूलता आदि प्राप्त हुन्छन् । भगवान् आपत्तिको समयमा संसारमा असाधारण व्यक्तिलाई पठाएर संसारको मर्यादाको रक्षा गर्दछन् तथा मनुष्य-समाजलाई उन्नत पार्दछन् ।

यसैले ईश्वरमा विश्वास नराख्ने नास्तिक साथी ! पाश्चात्य भौतिक-विद्याका ग्रन्थहरुलाई देखेर जसरी तिमीहरुको पहिलो विचारमा ज्यादा परिवर्तन भयो, उसरी नै फेरि जब सत्य तत्वको साक्षात्कार हुन्छ, अनि तिम्रो यो विचार पनि आफैं नै बदलिनेछ । जबतक सत्यको ग्रहण हुँदैन र विपरीत भावना रहिरहन्छ, तबतब तिमी नै आफूलाई हानि पु-याइरहन्छौं, जसरी सूर्यमा धूलो फयाँक्नेहरुका आँखाहरुलाई आफैले फयाँकेको धूलोले हानि गर्छ । यसैले आप्त वाक्यहरु र शास्त्रहरुमा विश्वास र श्रद्धा गर, भगवान् तिम्रो कल्याण गर्नुहुन्छ ।

यस संसारमा ईश्वरगामिनी वृत्ति स्वाभाविक हो, अनादि हो, यो मनुष्य-हृदयको विकार होइन । संसारको कुनै पनि देशलाई हेर, प्राचीनभन्दा प्राचीन भूतकालको निरीक्षण गर, सजिलैसित यो सत्य तिम्रा सम्झनामा आउँछ । ब्राह्मणहरुले आफनो स्वार्थकोका लागि ईश्वरको अस्तित्व मानेका हुन् भन्नु अविचारपूर्ण छ । हाम्रो देश बाहेक अरु देशहरुमा र यस्तो देशहरुमा पनि जसको सम्बन्ध भूतकालमा हाम्रो देश या अरु सभ्यदेशहरुसित थिएर, ईश्वर र धर्मका अस्तित्व त्यहाँ पनि पाइयो । त्यहाँ हामीले कसलाई दोषी ठान्ने ? १४९३ ई. मा जब कोलम्बसले अमेरिकाको पत्ता लगाए अनि त्यहाँ पनि ईश्वर र धर्म मौजूद थियो । अफ्रिकामा जब यूरोपियनहरु पालैपालो गए तब त्यहाँ पनि ईश्वर र धर्म थियो नै । अष्ट्रेलियामा जब अंग्रेज पुगे त्यस बेला उसको सम्बन्ध कुनै देशसँग थिएन, किन्तु त्यहाँ पनि ईश्वरको साम्राज्य थियो । वास्तवमा यदि हामी विचार गरौं त थाहा हुन्छ मनुष्यमा ईश्वरको कल्पना अज्ञानवश पछि घुसेको होइन, तर यो मनुष्यमात्रमा जन्मसिद्धि छ । अलि गम्भीरतासाथ विचार गर ।

कुनै मनुष्य यो पनि प्रश्न गर्न सक्तछ– जब ईश्वर सर्वेशक्तिमान् हुनुहुन्छ अनि संसारमा उहाँ अज्ञान र दुःखलाई छिटो किन हटाउनुहुन्न ? तर यस्तो प्रश्न पनि कुनै समझदार व्यक्तिले गर्न सक्तैन । एउटा उदाहरण लिएर यसमा पनि विचार गरौं । एउटा बैरिस्टर साहेबसँग उनको पाँच छ वर्षको छोराले भन्यो– बाबु ! मलाई पढ्नका लागि स्कूलमा पठाउनु किन ? दश-पन्ध्र वर्षसम्म स्कूल-कलेजमा जाने, पैसा खर्च गर्ने र पढ्ने लेख्ने गरी टाउको दुखाउने गर्नाले के लाभ ? तपाईं दुइ-चार दिन कोशिश गरेर मलाई बैरिस्टरी पढाइदिनुस्, अनि कमाउन थाल्दछु । यसमा बैरिस्टर साहेबले हाँसेर उत्तर दिए– बाबु ! तिमी अहिले बुझ्न सक्तैनौं, किनकि तिम्रो बुद्धिको अहिले विकास भएको छैन । यसकारण स्कूलमा गएर कसैले विद्याध्ययन गर्नु नै हितकर छ । बुद्धि परिपक्व नभई बैरिस्टरीको अध्यास हुन सक्तैन । विद्याले जुन संस्कारको संग्रह पन्ध्र वर्षमा हुन्छ, त्यो दुइ-चार दिनमा कहिल्यै पनि हुन सक्तैन । सृष्टिको नियमविरुद्ध केही पनि हुन सक्तैन । यस्तै ईश्वर अपरिपक्व मनोवृत्तिवाला अनधिकारी जीवहरुलाई असमयमा पारमार्थिक सत्य नियम नाघेर दिन सक्तैनन् । सर्वशक्तिमान्को अर्थ नियमविरुद्ध कार्य गर्ने होइन । यस्तो कल्पना गर्नु नै मूर्खता हो ।

यस्तै रीतिले अनुकूल युक्ति र तर्कद्वारा विचार गर्नाले ईश्वरको सिद्धि हुन्छ। ईश्वर ढोंग होइन, तर यस्तो विपरीत-दर्शन हुनु बुद्धिको नै दोष हो। हामीविरुद्ध भावना राख्ने मानिसहरुसँग अनुरोध गर्दछौं– उनीहरु आफ्नो बुद्धि शुद्ध गरुन्, जसले गर्दा उनीहरुलाई सत्यको प्राप्ति होस्। भगवान् उनीहरुको कल्याण गरुन्। अब स्वस्ति वः पराय तमसः परस्तात्।

मुल पाता